सूचना र मनोरञ्जनको सँगालो
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
# साप्ताहिक
saptahik.ekantipur.com
• वर्ष २५ • अंक १२
रु. १५/-



# राजनीतिमा सेलिब्रेटी ग्ल्यामर

किशोर नेपाल

तस्बिरहरू : महेश प्रधान/नवराज बाग्ले



जुम इन



# किटिनीमा करिश्मा

नेपाली चलचित्र वृत्तमा केही आइरहने विवादास्पद घटनाबाहेक स्वच्छ र ऊर्जाशील कामको कुरा गर्दा अभिनेत्री करिश्मा मानन्धर अहिले पनि अग्रपंक्तिमा आउँछिन्। उमेरले ४५ मा हिँडिरहेकी करिश्माले यही वर्ष एसईई परीक्षा बी प्लस ग्रेड ल्याएर उत्तीर्ण भएको कुरा त सबैलाई थाहै छ। १४ वर्षको उमेरमा चलचित्र 'सन्तान' बाट चलचित्र अभिनय यात्रा सुरु गरेपछि अध्ययन छोडेकी करिश्माले रोकिएको पढाइ झन्डै ३१ वर्षपछि पूरा गरिन्। त्रिवेणी पब्लिक स्कुल मैतीदेवीबाट बाँकी पढाइ सुरु गरेकी करिश्माले एसईई उत्तीर्ण गरेपछि उनलाई निजी कलेजहरूले छात्रवृत्ति सुविधासहित अध्ययनको व्यवस्था मिलाउने प्रस्तावहरू दिए। यद्यपि करिश्माले कलेजचाहिँ ललितपुरको टौखेलस्थित उनकै घर आसपासको सामुदायिक कलेज किटिनीलाई रोजिन्। सरकारी कलेजमा व्यवस्थापन पढ्ने इच्छा जाहेर गरेकी करिश्माको कलेजमा कक्षा ११ को कक्षा सुरु भैसकेको छ, तर करिश्मा भने त्यहाँ भर्ना लिएर केही दिनपछि मात्र कलेज जान थाल्नेछिन्। करिश्माले घरपायक कलेज छानेको देख्दा नजिकको तीर्थलाई किन हेला गर्नु भन्ने सिद्धान्त अपनाएकी हुन् कि भन्ने पनि लाग्छ।



# विपन्न वृद्धको सपना

मुगुका कार्मारोङ गाउँपालिका-९, पापुगाउँका ८५ वर्षीय वृद्ध जयखर ऐडी यतिबेला आफ्नो एकल प्रयासमा गाउँमा धर्मशाला बनाउने काममा जुटेका छन्। उनले सरकारले दिँदै आएको मासिक २ हजार रुपैयाँ वृद्धभत्ता जम्मा गरेर गाउँको सार्वजनिक जग्गामा धर्मशाला निर्माण गर्न लागेका हुन्। जयखरले अहिलेसम्म ५० हजार रुपैयाँ जम्मा गरिसकेको र यो काममा कसैको पनि सहयोग नलिने बताएका छन्।



# नौलो सहयोग

युवाहरूको समूह १०० ग्रुपले सिंहदरबारको पूर्वगेट नजिकै लगाउन मिल्ने पुराना कपडा तथा जुत्ता-चप्पलको स्टल राखेको छ। जम्मा गरिएका यस्ता कपडा अनाथ तथा गरिबहरूले निःशुल्क लान सक्छन्। यो अभियानलाई सफल बनाउन सहयोगीहरूले पुराना तर लगाउन मिल्ने खालका कपडा दिएर सहयोग गर्न सक्ने बताइएको छ।

जनसरोकार

# एक महिनामै उक्कियो

बाग्लुङको जैमिनी नगरपालिकाको कुस्मिसेरा - जुम्लीखोला सडकखण्ड कालोपत्र गरिएको एक महिनामै उक्किएको छ। नगरपालिकाको १ करोड रुपैयाँ तथा निर्वाचन क्षेत्र पूर्वाधार विकासको १ करोड गरी २ करोडको लागतमा कालोपत्र गरिएको उक्त सडक उक्किनुका कारण बजेट सक्न बर्सेनि गरिने असारे विकास तथा बढी मुनाफाका लागि गरिने गुणस्तरहीन काम नै भएको बताइन्छ।



# आयो अग्लो ताल

मनाङ जिल्लाको चामे गाउँपालिकामा नयाँ ताल फेला परेको छ। यो ताल संसारकै अग्लो स्थानमा रहेको ताल भएको अनुमान गरिन्छ। तिलिचो ताल समुद्री सतहबाट ४ हजार ९ सय १९ मिटर अग्लो स्थानमा छ भने केजिन सारा लेक नामाकरण गरिएको यो नयाँ ताल ५ हजार २ मिटर अग्लो स्थानमा भएको बताइएको छ।

# केशवको मटका बिरयानी

१८ वर्ष विदेश तथा स्वदेशका विभिन्न रेस्टुराँ तथा तारे होटलमा काम गरिसकेका सेफ केशव अर्यालले बिरयानीको वास्तविक स्वादलाई मट्कामा तयार गरेका हुन्। बिरयानीलाई माटोको भाँडोमै तन्दुर दम लगाएर पकाउदाँ त्यसको स्वाद बेग्लै हुने अर्यालको दाबी छ। यो बिरयानी ग्याँस चुलोमा अन्य भाडामा पकाइएको बिरयानीको तुलनामा एकदम फरक छ। टेबलमा पस्किएपछि यो बिरयानीको बास्नाले नै ग्राहकलाई तान्छ। सात वर्षदेखि बुटवलबासीको मन जित्दै आएको सिद्धार्थ कटेजले पारखीहरूलाई लक्षित गरी मट्का बिरयानी पस्कन थालेको हो।

स्वस्तिक श्रेष्ठ




## यहाँ यस्तै छ...

बितेका पाँच महिनामा विश्वका विभिन्न स्थानमा बेचिएका २ सय ३९ नेपालीको उद्धार गरिएको छ, जसमध्ये १ सय ७० जना पुरुष तथा ६९ जना महिला छन्। नेपालमा भ्रमण, जागिर, नक्कली विवाहदेखि विभिन्न ९ वटा बहानामा मानव बेचबिखन हुने गरेको बताइन्छ।



KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर को
करोडपति
सिजन-३
बन्ने होइन त फेरि करोडपति?
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्र बाट जित्नुहोस्
१० लाख मासिक पुरस्कार
१ करोड बम्पर पुरस्कार
१ लाख साप्ताहिक पुरस्कार
* शर्तहरु लागु हुनेछन् ।
पक्का पुरस्कार
•शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा •स्वास्थ्य बीमामा रु.७५० छुट
Shikhar Insurance
Happysurance
स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ
BALTRA
BALTRA एलइडी टिभी.
ASUS
ASUS ल्यापटप
स्मार्ट फोन
ब्लुटुथ स्पीकर
वायरलेस हेडफोन
10 35
स्मार्ट वाच
ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।
We Accept
fonepay payments फटाफट
KANTIPUR DAILY
THE KATHMANDU POST
1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.
eSewa
www.esewa.com.np
कान्तिपुर
THE KATHMANDU POST
टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

## कान्तिपुर गाथा

# रंगमण्डल-एक



किशोर नेपाल



यो हो काठमाडौं उपत्यका। अलिकति पछाडि फर्किऊँ २०३५ सालको दसैंतिर। त्यतिबेलासम्म यसैलाई भन्थे तीन सहर नेपाल। आकारका हिसाबले यो कति रोपनीको थियो होला ? यो एउटा ठूलो रंगमण्डल हो। ठूलो रंगमण्डल अर्थात् नीलो, हरियो, सेतो, पहेंलो, कालो, सुन्तला, खैरो, गोरो, बैजनी, धूपी र खरानी-रंगहरूको समूह। स्रष्टा त पक्कै छन्। यो सृष्टिमा पाइने सबै रंग एकाकार भएको मण्डल पनि छ, तर रंगहरूको रंग अभिशप्त हुन्छ। रंगहरूको रंग इन्द्रधनुषी पनि हुन्छ। रंगहरूको रंग केही पनि हुँदैन। रंग त एक प्रकारको दृष्टिभ्रम मात्र हो। रंगको कुनै रंग हुँदैन। यो रंगमण्डल विशाल छ, तर यसको विशालताका लागि आवश्यक पर्ने ठूलो आकारको छैन। ठूलोभन्दा पनि यो एउटा मात्रै रंगमण्डलको कुनै रंग छैन, जसले जस्तो सोच्छ काठमाडौं त्यही रंगमा उपस्थित हुन्छ। काठमाडौं रंगहीन रंग हो। सम्पूर्णमा एउटा रंगमण्डल।

कुनै समयमा यो खाल्डो एउटा ठूलो दह थियो रे। मञ्जुश्रीको खड्गले चोभार काटिएपछि यहाँ बस्ती बस्यो, सहर बन्यो। कुनै समय यो खाल्डो एउटा ठूलो पोखरी थियो। पोखरीको पानीले निकास पाएपछि सहर बस्यो। त्यसबेला यसका स्रष्टा र पहिलो निवासी मञ्जुश्री र नेमुनीले सोचेका थिएनन् होला कि यो एउटा रंगमण्डल हुनेछ। एउटै वृक्षले बृहत् पाटी बनाउने शंखधरले पनि सोचेको थिएन होला। तीन सहरमा विभक्त र विभाजित राज्यका भोक्ताहरू कसैले चिनेनन् यो काठमाडौंलाई। कसैले पनि त चिनेन।

नचिनेर के भो त ? यो रंगमण्डल त बन्यो।

इतिहासले धेरै युग बिताइसक्यो। मानदेव, शिवदेव, अंशु बर्मा, जयस्थिति मल्ल, जयप्रकाश मल्ल, रणजित मल्ल विस्तारै विस्थापित हुन, विस्मृत हुन, हराउन थालेका छन्। इतिहासका पुराना पात्रहरूको सट्टा वर्तमान स्वयं नै एउटा उपन्यास र इतिहास बनेर अघि सर्दैछ। भीममल्लको रगतको छिटा दन्त्यकथा मात्र हो। यस्तो रगतको छिटा हनुमान ढोकालगायत दरबारका गुम्बदहरूमा कतै पनि पाउन सकिँदैन। भीमसेन थापा सेरिएर मरेका काँचको टुक्रा, माजा लगाएको धागो अथवा भुत्ते खुकुरी : हतियार जे भए पनि, त्यो किंवदन्ती भैसकेको छ। श्रापका लागि वर्तमानले यति धेरै सतीहरू जन्माइसकेको छ कि वंशावलीमा उल्लेख भएका श्रापकथाहरू अब आफैं अभिश्रापित बन्दैछन्।

कोतपर्वजस्तो आगोको भुंग्रो पनि अब यो रंगमण्डलमा हुर्किइरहेका पछिल्लो पुस्ताका लागि एउटा रमाइलो कथामात्र हो। सम्पूर्ण आदर्शहरू, राम शाहका न्याय कल्पना, पृथ्वीनारायण शाहको एक्लो एकीकरण सबै मिथक हुन्। अविश्वसनीय मिथक। वर्तमान जब स्वयंमा एउटा ऐतिहासिक रंगमण्डलका रूपमा जगमगाउन थाल्छ, इतिहास मिथकभन्दा बढ्ता अरू केही हुनै सक्दैन।

यो केन्द्रीय बस बिसौनी सहिद ढोकाको नामले प्रसिद्ध थियो। अहिले पनि यो केन्द्रीय बस बिसौनी नै हो। यहाँबाट बस बिसौनी उठेर अलि पर सरेको धेरै भएको छैन। पश्चिम लागेपछि ठाडो धरहराले तीनतिर सहरको दिशानिर्देश गर्थ्यो। अहिले त्यो धरहरा छैन। एउटा बाटो अक्सर मुर्दा लैजाने र मलामी ओसार्ने काममा प्रयोग हुन्थ्यो। अहिले त्यहाँ बजार छ। अर्को मूलबाटो तीन-चारतिर छरिएर सहरतिर लाग्थ्यो। बाटोको दायाँ-बायाँ हजाम, होटल, तस्बिर र मासु पसलका लस्कर त अहिले पनि छन्। दुवैतिर गहिरिएको नालीले एउटा नयाँ सभ्यताको परिचय बोल्छन्। खसीको रूप धारण गरेको बाखोको बूढो हाडलाई अचानोमा राखेर ठूलो चुपीले टुक्र्याउँदा अक्सर अचानोबाट हाड उफ्रिनु कुनै नौलो कुरा होइन।

साँझ पर्न-पर्न लागेका बेला नजिकको ठूलो घरको ढोकाबाट एउटा मान्छे फुत्त बाहिर निक्लिन्छ। उसको कुनै आइडेन्टिटी छैन। यतिबेला उसलाई कसैले सम्झेको कल्पनासम्म पनि गर्न सकिँदैन। अहिले त्यस्तै नौ साढे नै बजेको होला साँझको। समयका लागि उसको हातमा कुनै घडी छैन ऊसँग। ऊ जुन सडकबाट हिँड्दैछ त्यसमा मर्करीको तीखो उज्यालो पोतिएको छ, सेतो उज्यालो। साँझ पर्ने बित्तिकै नियोन लाइट चम्कने पसलहरू एकएक गरेर बन्द हुँदैछन्। सडकका किनारामा उभिएका ट्याक्सी चल्तीमा छैनन्। अधिकांश समय मिटरमा 'फर हायर'को रातो संकेत बत्ती चम्काएर सडकमा उभिइरहेका हुन्छन्। भन्न सकिँदैन, कति बेला कुन दिशाबाट कसले बोलाउने हो। मान्छे हिँड्ने पेटी र सडकमा फोहोरका थुप्रा अस्तव्यस्त छन्।

दमकलदेखि ढोकासम्म नयाँ सडक जता हेर्‍यो त्यतै असरल्ल छ।

## पाठक मञ्च




हुन त फेसबुकले पनि युजरको प्राइवेशी कहाँ (फेस एप, युजरको प्राइवेसीमा खतरा) सुरक्षित राखेको छ र ? सबै सामाजिक सन्जालले युजरको डाटा उनीहरूकै सर्भरमा राखेका हुन्छन्। फेस एप र फेसबुक दुवै उस्तै हुन्।

**नारायण क्षेत्री**

साम्राज्ञीजस्ती कलाकारले यसरी सामाजिक सञ्जालमा (साम्राज्ञीको बिकिनी प्रेम) छताछुल्ल हुनु स्वभाविक होइन। बाहिरफेर जे-जस्तो गरे पनि उनले सामाजिक सञ्जालमा चाहिँ संयम अपनाउनु नै उपयुक्त हुन्छ।

**मदन नेपाली**



सधैंजसो मोडलहरूको मात्र ब्लोअप प्रकाशित गर्ने साप्ताहिकले यो अंकमा (ब्लो अप) गायिकालाई स्थान दिएकोमा खुसी लाग्यो। आगामी अंकहरूमा पनि यसरी नै समावेशितालाई मध्यनजर गर्नुहोला।

**मेलिना कट्टेल**




साप्ताहिकको गत अङ्कको पृष्ठ ३१ मा प्रकाशित 'बडीबिल्डिङमा तीन स्वर्ण' शीर्षकको समाचारमा पुरुष एथलेटिक्स स्वर्णका विजेता नरेश मालाकार हुनुपर्नेमा अन्यथा प्रकाशित भएकोमा ध्यानकर्षण गराउँछौं।

**रोहित मालाकार**

*गल्ती औंल्याइदिनुभएकोमा धन्यवाद।*

**प्रधान सम्पादक**

लिगेसी भनेकै यही त हो नि। आफ्ना अभिभावकको (स्टार किड्सको लर्को) पदचाप पछ्याउने काम बलिउडमा मात्र नभएर नेपालमा पनि छ। अनमोल, सलोन, जानवी, सुहाना यसैका उदाहरण हुन्।

**सुशील कार्की**




follow us on
twitter.com/saptahik

Like us on Facebook
facebook.com/kantipursaptahik

समय सन्दर्भ

# समाजका चित्रहरू



अधिकारी रवीन्द्र

> राजनीति भनेको राष्ट्रसुधारको मूल ट्याङ्की हो । जब ट्याङ्की नै फोहोर हुन्छ भने त्यसबाट आउने पानी प्रदूषित हुनु अस्वाभाविक होइन । त्यो पानी भनेको शिक्षा, स्वास्थ्य, सुरक्षा, कृषि, भौतिक योजना, विकास आदि सबै हुन् । तसर्थ सबैभन्दा पहिलो कुरा ट्याङ्की बनाउन गतिलो सामग्री चय गर्नुपर्‍यो । दूषित, नक्कली र जाली सामग्री प्रयोग गरेपछि ट्याङ्की गतिलो हुँदैन र त्यसबाट आउने पानीले रोग फैलाएरै छाड्छ ।

**चित्र १ :**

धनबहादुर ठेकेदार हुन् । ढुङ्गाखानी र क्रसर उद्योग छ उनको । राजनीतिमा खासै चासो नराख्ने धनबहादुरलाई स्थानीय चुनावका क्रममा प्रतिष्ठित पार्टीबाट वडाध्यक्ष उठिदिन अनुरोध आयो । उनले उम्मेदवारी दिए र अत्यधिक बहुमतले जिते जबकि उनका प्रतिद्वन्द्वी बीसौँ वर्ष समाज र राजनीति जानेका निम्न आयका व्यक्ति थिए । धनबहादुरले आफ्ना धेरैजसो मतदातालाई चिन्दैनन् र उनीहरूको वस्तुस्थितिका बारेमा खासै जानकार पनि छैनन् । धनबहादुरलाई थाहा छ अब विकास गर्नुपर्छ । त्यसैले उनले आफ्नो सम्पत्तिमा एउटा डोजर थपे । यता गाउँपालिकाबाट बजेट निकासा गर्ने उता गाउँका पाखाबारी आफ्नै डोजरले भासेर बाटो बनाउने । प्रक्रिया सबै मिलेको छ, बेरोजगार भान्जोको नाममा क्रसर र कम्पनी दर्ता छ । घुमाई-फिराई टेन्डर त्यसैलाई पर्छ । यसरी आफ्नो वडामा उनले विकासको खोलो नै बगाइदिएका छन् ।

**चित्र २ :**

शंकर एक प्रगतिशील वामपन्थी नेता हुन् । १० वर्षे जनयुद्धमा होमिएका शंकरले अध्ययन र व्यवसायिक सीप आदि केही पनि हासिल गर्ने मौका पाएनन् तर पार्टीका शीर्षस्थ नेताहरूसँग बाक्लै संगत गर्ने अवसर प्राप्त गरे । त्यो चिनजानले उनलाई संसदीय चुनावमा फाइदै भयो । उनले सजिलै टिकट पाए । पार्टी एकीकरणको लाभ उठाउँदै उनले प्रतिपक्षीलाई भारी अन्तरले जिते । एक-दुई पटकको प्रयास फेल खाए पनि उनी पूर्ण विश्वस्त छन् कि मन्त्रीमण्डलमा सानो हेरफेर हुनासाथ उनी मन्त्री बन्ने प्राथमिकतामा छन् । भरसक फुलमन्त्री, नभए राज्यमन्त्री त पक्का ।

**चित्र ३ :**

एउटा नगरपालिकामा दुई जुझारु उम्मेदवारबीच मेयर पदका लागि स्पर्धा हुने भयो । शिशिर र अमर दुवै शिक्षित छन् र पार्टी राजनीतिमा अब्बल पनि । शिशिरले ग्राभेल बाटोले छोएको चार रोपनी फाँट नै बेचेर चुनावमा खर्च गरे । अमरको जायजेथा पर्याप्त नभए पनि अमेरिका बस्ने उनका सहोदर भाइले अभियान नै चलाएर चाहिँदो पैसा पठाइदिए । नपुगे अझै पठाउने तर कुनै कैफियत नराख्न भाइले अमरलाई जानकारीसमेत गराए । शिशिरले आर्थिक चलखेलमा आफू कमजोर हुने देखेपछि बैठक गरेर सम्पूर्ण पार्टी सदस्यबाट कम्तीमा ५ सय र व्यापारीहरूबाट १० हजार सहयोगको उर्जी जारी गरे । दुवै पक्षका कार्यकर्ता झोलाभरि नोटका बिटा लोड गरेर गाउँ-सहर छिरे । बिहान घरदैलो अभियान हुन्थ्यो भने बेलुकी अवस्था हेरेर बैठक कोठा र भट्टिमा प्रलोभन, पैसा, रक्सी र सितनको बदलामा भोटको याचना गरिन्थ्यो । दुवै पक्षले धम्कीको साटो नम्र तालले पिठो मुछेजसरी मतदातालाई ललाइफकाइ भोट मागे । चुनावको तीन दिनअघिदेखि दुवै पक्षले मासु भात र रक्सीको निःशुल्क मेस नै सञ्चालन गरे । अन्ततः शिशिरले झिनो अन्तरले निर्वाचन जिते । डलरले काम गरेन, स्वदेशी पैसाले जित्यो । अब शिशिरको प्राथमिकता भनेको निश्चय नै गुमेको सम्पत्ति जोड्नु र ऋण लिएका व्यापारीहरूको रकम फिर्ता गर्नु हो । बहकाउमा ५० लाखको खेत सकेर बुढेसकालमा दुःख पाउने रहर छैन उनलाई । भित्री रूपमा वरु ५० होइन १ करोड पर्ने थप सम्पत्ति जोडेर मह काढ्नेले हात चाट्छ भन्ने उखानलाई चरितार्थ पार्नेछन् उनले । साथै आफूलाई गुन लगाउने शुभेच्छुकहरूलाई हरहालतमा गुन फर्काउने संकल्प पनि एकातर्फ छँदैछ । सुरुकै दिनमा नगरपालिकाका पुराना स्टाफहरूसँग छलफल गरेर मुख्य मुख्य शाखा, प्रशासन अधिकृत र लेखा अधिकृतसँग मिलेर उनी बढी प्रतिशत आफूलाई आउने डिलमा पुरानै च्यानलमा दुरुस्तै फिट हुन्छन् । ठेकेदार तथा बिचौलियाहरूसँग त उनको बेग्लै हिसाब छ । उनले घूस, भ्रष्टाचार र कमिसनतन्त्रको जालो तोड्नुको साटो आफैं त्यसको हिस्सेदार बनेर सशक्त र संगठित बनाउँदै लगे । विधिवत् हुने कामलाई पनि आज जनताले चुनावताका खाएको मासुभातको मूल्य मोटो रकम घुस दिएर तिर्नुपरिरहेको छ ।

माथिका तीनवटा दृष्टान्त काल्पनिक भए पनि नेपालको परिप्रेक्ष्यमा यथार्थ दृश्य पनि हो यो । अपवादलाई छोडेर राजनीतिको खम्बा मूलतः पैसा र पहुँचमै उठाइएको छ । राजनीति भनेको राष्ट्रसुधारको मूल ट्याङ्की हो । जब ट्याङ्की नै फोहोर हुन्छ भने त्यसबाट आउने पानी प्रदूषित हुनु अस्वाभाविक होइन । त्यो पानी भनेको शिक्षा, स्वास्थ्य, सुरक्षा, कृषि, भौतिक योजना, विकास आदि सबै हुन् । तसर्थ सबैभन्दा पहिलो कुरा ट्याङ्की बनाउन गतिलो सामग्री चय गर्नुपर्‍यो । दूषित, नक्कली र जाली सामग्री प्रयोग गरेपछि ट्याङ्की गतिलो हुँदैन र त्यसबाट आउने पानीले रोग फैलाएरै छाड्छ ।

ravinems@iom.edu.np
Twitter: @ravinems

## लोकनृत्यको उपाधि




तस्विर : राजाराम पौडेल

राष्ट्रिय खुला एकल लोकनृत्य प्रतियोगिता-२०७६ अन्तर्गत महिलातर्फ गण्डकी प्रदेशका बन्दना घर्तीमगर तथा पुरुषतर्फ कर्णाली प्रदेशका शेखर घर्ती मगरले उपाधि जितेका छन् । कल्याण शेरचन स्मृति प्रतिष्ठान तथा सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) द्वारा पोखरामा आयोजित प्रतियोगितामा प्रदेश नम्बर ५ की अंशु कुँवर तथा प्रदेश नम्बर १ का प्रितम सम्वाहाम्फे फस्ट रनर्सअप घोषित भए भने प्रदेश नम्बर ३ की रबिता मगर तथा प्रदेश नम्बर ५ का दिलबहादुर सुनार सेकेन्ड रनर्सअप भए ।

लोकस्रष्टा, साधक तथा शिल्पी कल्याण शेरचनको ७३ औं जन्म जयन्तीको अवसरमा आयोजित प्रतियोगितामा नृत्य निर्देशक सनबहादुर गुरुङ तथा अनन्तराज तिमिल्सेना उत्कृष्ट नृत्य निर्देशक घोषित गरिए ।

सातै प्रदेशमा भएको अडिसनमा भाग लिएका ३ सयभन्दा बढीबाट उत्कृष्ट ८ पुरुष तथा ८ महिला छनौट गरी अन्तिम प्रतिस्पर्धा गराइएको प्रतियोगितामा गण्डकी प्रदेशबाट दुई-दुई जना तथा अन्य प्रदेशबाट एक-एक जना छानिएका थिए ।

## सौन्दर्य प्रतियोगिता

शुभदिन मिडिया एन्ड रिसर्च सेन्टरले नेपाल भ्रमण वर्ष-२०२० को पूर्वसन्ध्या पारेर मिस एन्ड मिस्टर हस्पिटालिटी नेपाल-२०१९ को आयोजना गर्ने भएको छ । सरकारको नेपाल भ्रमण वर्ष-२०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यमा टेवा पुऱ्याउने उद्देश्यका साथ यो प्रतिस्पर्धात्मक कार्यक्रम आयोजना गर्न लागिएको आयोजक संस्थाकी प्रमुख तथा मिस नेपाल-२००५ सुगरिका केसीले बताएकी छिन् । उक्त प्रतियोगिताको ग्राण्ड फिनाले साउन २४ गते शुक्रबार होटल अन्नपूर्णमा हुनेछ । ग्रान्ड फिनालेमा मौलिक परिकार, पहिरन तथा भाषाको प्रबर्द्धनले विशेष महत्व पाउनेछ । करिब डेढ महिनाअघि सुरु भएको यो प्रतिस्पर्धात्मक कार्यक्रममा काठमाडौं उपत्यका तथा उपत्यका बाहिरका होटल म्यानेजमेन्ट तथा हस्पिटालिटि विषयका विद्यार्थी एवं प्रशिक्षार्थीहरूले सहभागिता जनाएका छन् जसमा विभिन्न चरण पार गर्दै ५० जना ग्रान्ड फिनालेमा पुग्न सफल भएका छन् ।






## पलेंटीमा गुञ्जिए विक्रम

नेपालयले आयोजना गर्दै आएको 'पलेंटी श्रृंखला'मा संगीतकार विक्रम गुरुङका सिर्जनाहरू प्रस्तुत भएका छन् । समारोहमा संगीतकार गुरुङद्वारा संगीतबद्ध १४ वटा गीत प्रस्तुत गरिएका थिए । सांगीतिक कार्यक्रमको थालनी गुरुङद्वारा संगीतबद्ध पहिलो गीत 'कतै टाढा तिमीबाट' बाट भएको थियो । अरुण थापाको स्वरमा रेकर्ड भएको 'आँखाको निद...' कार्यक्रमको दोस्रो प्रस्तुति रह्यो । कार्यक्रममा संगीतकार गुरुङले जति माया आफ्नो लाग्छ गाएपछि गायिका मीना निरौलाको स्वर गुञ्जियो– 'विरहल चले जस्तो लाग्छ...' मार्फत ।

कार्यक्रममा गायिका निरौलाले गुरुङले संगीत भरेका थापाका थप तीन गीत मेरो भाग्य मैसँग, किन मुटुको ढुकढुकी तथा रात राम्रो तारा जून..गाइन् । कार्यक्रमको पूर्वाद्धमा संगीतकार गुरुङको अरुण थापासँगको संगतमा आधारित गीतहरू प्रस्तुत गरिए भने दोस्रो चरणमा कलेज तथा विश्वविद्यालयको अध्ययनसँगै उनका साहित्यिक मित्रहरूको संगत र त्यही परिवेशमा रचना भएका गीतहरू प्रस्तुत भए । तेस्रो चरणमा भने नेपाल तथा हङकङको अध्यापन काल तथा त्यही परिवेशमा सिर्जना भएका गीतहरू प्रस्तुत गरिए । पलेंटीको आउँदो महिनाको शृंखलामा पुरानो सांगीतिक ब्यान्ड 'लेकाली समूह'लाई प्रस्तुत हुने जानकारी नेपालयले दिएको छ ।



# नेपाली क्रिकेटमा जरैदेखि समस्या छ

नेपाली राष्ट्रिय टिमका पूर्वकप्तान हुन्- विनोद दास । उनी अहिले नेपाली यु-१९ टिमको प्रशिक्षकको भूमिकामा छन् । ट्वान्टी-२० विश्वकपको एसिया रिजनल छनौटबाट बाहिरिएपछि नेपालको ट्वान्टी-२० विश्वकप खेल्ने सपनामा तत्काललाई विराम लागेको छ । एकदिवसीय मान्यता प्राप्त नेपालले सिंगापुरमा गरेको प्रदर्शनलाई लिएर अहिले आलोचनासमेत भैरहेको छ । आफूभन्दा कम वरियताका कतार र सिंगापुरसँग नेपालको पराजयलाई लिएर विभिन्न प्रश्न उठिरहेका छन् । यही सन्दर्भमा सिंगापुरमा नेपालको प्रदर्शन, नेपाली क्रिकेटको कमजोर पक्ष, राष्ट्रिय टिमको अबको बाटो, नेपाल क्रिकेट संघ (क्यान)को विवादको प्रभाव आदि विषयमा केन्द्रित रहेर दाससँग जनक तिमिल्सिना तथा महेश तिमल्सिनाले गरेको कुराकानी :

**नेपाल टी-२० वर्ल्डकपको एसिया रिजन क्वालिफायरमा पराजय भएपछि तपाईंको ट्वीट सामाजिक सञ्जालमा हिट भयो, त्यो कस्तो सन्दर्भमा लेखिएको थियो ?**

हामी क्रिकेटमा आबद्ध जति पनि व्यक्ति छौं, त्यसमध्ये सबैभन्दा बढी पीडा खेलाडीहरूलाई नै हुन्छ यस्तो स्थितिमा । हारेको पीडा एकातिर छँदैछ । अब हामी त क्रिकेटमा लागेको व्यक्ति हामी त मुभ वन गरौंला, तर खेल्न नपाउने त खेलाडीहरूले हो । उहाँहरूका लागि अगाडीको ढोका बन्द भयो । यदि विश्वकप खेल्न पाएको भए उहाँहरूका लागि कति ठूलो उपलब्धि र अवसर हुने थियो । त्यसैले खेलाडीहरूको करियरका लागि पनि यो निकै महत्वपूर्ण थियो । यद्यपि हामीजस्ता क्रिकेटमा लागेका व्यक्तिहरूका लागि यो एक खालको फेलियर थियो । यसलाई लिएर एक-दुई दिन कुरा गरिएला, यस्तो हुनुपर्ने, उस्तो हुनुपर्ने भनेर छलफलको विषय बनाइएला, तर यस्ता कुराले हामीलाई भन्दा पनि खेलाडीहरूलाई नै धेरै गाह्रो हुन्छ । हामी साथीहरूको बीचमा पनि यस्तो हुनुपर्ने, त्यस्तो गर्नुपर्ने, यो भएन त्यो भएन भन्छौं । विभिन्न खालका अपशब्द प्रयोग गरेर गाली गर्छौं । यो सबै कुरा सुन्दा मलाई पनि नराम्रो लाग्यो । क्रिकेट बुझ्ने व्यक्ति होस् वा क्रिकेटमा आबद्ध भएका व्यक्तिहरू नै किन नहुन्, कतिपयले हामी हुँदा यस्तो भएको थियो, हामी नहुँदा यस्तो भयो वा यस्तो गर्नुपर्ने यस्तो नगरेर यस्तो भयो भन्ने कुरा पनि गर्नुभएको छ भने कतिपयले क्यान भएका बेला अर्थात् क्रिकेट एसोसिएसन क्रियाशील रहेका बेला क्वालिफाइ गरेको थियो, अहिलेचाहिँ यस्तो अवस्थासम्म आइपुग्यो, यी सबै कुरामा दोष टिम क्याप्टेनमा थोपर्ने, कोचमाथि नानाथरीको ब्लेम लगाउने काम भयो । यिनै कुरामा कुरा चित्त नबुझेपछि मैले आफ्नो भनाइ लेखेको हुँ ।

**तपाईं-हामी हार अथवा जितबाट धेरै नै तरंगित हुन्छौं भन्न खोज्नुभएको हो ?**

होइन, मैले भन्न खोजेको हामीभन्दा बढी खेलाडीहरू प्रभावित हुन्छन् । हो, हार भएको छ त्यसको समिक्षा गरौं, तर अलिकति संयमित भएर मात्र भन्न खोजेको हो । अपशब्द प्रयोग गर्ने, कसैलाई व्यक्तिगत रूपमा लक्षित गरेर अश्लील कुराहरू गर्ने खालका प्रतिक्रिया नदिनुस् भन्न खोजेको हुँ । त्यसैले सबैभन्दा पहिले त हामीले पटक-पटक आफैंसँग सोधौं । मैले ट्विटमा पनि त्यही लेखेको हुँ अनि ह्यासट्यागमा मैले 'ह्वाट्स योर कन्ट्रिब्युसन' लेख्नुको अर्थचाहिँ हामी जति पनि मानिस क्रिकेटमा लागेका छौं, यसमा हाम्रो योगदान के त ? हाम्रो प्रयास पर्याप्त छ कि अपर्याप्त छ भन्ने कुरा सोच्ने बेला आएको छ भन्ने हो ।

**भनेपछि, क्रिकेटमा एकथरीले गरिरहेको राजनीतिलाई इंगित गर्न खोज्नुभएको हो ?**

यहाँ बुझाइचाहिँ के भयो भने विनोदले नेपाली क्रिकेटका प्रशंसकहरूमाथि प्रश्न उठायो । वास्तवमै भन्ने हो भने कुनै पनि खेलमा समर्थकहरूको योगदान कति हुन्छ ? समर्थकहरूको हातमा के नै हुन्छ र ? न समर्थकले टिम छनौट गर्ने हो, अर्को कुरा क्रिकेटका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने जिम्मेवारी पनि फ्यानहरूको होइन । उहाँहरूको जिम्मेवारी भनेको क्रिकेटलाई फलो गर्ने, क्रिकेटरलाई माया गर्ने, खेलाडीहरूले गरेको प्रदर्शनमा ठीक-बेठीक औंल्याइदिने र आवाज उठाइदिने हो । यस्तै, क्रिकेटसँग सम्बन्धित जति पनि क्रियाकलाप छन् त्यसमा चासो राख्ने जिम्मेवारी समर्थकहरूको हो । यतिका जिम्मेवारी पूरा गरिदिने समर्थक नेपालजतिको अरू कुन देशमा छन् र ? क्रिकेटमा नेपालको फ्यान फलोइङ निकै राम्रो छ । मैले उहाँहरूप्रति लक्षित गर्ने कुरै आउँदैन । हामीले नेपाली क्रिकेटका समर्थकहरूप्रति प्रश्न उठाउने ठाउँ नै छैन । यो प्रश्न त हामीजस्ता व्यक्तिहरूका लागि हो, जो क्रिकेटलाई अघि बढाउन जिम्मेवार छौं । त्यसमा प्रशिक्षक, खेलाडी, प्रशासन आदि सबै कुराहरू पर्छन् । यतिबेला क्रिकेट बोर्ड चलायमान नहुनुमा कसको गल्ती छ ? मेरो त्यो ट्विटको २ सय ४० शब्दमा सबै कुरा समेट्न सकिनँ होला, तर मैले इंगित गर्न खोजेको हामीजस्ता क्रिकेटमा लागेका व्यक्तिहरूलाई हो । हामीले आफ्ना तर्फबाट गरेको योगदान पर्याप्त छ त भन्ने प्रश्न हो ।

**छनौट चरणको नेपालको प्रदर्शनलाई तपाईं एउटा क्रिकेट समीक्षक, पूर्वकप्तान अथवा यू-१९ टिमको कोचका हिसाबले कसरी विश्लेषण गर्नुहुन्छ ?**

कुनै पनि खेल हारेपछि अनेकन् प्रश्न उठ्नु स्वभाविक हो । यदि जितेको भए त्यसको क्रेडिट जसले टिम छनौट गर्‍यो, जसले तयारी गर्‍यो अथवा जसले खेल्यो उसैलाई दिइन्थ्यो, अब हारेपछि ब्लेम पनि तिनै व्यक्तिहरूलाई जान्छ । यसमा खेलाडीको कमजोर प्रदर्शन त एउटा पाटो भयो नै, तर मलाई लाग्दैन कि छनौटको पाटोमा पनि पहिले पर्फमेन्स गरेको व्यक्तिलाई त्यसमा समावेश नगरेको भन्ने अहिलेसम्म छैन । कुनै एउटा खेलाडीले प्रतियोगितामा राम्रो प्रदर्शन गर्‍यो भने उसलाई क्यानमा ल्याएर खेलाइन्छ । त्यहाँ पनि कुनै खेलाडी ओपनरमा परेको छ भने अरू पनि चार-पाँच जना ओपनर हुन्छन् । त्यसमा राम्रो गर्‍यो भने ऊ टप २ मा आउन सक्छ । यस्तो अवस्थामा मात्र टिममा उसको स्थान सुरक्षित हुन्छ । त्यसैले मेरो विचारमा अहिलेसम्म राम्रो गरेका खेलाडीहरूनै टिममा परिरहेका छन् । अन्तर्राष्ट्रिय स्तरमा कुनै खेलाडीले राम्रो प्रदर्शन गर्‍यो-गरेन भन्ने एउटा पाटो हो तर अन्तर्राष्ट्रिय स्तरमा गएर राम्रो प्रदर्शन गर्न नसक्ने खेलाडीलाई रिप्लेस गर्नु छ भने कम्तीमा राष्ट्रिय स्तरमा कन्सिस्टेन्ट पर्फमेन्स गर्ने नयाँ खेलाडी त चाहिन्छ । किनभने कुनै खेलाडी अन्तर्राष्ट्रिय खेलमा फ्लप भैरहेको छ भने राष्ट्रिय स्तरमा पनि कन्सिस्टेन्ट पर्फमेन्स नगर्ने कुनै खेलाडीलाई लगेर उसको रिप्लेस गर्नु त्यति न्यायोचित नहोला । पहिलो कुरा त हामी घरेलु क्रिकेट नै निकै कम खेल्दैछौं । हामीसँग तीनवटा प्रिमियर लिग छन् । प्रिमियर लिग पनि हामी कस्तो अवस्थामा खेल्दै छौं भने जहाँ बलरले डोमिनेट गरिरहेको छ । त्यसैले हामीले सबैभन्दा पहिले त हाम्रो विकेटको स्तर, ग्राउन्डको स्तरलाई सुधारौं । घरेलु क्रिकेटलाई तीन-चार महिनामा गराउने वातावरण बनाऔं । उदीयमान खेलाडीहरूलाई पनि घरेलु क्रिकेटमा अवसर दिऊँ । उनीहरूले पनि आफ्नो प्रतिभा देखाएर यो ठाउँका लागि म लायक छु-छैन भन्ने अनुमान गर्न सकून् । यो सबै भएको अवस्थामा मात्र हामी उपयुक्त रिप्लेसमेन्ट फेला पार्न सक्छौं ।

**अहिलेको यो प्रतियोगितामा हाम्रो कमजोरी कहाँ-कहाँ रह्यो ?**

हामीले राम्रो खेलेनौं, तर त्यसका कारणहरू त खोतल्न सक्नुपर्‍यो नि । जति बलिङ गर्नुपर्ने हो, जति कन्सिस्टेन्ट हुनुपर्ने हो भएनौं र त्यो एरियामा बल फालेनौं, ब्याटिङमा पनि राम्रो प्रदर्शन गर्न सकेनौं, फिल्डमा पनि हामी अरू टिमभन्दा कमजोर देखियौं ।

पृष्ठ ७ मा

पृष्ठ ६ बाट

अरू टिमले त्यो स्ट्यान्डर्ड रेज गरेको देखियो । सिंगापुर, कतार तथा मलेसियाको स्ट्यान्डर्ड हेर्दा पहिलेको तुलनामा राम्रो भएको देखियो, तर हामी जहाँको तहीँ भयौं । त्यसपछाडिको कारण भनेको जबसम्म हामी घरेलु क्रिकेट प्रतियोगिता बढाउँदैनौं भोलि गएर अहिलेका खेलाडीको सट्टामा अर्को खेलाडी कहाँ गएर खोज्ने ? हामीले त्यो खोज्ने भनेको घरेलु क्रिकेटमा हो । घरेलु क्रिकेटमा पनि हामीले जति म्याच खेलेका छौं प्रिमियर लिग यस्तो ठाउँमा भैरहेको छ जहाँको विकेट ब्याटिङका लागि त्यति उपयुक्त छैनन् । त्यसैले तुरुन्ता तुरुन्तै रिप्लेसमेन्ट खोज्दा निश्चय पनि राम्रो जज् गर्न सकिँदैन । डोमेस्टिक क्रिकेटमा राम्रो गरेर पनि राष्ट्रिय टिममा आउन नसकेका एक-दुई जना खेलाडी होलान् । जो डोमेस्टिक क्रिकेटमा ठीकठाक प्रदर्शन गरिरहेका छन् तर क्याम्पमा आएर त्यही किसिमको प्रदर्शन दोहोऱ्याउन सकेका छैनन् । क्वालिटी बलिङको अघि वा क्वालिटी ब्याटिङको अघि आफ्नो स्किल त्यही किसिमले प्रदर्शन गर्न सकेका छैनन् ।

**यसलाई अझ स्पष्ट पारिदिनुहुन्थ्यो कि ?**

मैले भन्न खोजेको जबसम्म हामीले घरभित्रै उच्चस्तरीय प्रतिस्पर्धा गराउन सक्दैनौं त्यहाँ हामीले आफ्नो तयारीमा भनेजस्तो ध्यान दिन सक्दैनौं । जबसम्म हामी विकेट राम्रो बनाउँदैनौं, नम्बर अफ म्याचेज बढाउँदैनौं तबसम्म यस्तो खाले प्रदर्शनमा हामी फेरि यो खेलाडीको अक्षमता हो भनेरै अघि बढ्छौं । फेरि खेलाडीको असफलतामा तयारी अपुग भनेपछि मैले टिमलाई ब्लेम लगाएको होइन कि, हाम्रो सिस्टम नै यस्तो छ कि हामीलाई तयारीका लागि पूर्ण अवसर दिइँदैन । अहिले अन्डर-१९ को सन्दर्भमा हामीले ४० दिनको तयारी समय मागेका थियौं, तर एसीसीलाई ४० दिन जरुरी लागेन । हामीले भर्खरै दुईवटा प्रतियोगिता खेलेर आएका छौं, वर्ल्डकप क्वालिफायर र अन्डर-१९ इस्टर्न रिजन । किन ४० दिनको तयारी चाहियो बच्चाहरूको परीक्षा हुन्छ, स्कुल हुन्छ त्यसैले त्यति धेरै दिन कसरी स्कुल छुटाउँछन्, १०-१५ दिनको समय पर्याप्त हुन्छ भनियो । यद्यपि हाम्रो देशको क्रिकेट त्यो हिसाबको छैन । प्रत्येक दिन अभ्यास गर्ने ठाउँ छैन । अहिले कीर्तिपुरको अवस्था हेर्दा त्यहाँ खेल्न सक्ने अवस्था छैन । यी सबै कमी-कमजोरी भएकाले हामीलाई तयारीका लागि अलि बढी समय चाहिन्छ भन्ने कुरामा उहाँहरूलाई कन्भिन्स गर्नुपर्ने अवस्था छ । कन्भिन्स गर्दा-गर्दै पनि हामीले ४० दिनको समय माग्यौं भने मुस्किलले २० दिनको समय पाउँछौं । यो समस्या तबसम्म रहन्छ जबसम्म हाम्रो क्रिकेट बोर्ड बलियो हुँदैन, पहिले त बोर्ड बन्नुपऱ्यो, त्यसपछि बलियो रूपमा अगाडि आउनुपऱ्यो अनि मात्र यो खालको कामको कुरा आउँछ । त्यसैले समस्या जरैदेखि छ ।

**नेपालको ब्याटिङमा पहिलेदेखि नै प्रश्न उठिरहेको छ । यसलाई कसरी राम्रो बनाउन सकिन्छ ?**

ब्याटिङ भनेको टाइम लाग्ने कुरा हो । फरक कन्डिसनमा ब्याटिङ गर्ने तरिका पनि फरक-फरक हुन्छ । कहीं सजिलो हुन्छ, कहीं अलि गाह्रो हुन्छ, कहीं धेरै गाह्रो हुन्छ । एडजस्ट हुन वा आफूलाई त्योअनुसार मोल्ड गर्न टाइम लाग्छ नै । ब्याटिङ सधैं सहज हुँदैन, यो वा त्यो अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता खेल्न हामीले अझ राम्रो स्किल बनाउनैपर्छ । त्यसबाहेक निरन्तर अभ्यासको आश्यकता छ, जुन हाम्रो क्रिकेटमा हामीले ल्याक गरिरहेका छौं । सिंगापुरको उदाहरण दिने हो भने उ त्यही विकेटमा त्यही ग्राउन्डमा बितेको तीन महिनादेखि क्याम्प लगाएर बसिरहेको छ । त्यसले गर्दा उनीहरूलाई त्यो विकेटमा खेल्न सजिलो भयो । त्यो विकेटको अवस्था, त्यो विकेटको व्यवहार बुझ्न सजिलो भयो, त्यसैले उनीहरूले निर्धक्कसँग खेले । नयाँ टिमले त त्यो विकेट बुझ्न र त्यहाँको अवस्था थाहा पाउन एक्स्ट्रा समय खर्चिनुपर्ने हुन्छ । जबसम्म ब्याटिङलाई समय दिइँदैन, जबसम्म निरन्तर इम्प्रुभको बाटोमा डोऱ्याइँदैन तबसम्म सुध्रिँदैन । यो एउटा प्रक्रिया हो, कुनै पनि ब्याटसम्यान एक-दुई दिनमा त्यत्तिकै राम्रो भएर आउँदैन । अन्तर्राष्ट्रिय क्रिकेटमा पनि केएल राहुलजस्ता ब्याटसम्यानहरू वर्षौंदेखि रन बनाइरहेका थिए, तर वर्ल्डकपमा उनीहरूले पनि संघर्ष गरेको देख्यौं हामीले । रोहित शर्मा वान डे क्रिकेटका यति राम्रा ब्याटसम्यान हुन्, जसको जोडी अहिले यो संसारमा छैन भन्दा पनि हुन्छ, तर उनी टेस्ट क्रिकेटमा अझैसम्म जम्न सकेका छैनन् । यो त्यति सजिलो स्किलचाहिँ होइन, यसलाई सुधार्न समय लाग्छ र त्यहीअनुसारको अभ्यासको पनि आवश्यकता पर्छ । त्यो गर्नका लागि अहिलेसम्म हामीसँग उपयुक्त संरचना छैन ।

**नेपाली बलिङलाई कसिलो बलिङ मानिन्छ ? सिंगापुरसँगको अन्तिम खेलमा हामी बलिङमा पनि चुक्यौं होइन ?**

अवश्य पनि चुकेका हौं, किनभने १ सय ६० रनसम्म त ठीकै हो । त्यो मैदानको साइज हेर्दा, विकेटमा राम्रो खेलिरहेको देख्दा पारसले पनि १ सय ६० को आँकलन गरेजस्तो लागेको थियो । ३० देखि ३२ रन एक्स्ट्रा बन्यो, १ सय ९२ रनको टार्गेट, पहिलो ओभरदेखि नै १० रनको रनरेटमा खेल्नु कुनै पनि टिमका लागि साह्रै गाह्रो कुरा हो । त्यो दिन कि त हामीले बनाएको योजनाले काम गरेन, हामीले बल फाल्ने भनेको ठाउँ र एरियामा बल फाल्न सकेनौं । कि त हामी जुन एरियामा बल फालिरहेका छौं त्यो मैदानको साइज र प्रतिस्पर्धीलाई सुट गर्ने भएन । यी दुईमध्ये जुनसुकै कारण हुन सक्छ । यहाँ बसेर भन्दा सजिलो लाग्न सक्छ, यस्तो गर्नुपर्ने, उस्तो गर्नुपर्ने, हामीले यो गरेको भए हुन्थ्यो, त्यो गरेको भए हुन्थ्यो, फलानोलाई बलिङ नगराएको भए हुन्थ्यो तर हामी यो पनि सोच्नुपर्छ कि प्रतिस्पर्धी टिमबाट खेल्ने क्रिकेटरहरू पनि राम्रा खेलाडी हुन् । चाहे त्यो अस्ट्रेलियाबाट भर्खरै सिंगापुर आएका टिम्बोथी हुन् चाहे अरू कुनै खेलाडी । उनीहरूले यो प्रतियोगितामा प्रमाणित गरेर पनि देखाए कि उनीहरू फर्ममा भएको टिम हुन् । त्यो दिन हाम्रो बलिङ नचल्नु र उनीहरूको ब्याटिङ राम्रो हुनु दुवैको कम्बिनेसले फरक पाऱ्यो ।

**अब हाम्रो राष्ट्रिय टिमको ध्यान कता हुनुपर्छ ?**

हारपछि हरेक टिमले अब के गर्ने भनेर बाटो खोज्नुपर्ने हुन्छ । हाम्रो राष्ट्रिय टिमले पनि त्यही गर्छ । आफ्नो प्रदर्शनको रिभ्यु गर्छ, कहाँ चुक्यौं, कहाँनेर हामीले राम्रो गर्न सक्थ्यौं । केही एरिया छन्, जसलाई हामीले सच्याउनुपर्नेछ । हामीले सर्टेन खेलाडीहरूको रिप्लेसमेन्ट पनि खोज्नुपर्ने होला । केही खेलाडीलाई केही एरियामा अझ अपग्रेड गर्नुपर्ने होला । यो सबै कुराको जिम्मेवारी अब म्यानेजमेन्ट स्टाफमाथि आउँछ । क-कसको रिप्लेसमेन्ट जरुरी छ त यो टिममा ? कसलाई कुन एरियामा अझ बढी मेहनत गराउनुपर्नेछ ? म यसमा निश्चित छु कि त्यो कुरा टिमले गरिरहेको होला । आगामी दिनमा हामी त्यसको रिजल्ट पनि देख्नेछौं ।

**उपयुक्त संरचना निर्माणका लागि घरेलु क्रिकेटमा हामीले के-कस्ता काम गर्नुपर्छ ?**

वर्षमा एटलिस्ट तीन-चार महिना अर्थात् ३ सय ६० दिनमा १ सय दिनजति राम्रो विकेटका अभ्यास गराउन सक्यौं, तीन-चार महिना लिग चलाउन सक्यौं, जहाँ खेलाडीहरू तीन-चार महिनासम्म आफ्नो प्रदर्शन देखाउन पाउन त्यसले प्रशिक्षक र छनौट समितिलाई पनि एउटा खेलाडीको निरन्तर प्रदर्शन हेरेर छनौट गर्न सहयोग पुऱ्याउँछ । अहिले कुनै खेलाडीले हार्ड्ली घरेलु क्रिकेटमा ५-६ वटा इनिङ खेलेको हुन्छ, त्यसमध्ये एउटामा रन बनाउने बित्तिकै यसले एक म्याचमा ८० रन बनाएको छ यो टिममा पर्नुपर्छ भनेर अपेक्षा गर्छौं । यदि १०-१५ वटा म्याच भए भने त्यसमा कसैले ५-६ वटा इनिङ खेल्यो भने त्यो एउटा राम्रो नम्बर हो । १० मा ५-६ वटा इनिङ राम्रो खेलेको छ भने उसको छनौट भरपर्दो पनि हुन्छ, तर अहिले त हामी बढीमा कुनै पनि ब्याटसम्यानले खेलेको ५-६ इनिङ हेर्छौं र त्यसैका आधारमा छनौट गर्छौं ।

**नेपालको क्रिकेट गभर्निङ बडी नेपाल क्रिकेट संघ (क्यान) लामो समयदेखि निलम्बनमा छ । त्यसले हाम्रो क्रिकेटमा कस्तो असर गरिरहेको छ ?**

जसले जेसुकै भने पनि तीन वर्षयता नेपाली क्रिकेटलाई यथास्थितिबाट तल झर्न नदिन मात्र काम भैरहेको छ । आईसीसीको उद्देश्य पनि अहिलेको यो अवस्थाबाट तल नआओस् भन्ने हो ताकि बोर्ड आएपछि क्रिकेटलाई यहाँबाट माथि लान धेरै गाह्रो नहोस् । यदि तीन-चार वर्षमा केही व्यक्तिले प्रयास गरेर यसलाई यथास्थितिमा नराखेको भए नेपाली क्रिकेट थप समस्यामा पर्थ्यो । अहिले जिम्बाबेको क्रिकेट निलम्बनमा पर्नेबित्तिकै महिला विश्वकप टी-२० क्वालिफायर खेलिरहेको छैन । अब उसले आइसीसीको कुनै पनि इभेन्ट खेल्न पाउँदैन । यस्तो खालको अवस्था नेपालको पनि आउँथ्यो, तर नेपालमा केही व्यक्तिले आफ्ना तर्फबाट भोलिन्टियर्ली हामी यसलाई यही स्तरमा कायम राख्न मद्दत गर्छौं भनेर लागिरहेकाले नेपाली क्रिकेट अहिले तल नझरेर त्यही अवस्थामा अर्थात् यथास्थितिमा छ । क्रिकेट एसोसिएसन छिटोभन्दा छिटो बनिदिएको भए, आज किन तीन वर्ष पहिले नै बनिदिएको भए यो एक-दुई वर्षमा अपकमिङ प्लेयरहरूले जुन अवसरहरू गुमाए, त्यो गुमाउनुपर्ने थिएन । हामी अझ राम्रो हुन्थ्यौं, हामीले अझै राम्रो तयारी गर्न पाउँथ्यौं । त्यसकारण नेपाली क्रिकेटले सबैभन्दा ठूलो घाटा बोर्ड नभएकै कारण बेहोरेको छ ।

**नेपाली क्रिकेटमा लामो समयदेखि आबद्ध हुनुहुन्छ । क्यानको विवाद कसरी हल गर्न सकिन्छ ?**

यो निर्वाचनको प्रक्रियामा गैसकेको छ । म पनि क्रिकेट खेलाडीका रुपमा प्रत्यक्ष इन्भल्ब थिए, अहिले प्रशिक्षकका रूपमा छु । क्रिकेटको प्रशासनिक क्षेत्रमा म कतै पनि सहभागी छैन, पहिले पनि र अहिले पनि । मेरो विशुद्ध इच्छाचाहिँ के हो भने क्रिकेटसँग सम्बन्धित व्यक्तिका रूपमा विवाद होलान, हरेक ठाउँमा छ । संसारका सबैतिरका क्रिकेट बोर्डमा विवाद छन्, एउटै पोस्टका लागि १० जना दाबेदार भए भने त्यहाँ विवाद हुनु स्वभाविक हो । यहाँ पनि छ त्यो कुरा, तर मूलभूत कुरा क्रिकेट र क्रिकेटको विकास हुनुपऱ्यो तरिका जुनसुकै भए पनि । मैले लिएको बाटो ठीक होस् वा अरूले लिएको बाटो ठीक होस्, गन्तव्य क्रिकेटको विकास नै हो भने हामीबीचमा तरिकालाई लिएर मतभेद हुन सक्छ, तर क्रिकेटको विकास नै रोक्ने गरी मतभेद हुनु हुँदैन । नेपाली क्रिकेटको विकासको बाटो स्पष्ट गर्न तीन वर्ष लाग्छ जस्तो मलाई लाग्दैन । म मात्र गर्न सक्छु, मबाहेक अरू कसैले पनि गर्न सक्दैन भन्ने सोचले क्रिकेटको विकास रोकिइरहेको छ । म भए मात्र चल्छ, नत्र चल्दैन भन्ने सोच बेठीक छ ।

अहिले अन्डर-१९ को सन्दर्भमा हामीले ४० दिनको तयारी समय मागेका थियौं, तर एसीसीलाई ४० दिन जरुरी लागेन । हामीले भर्खरै दुईवटा प्रतियोगिता खेलेर आएका छौं, वर्ल्डकप क्वालिफायर र अन्डर-१९ इस्टर्न रिजन । किन ४० दिनको तयारी चाहियो बच्चाहरूको परीक्षा हुन्छ, स्कुल हुन्छ त्यसैले त्यति धेरै दिन कसरी स्कुल छुटाउँछन्, १०-१५ दिनको समय पर्याप्त हुन्छ भनियो । यद्यपि हाम्रो देशको क्रिकेट त्यो हिसाबको छैन । प्रत्येक दिन अभ्यास गर्ने ठाउँ छैन । अहिले कीर्तिपुरको अवस्था हेर्दा त्यहाँ खेल्न सक्ने अवस्था छैन ।



नियात्रा

# रिग्म किनारको फोक्सुन्डो



हेमन्त विवश

कर्णाली चर्चामै छ विगतदेखि वर्तमानसम्म । कहिले सिटामोल नपाएको चर्चा । कहिले विकट र दुर्गम भएको चर्चा । कहिले स्याउ र यार्साको चर्चा त कहिले सुन्दर तालहरूको चर्चा । तिनै सुन्दर तालहरूमध्ये डोल्पा जिल्लास्थित से फोक्सुन्डो ताल घुम्न असारको पहिलो साता तयार हुन्छन् एक हूल साहित्यिक मनहरू । आयोजक संस्था थियो– कन्सेप्ट नेपाल । यात्राका संयोजक थिए नेपालका अधिकांश जिल्ला घुमिसकेका लेखक तथा पत्रकार अमृत भादगाउँले । टिमका क्याप्टेन थिए देबेन्द्र बस्न्यात । समूहमा सरिक अन्य कवि लेखकहरू थिए : अभय श्रेष्ठ, भूपिन, गनेस पौडेल, हेमन यात्री, सागर उदास, चन्द्र काफ्ले, दीपेन्द्रसिंह थापा, सुरेन्द्र राना, कमल खत्री, विष्णु देवकोटा तथा कृष्ण नेपाली ।

सबैजना नेपालगन्ज पुगिसक्दा म भने एयरपोर्टमा प्लेनको पर्खाइमा थिएँ । ४.४५ को उडान भनिएको समय किस्तागत रुपमा धकेलिदै पुग्छ रातको नौ बजे । श्री एयरलाइन्सको एउटा प्लेन बिग्रिएकाले गडबड भएको रहेछ समय तालिका, तर यात्रुलाई दुई घण्टासम्म त मौसम खराब भन्दै ढाटिरहे त्यहाँका कर्मचारीहरूले । यात्रुले ढिलाइको रहस्य थाहा पाएपछि अनेक बहाना बनाउन थाले उनीहरू । ४ घण्टासम्म पर्खनुको पीडा छुट्टै थियो । भोलिपल्ट डोल्पाको प्लेन पनि पाइएन, समिट एयरले नौटंकी देखाइरह्यो । अब गाडी समात्नुको बिकल्प रहेन । नेपालगन्ज सुर्खेत हुँदै जाजरकोटकोटको तल्लु बगरस्थित कमल थापाको होटलमा बास बसेपछि दोस्रो दिन बिहान सबेरै सुरु भयो यात्रा । पाँच ठाउँमा झोलुङ्गे पुल तर्दै सानो भ्यानमा यात्रा गर्नु सबैका लागि नौलो अनुभव थियो ।

प्रसिद्ध शक्तिपीठ त्रिपुरा सुन्दरीको मन्दिर पर्छ बाटोमा । त्यहाँबाट आधि घण्टा भ्यानमा यात्रा गरेपछि पुगिन्छ भेरीनदी, रुपगाड र सुलीगाडको मिलन बिन्दुमा । दुईवटा काठेपुल र एउटा झोलुङ्गे पुल पार गरी करिव २० मिनेट हिडेपछि पुगिन्छ शुली गाड किनारमा रहेको फोक्सुन्डो राष्ट्रिय निकुञ्जको कार्यालय । ३ हजार ५ सय ५५ वर्गकिमि भूभाग ओगटेको उक्त निकुञ्ज नेपालको सबैभन्दा ठूलो निकुञ्ज हो । यो निकुन्जको घोषणा २०४० सालमा गरिएको हो । सिमसिमे पानीमा भिज्दै हिँड्दाको आनन्द छुट्टै थियो । लाग्थ्यो हामी कुनै छुट्टै मुलुकको यात्रामा छौं । दायाँ-बायाँ अग्ला न अग्ला बडेमानका नाङ्गा डाँडा । बीचमा सुसाइरहेको फोक्सुन्डो खोला । अगाडी हेर्दा पनि देखिन्थे टाढाटाढासम्म डरलाग्दा भीरहरू मात्र । यद्यपि बाटो भने सजिलै थियो । बाटोमा देखिन्थे यार्सा टिप्नेहरू फर्किंदै गरेका । तिनीहरू यो वर्ष पीडा बोकेर फर्किरहेका थिए, कारण सोचेजस्तो यार्सा पाइएन । बाटोमा भेटिएकाहरूसँग सोध्दा सबैको एउटै उत्तर सुनिन्थ्यो– बगाय लाग्यो । स्थानीय भाषामा बगाय लाग्नु भनेको ऋण लाग्नु रहेछ । पाल टाँगेर एक महिनासम्म बस्छन् यार्सा टिप्नेहरू हिमालको फेदीतिर पाटनमा । १०/१२ वर्ष उमेर समूहकाहरू पनि पुग्छन् यार्सा टिप्न । बैंस नै नआई एकैचोटि बुढेसकालको गोरेटोमा तानिएजस्ता देखिन्थे त्यहाँका अधिकांश महिलाहरूका सुकेका मुहार । नेपाल बुझ्नु छ भने पुग्नुपर्छ एकपटक कर्णाली तिर । जीवनमा केही सिक्नु छ भने पुग्नु पर्छ डोल्पा र फोक्सुण्डो किनारसम्म । यो देशका सम्राट्हरूको दृष्टि कति पुग्यो दूरदराजतिर भनेर बुझ्न पुग्नुपर्छ कर्णालीतिर ।

पहिलो दिनको बास स्यान्तुमा भयो । दोस्रो दिन साइजलमा । बाटोमा बास बस्दा खान पाइन्थ्यो फापरको रोटी, आलुको तरकारी, ढिँडोजस्ता स्वादिष्ट अर्गानिक खानेकुरा । तेस्रो दिन चार घन्टा हिडेपछि देखियो फोक्सुन्डो झर्ना । अलि टाढासम्म दृष्टि फ्याँक्दा देखिन्थ्यो रिग्म गाउँको छेवैमा सुन्दरताको ताज पहिरेको फोक्सुन्डो ताल । काञ्जिरोवा हिमालको काखमा अवस्थित फोक्सुन्डो वाइ आकारमा छ । झन्डै पाँच वर्ग किलोमिटर भूभाग ओगटेको यो ताल नेपालकै सर्वाधिक गहिरो ताल हो ।

ताल किनारमा कन्सेप्ट नेपालले ४ जना भुँइमान्छ होइसेर डोल्मा बैजी, नाम्दाक लामा, निमा लातार बैजी तथा सेन्दुक आइक्याल रोकायालाई जनही १० हजार नगद सहित सम्मान पत्र प्रदान गर्दा उनीहरूको मुहारमा तालको भन्दा कम चमक देखिदैनथ्यो । तालहरू आकाशसँगै रंग बदल्छन् । यसरी समय-समयमा रूप फेरिरहन्छ फोक्सुन्डोले पनि । वरिपरि ठूल्ठूला पहाड एउटा किनारमा स-सानो पाटनमा अवस्थित रिग्म गाउँ । पारिपट्टि तालकिनारमै देखिन्छ थासुङ छोलुङ गुम्बा, जुन ९ सय वर्ष पुरानो मानिन्छ । रमणीय रिग्म गाउँमा ८ वटा होटल छन् । फोक्सुन्डो घुम्न जानेहरू दिनभरि फोक्सुन्डोको किनारतिर घुमफिर गर्दै सुन्दर दृश्यावलोकन गरेर साँझ बास बस्छन् तिनै होटलमा । ताल छेउको साँगुरो बाटो भएको चट्टानमा गाडिएको काँटी हेर्दा सजिलै अनुमान लगाउन सकिन्छ क्याराभान फिलिम सुटिङ गर्दा चौरी लडेको ठाउँ । बाटोमा घोडा दौडाएर हिँड्नेहरूसँग सोध्न मन लाग्यो ठिन्ले लडेको ठाउँ । पछि देखियो त्यो ठाउँ पनि । डोल्पा पुगिसकेपछि घुम्नैपर्ने ठाउँ अरू पनि छन् । ती हुन् शे गुम्बा, बगला भञ्ज्याङ, नुमला भन्ज्याङ र धो-तराप । बागमारा भन्ज्याङ काटेर जुम्ला पुग्ने पदमार्ग पनि छ त्यतैबाट । यति थाहा पाएपछि पुनः घुम्न मन लागेको छ डोल्पा । फोक्सुन्डो खोला सुसाइरहन्छ, अनवरत रुपमा हतारिदै दौडिरहन्छ । ताल घुम्न गैरहेका र तालबाट फर्किरहेका यात्रुहरू खोला किनारको साँघुरो बाटोमा लम्किरहेका हुन्छन् । जानेहरू फोक्सुन्डोलाई कल्पनामा बोकिरहेका हुन्छन् भने फर्कनेहरू बोकिरहेका हुन्छन् सम्झनामा ।

## मेरा ५ अभिनेता



रीमा केसी, कवियत्री



राजेश हमाल
शालिनता र भद्रता मन पर्छ । उनको अभिनय जस्तो लाग्दैन, जीवन्त हुन्छ ।

भुवन केसी
मुस्कान मन पर्छ । अभिनय पनि राम्रो छ ।





सरोज खनाल
सेन्टिमेन्टल अभिनय मन पर्छ । अभिनय जस्तो लाग्दैन, रियलिस्टिक हुन्छ ।

अमिर खान
अभिनयमा जीवन्तता छ ।





नवाजुद्दिन सिद्धिकी
सिद्धिकीका आर्टमुभि बढी मन पर्छन् ।

अटो

# वर्षातमा ड्राइभिङ गर्दा ...



**वर्षातको मौसम छ । यस्तो अवस्थामा सडकमा हिलो र पानी जम्मा हुने भएकाले गाडी वा मोटरसाइकल तथा स्कुटर आदि चलाउन त्यति सहज हुँदैन । त्यसैले सावधानीका साथ सवारी साधन चलाउनु आवश्यक हुन्छ ।**

### सर्भिसिङमा ध्यान
गाडी वा मोटरसाइकललाई सबैभन्दा पहिले राम्रो कन्डिसनमा राख्नुपर्छ । यसले गर्दा त्यसमा कुनै खराबी आउन पाउँदैन ।

### टायरमा ध्यान
बाइक, स्कुटर वा गाडीको टायरको ग्रिप खिइएको छ भने वर्षातमा त्यो निकै खतरनाक सावित हुनसक्छ । बढीजसो सडक दुर्घटना यस्तै टायरका कारण हुने गरेका छन् । त्यस्तो स्थितिमा ब्रेक लगाउँदा पनि समस्या सृजना हुन्छ । ग्रिप नभएको टायर सडकमा बढी स्लिप गर्छ । त्यसैले त्यस्तो टायर वर्षात सुरु हुनुभन्दा पहिले नै परिवर्तन गर्नुपर्छ ।

### ब्रेकमा ध्यान
वर्षातमा ब्रेकको सही प्रयोग निकै आवश्यक हुन्छ । सही तरिकाले ब्रेक लगाउन सकिएन भने दुर्घटना हुन सक्छ । वर्षातमा गाडी वा टु ह्विलर बिस्तारै हाँक्नुपर्छ, कहिल्यै हतारमा ड्राइभ गर्नु हुँदैन । वर्षातमा विशेष गरी ब्रेकको जाँच नियमित गराइरहनुपर्छ ।

### कन्ट्रोलमा सवारी
सवारी साधन कन्ट्रोलमा चलाउनुपर्छ । हतारमा कहिल्यै सवारी चलाउनु हुँदैन । हतारमा सवारी चलाउँदा अचानक ब्रेक लगाउनुपर्ने हुन सक्छ, जसका कारण सडक दुर्घटना हुने सम्भावना हुन्छ । अचानक ब्रेक लगाउँदा बाइक वा स्कुटर चिप्लिने डरसमेत हुन्छ ।

### लाइट चेक
वर्षाका बेला सडकमा पर्याप्त लाइट चाहिन्छ । यस्तो अवस्थामा कारको हेड लाइट चेक गरेर मात्र गाडी बाहिर निकाल्नु राम्रो हुन्छ । सकिन्छ भने गाडीमा एक्स्ट्रा लाइटसमेत राख्न सकिन्छ । लाइटले कत्तिको प्रकाश दिँदैछ जाँच गर्नुपर्छ । सधैं राम्रो गुणस्तरको बल्ब लगाउनुपर्छ ।

### इलेक्ट्रिक पार्टसको जाँच
वर्षातमा नियमितजसो ब्याट्री वा इलेक्ट्रिक पार्ट्स जाँच गरिरहनुपर्छ । किनभने वर्षाको पानी यी पार्ट्समा पस्न सक्छ । यसले यी इलेक्ट्रिक पार्ट्स खराब हुने सम्भावना हुन्छ । यतिबेला कारको विन्डशिल्ड र वाइपर्स पनि राम्रोसँग जाँच गर्नुपर्छ ।

### वाइपर केयर
उज्यालो दिने हेडल्याम्पले कहिलेकाहीं धोका दिन सक्छ । त्यही समयमा वाइपरको ब्लेडले सही ढंगले काम गरेन भने दिक्क बनाउँछ । सिसामा पानी नहुँदा पनि वाइपर सजिलैसँग चल्न सक्छ । वाइपर सही भयो भने अगाडिको सिसामा स्क्याच पनि हुँदैन ।

## नयाँ बाइक : क्रसफायर जीआर-७



क्रसफायरको नयाँ बाइक जीआर-७ कच्ची तथा पक्की दुवै प्रकारका सडकमा गुडाउन मिल्ने गरी डिजाइन गरिएको छ । यो बाइकमा २ सय ४९ दशमलव ६ सीसी क्षमताको कम्प्याक्ट इन्जिन जडान गरिएको छ, जसले ३० दशमलव १५ एचपी पावरका साथै २३ एनएमको उच्चतम टर्क जेनरेट गर्छ । डबल रेडिएटर, एयर सर्कुलेटिङ रेडियटर कभर तथा एसिस्टिङ फ्यानसहितको लिक्विड कुल्ड इन्जिन जडान गरिएको हुँदा यसले अधिकतम तापलाई समेत सजिलै मेन्टेन गर्न सक्छ ।

यो बाइकमा विशेष प्रकारको फ्रेम प्रयोग गरिएको छ, जुन एकदमै हलुका र बलियो छ । आरामदायक यात्रालाई मध्यनजर गरी यसको सिट पोजिसन उत्कृष्ट तवरले मिलाइएको छ । त्यसैगरी यो बाइकमा आधुनिक प्रविधिको सस्पेन्सन र सक प्रयोग गरिएको छ । यसमा १० लिटरको इन्धन ट्यांकी छ भने बाइकको तौल १ सय १५ केजी छ । नेपालस्थित आधिकारिक विक्रेता क्लासिक ह्विल्स एक्सपोर्ट एन्ड इम्पोर्टले यो बाइक विक्री-वितरण गरिरहेको २ सय ५० सिसी क्षमताको यो बाइकको मूल्य ५ लाख १९ हजार रुपैयाँ पर्छ ।

## मनसुन हेरिटेज राइड



रोयल इन्फिल्ड बाइकले मनसुन हेरिटेज राइड सम्पन्न गरेको छ । काठमाडौंको बालाजुबाट प्रारम्भ भएको उक्त राइड स्वयम्भू, सितापाइला, कलंकी, बल्खु, सानेपा, एकान्तकुना, जावलाखेल, पुल्चोक, ललितपुर दरवार स्क्वायर, ग्वार्को, तीनकुने, नयाँ बानेश्वर, माइतीघर, सिंहदरबार, भद्रकाली, रत्नपार्क, न्युरोड, वसन्तपुर, जमल, दरबारमार्ग, नागपोखरी हुँदै लाजिम्पाट पुगेर सम्पन्न भएको थियो । बिहान ८ बजे प्रारम्भ भएको उक्त राइडमा ३५ जना राइडरको सहभागिता थियो । करिब २८ किलोमिटरको दूरी पार गरेको उक्त राइडका रोड क्याप्टेन अनुज मल्ल थिए ।

उपत्यकाका विभिन्न स्थानमा भएका सांस्कृतिक सम्पदाहरूको प्रवर्द्धन गर्नुका साथै सडक सुरक्षाका सम्बन्धमा जनचेतना जगाउन यस प्रकारको कार्यक्रम आयोजित गरिएको विवेक अटोमोबाइल्सले बताएको छ । रोयल इन्फिल्ड ३५० सीसी गन मेटल ग्रे स्पोर्टी लुक, म्याट फिनिस, रियर डिस्क ब्रेक जस्ता विशेषतामा उपलब्ध छ ।

## सोलार कार




प्रदूषण नियन्त्रणका लागि विभिन्न उपाय भैरहेको समयमा सोलार पावरबाट चल्ने र आफैं चार्ज हुने संसारकै पहिलो कारको विकास गरिएको छ । डच कम्पनी लाइट इयरले सोलार पावर बाट चार्ज हुने विश्वकै पहिलो लङ रेन्जको कारको प्रोटोटाइप सार्वजनिक गरेको छ । यसको नाम लाइटइयर वान राखिएको छ र यसलाई एकपटक चार्ज गरेर ७ सय २५ किलोमिटर चलाउन सकिन्छ । सोलार पावरका साथै यसलाई आवश्यकताअनुसार विद्युतबाट समेत चार्ज गर्न सकिन्छ । यसमा चार्ज गर्न सोलार सेल लगाइएको छ भने सुरक्षाका लागि सेफ्टी ग्लाससमेत प्रयोग गरिएको छ । सन् २०१६ मा स्थापना भएको लाइट इयर कम्पनीले यस्ता धेरै कार बजारमा उपलब्ध गराउने योजना बनाएको छ । यो कार सन् २०२१ सम्म बजारमा आउने तथा सुरुमा ५ सय कार मात्र उपलब्ध हुने बताइएको छ । यसको मूल्य १ लाख ३५ हजार अमेरिकी डलर हुने अनुमान गरिन्छ ।

# गीतकारको गीत चिन्ता

नेमिष गौतम









गत वर्षको चैतमा संविधानविद् तथा गायक डा. भीमार्जुन आचार्यको चौथो एल्बम 'अतीत' सार्वजनिक गर्ने क्रममा गीतकार कालीप्रसाद रिजाल अहिलेको सांगीतिक पुस्तासँग गुनासिए । थुप्रै सदावहार गीतका यी रचनाकारले वर्तमान पुस्ताले गम्भीर गीतको भाव नबुझेको दुःखेसो पोखे । 'दाइ, बजारमा चल्ने खालका गीत-गजल छैनन् भनेर माग्नुहुन्छ । देशलाई छुने, गम्भीर प्रकृतिका गीत कसले गाउँछ ? बल्ल आचार्य भेटें,' गीतकार रिजालले भनेका थिए, 'नारायणगोपालले त्यतिबेला गाएको आँखा छोपी नरोऊ भनी भन्नुपर्‍या छ गीत अहिले भए रेकर्ड गराउन मुस्किल पर्थ्यो । बजारले चल्ने गीत मात्र खोज्न थाल्यो, गम्भीर गीत बुझेन ।' उनले अहिलेको पुस्ताले छिटो र हिट हुने किसिमको गीतको माग गरेकाले आफ्नो पुस्तालाई गीत लेख्न गाह्रो भएको खुलासासमेत गरे ।

गीतकार रिजालको बुझाइमा गीत साहित्यको एउटा अंग हो । 'म साहित्यिक व्यक्ति भएकाले अलिकति गम्भीर खालको साहित्यिक गीत लेख्न मन पराउँछु, तर अहिलेको पुस्ता गीतमा मनोरञ्जन मात्र खोज्छ, चाहे क्षणिक होस् वा तुरुन्तै मनोरञ्जन दिने खालकै किन नहोस्', रिजाल सम्झन्छन्, 'नारायणगोपाल जहिल्यै संगीतमा क्रान्ति ल्याउनुपर्छ भन्थे । त्यसकारण उनी गीतमा साहित्यिक शब्द प्रयोग गरिएका गम्भीर किसिमका गीत मन पराउँथे । उनले गाएपछि त्यो गीत सम्बन्धित गीतकारलाई सुनाउँथे । त्यो समयमा गीत रेकर्ड गराउने ठाउँ रेडियो नेपाल मात्र थियो । उतिबेला पैसा कमाउनका लागि लेख्ने-गाउने चलन थिएन, त्यसकारण पनि गीतमा स्तरीयता थियो ।'

एक समयमा गीतकार रिजाल कहाँ मनोरञ्जन प्रदान गर्ने किसिमका गीत माग्न युवापुस्ताका निकै गायक-गायिका उनको घरसम्मै पुग्थे तर अहिले त्यो संख्या घट्दै गएको छ । 'मलाई त्यस्तो किसिमको गीत लेख्नै आउँदैन । अहिले बजार विस्तारले गर्दा गम्भीर किसिमका गीत गाउने चलन हराउँदै गएको छ । बजार विस्तार भएपछि बजारको माग अनुसार गीत गाउनुपर्ने र गीत लेख्नुपर्ने चलन चलिसक्यो', रिजाल गुनासो गर्छन्, 'बजार केवल बौद्धिक व्यक्तिको मात्र हुँदैन । त्यो बजारमा जो-कोही हुनसक्छन् । उनीहरू तुरुन्तै सस्तोमा रमाइलो खोज्छन् । म आफूलाई तल झारेर ओठै राम्रो, गालै राम्रो किसिमका गीत लेख्दिनँ । गीतबाट एउटा गीतकारले केही नपाएपनि सन्तोष पाउनुपर्छ भन्ने मान्यता राख्छु ।'

डा. आचार्यको कार्यक्रममा गीतकार रिजालको कुरा सुनिरहेका गीतकार दिनेश अधिकारी मुसुमुसु हाँस्दै थिए । अधिकारीका अनुसार आफुले लेखेको कुन गीत कसरी हिट हुन्छ भन्न सकिँदैन । 'गीत चल्ने-नचल्ने भनेको शब्दमा कस्तो संगीत प्रदान गरिएको छ भन्ने कुरामा भर पर्छ । मैले लेखेको गम्भीर गीतमा रोमान्टिक ट्युन राखियो भने त्यो गीत फेल खान्छ', अधिकारी भन्छन्, 'अहिलेको पुस्ताले गीतको मर्म भन्दा पनि संगीतमा बढी ध्यान दिन्छ । उनीहरू डान्सिङ नम्बर खोज्छन् । शब्द जस्तोसुकै भए पनि त्यसलाई डान्सिङ नम्बरमा ढाल्न चाहन्छन् । कालीदाइले भनेको कुरा सही हो । उनीहरूलाई कस्तो गीत चाहियो भनेर सोध्दा 'चल्ने खालको चाहियो' भन्छन् । अहिले चलेको गीत भनेको डान्सिङ गीत न हो, तर त्यसको आयुचाहिँ अलिक छोटो हुन्छ ।'

गीतकार अधिकारी वर्तमान पुस्ताका गायक-गायिकामा साहित्यिक रुचि र साहित्यिक आनन्द कम भएको बताउँछन् । 'उनीहरूको ध्यान नै कसरी डान्सिङ नम्बरको गीत तयार पार्नेमा हुन्छ । काली दाइले लेख्नुभएको गीत 'झरेको पात झैं भयो' र मेरो गीत 'यो सम्झिने मन छ' लाई डान्सिङ नम्बर बनाइयो भने कस्तो होला, आफै सम्झनुहोस्', दिनेश भन्छन्, 'अहिलेको पुस्ताको ध्यान राष्ट्रिय गीत र समसामयिक विषयभन्दा पनि छिट्टै हिट हुने डान्सिङ नम्बरमा बढी छ ।'

गीतकार रिजाल र अधिकारीले भनेजस्तै स्थापित अन्य गीतकारहरू पनि नयाँ पुस्ताका संगीतकर्मीको चाहना हिट हुने मात्र रहेको बताउँछन् । नयाँपुस्तामा राष्ट्रियता र समसामयिक विषयका गीत भन्दा पनि डान्सिङ नम्बरका गीतमा बढी चासो भएको उनीहरूको ठम्याइ छ ।

गीतकार रत्नशमशेर थापा कुनै पनि गीतकारले आफ्नो रचना छिटो वा ढिलो ट्र्याकको नलेख्ने बताउँछन् । 'मकहाँ अहिलेसम्म कुनै पनि नयाँ गायक-गायिका छिटो, छरितो किसिमको गीत चाहियो भनेर आएका छैनन् । म ट्युनमा र स्वतन्त्र किसिम गरी दुई तरिकाले गीत लेख्छु । तत्काल चाहियो भने पनि तुरुन्तै लेखिदिन्छु', गीतकार थापा भन्छन्, 'गीत लेख्ने सबैको आ-आफ्नै शैली हुन्छ, तर गीत फास्ट र स्लोचाहिँ ट्युनले गर्छ ।' थापाको बुझाइमा अहिले गीत सुन्ने संस्कार भाँडिएर गएको छ । 'मैले गीत लेख्न थालेको ६० वर्ष भयो । पछिल्लो समयमा श्रोताहरूले कमसल किसिमका गीत सुन्न थालेका छन् । मेरो बुझाईमा अहिलेको पुस्ता गीतमा सिंगो कथा सुन्न चाहँदैन । उनीहरू आफ्नो उमेरका गीत सुन्न चाहन्छन्', थापा भन्छन् ।

गीतकार राजेन्द्र थापा गीतको लेखन छिटो र ढिलो भन्ने नहुने दाबी गर्छन् । 'छिटो र ढिलो हिट हुने गीत भन्ने हुँदैन । अहिलेको पुस्ता र चलचित्रले हिट हुने गीत नै खोज्छन् । गीतको लेखन शैली फेरिएकाले कुन गीत हिट हुने र कुन गीत फ्लप हुने भन्ने निश्चित हुँदैन । किनभने पहिले फिलोसिफकल गीतहरू लेखिन्थे । अहिले गीत लेखन शैली फेरिएको छ', गीतकार थापा भन्छन्, 'पहिले-पहिले रेडियो नेपालमा विस्तारै गाइने किसिमका गीत खुबै बज्थे । त्यसलाई जनताले मन पराउँथे पनि, तर अहिलेको पुस्ता सहरिया भैसकेको छ । अहिलेको जीवन फास्ट छ । फेसन, खानपिन, मनोरञ्जन हरेक गतिविधि फास्ट भएकाले पनि गायक-गायिकाले त्यस्तै किसिमका गीत खोज्नु स्वाभाविक हो ।'

थापा समय परिवर्तनसँगै गीतकार पनि फेरिनुपर्ने धारणा राख्छन् । अहिलेको आधुनिक परिवेशमा संगीत पनि आधुनिक र प्रविधियुक्त भएकाले त्यसको गतिलाई गीतकारले समेत समात्नुपर्ने धारणा राख्छन् । 'कपडा सिलाउने मास्टरसँग ५० वर्षअघिको डिजाइनको लुगा माग्यो उसले दिन सक्दैन, तर अहिलेको डिजाइन माग्यो भने उसले तुरुन्तै दिन सक्छ', थापा भन्छन्, 'अहिलको डिजाइन मन नपराउनु वा अहिलेको डिजाइनमा हिड्न नसक्नु स्रष्टाको कमजोरी हो । अहिलेको पुस्ता र प्रस्तुतीकरण परिवर्तन भएको छ भन्ने कुरा हामी गीतकारले पनि बुझ्नु आवश्यक छ ।'

## मलाई मनपर्छ



### न बिर्से तिमीलाई...

जिन्दगी यो फूलैफूलको
थुँगा हुँदैन
**अन्जु पन्त**

म बाँचेकै तिमीसँग माया लाउन
**प्रमोद खरेल**

तिमीले नसम्झिँदा माया
**मल्लिका कार्की**

ऊ हारेर गई वा जितेर गई
**राज सिग्देल**

तिमीले पराई ठानेपछि
**अन्जु पन्त**

न बिर्से तिमीलाई
**अन्जु पन्त**

बल गरेर यो मन
**स्वरुपराज आचार्य**

डुबायो पापी मायाले
**प्रमोद खरेल**

हेरेको हेरेकै हुन्छु होला
**आफ्नै**

● सहिमा श्रेष्ठ, गायिका

## कुराकानी

# पूर्वीय र पाश्चात्य संगीत सिक्नुपर्छ



● प्रकाश केसी, मिक्सिङ इन्जिनियर, ड्रिम्स स्टुडियो

**म्युजिक एरेन्ज के हो ?**

संगीतकारको कम्पोज (संगीत) को भाव बुझेर त्यसलाई पूर्णता दिन अरू पनि बाजाको सही संयोजन गरेर नयाँ धुन सिर्जना गरी एउटा पूर्ण गीत बनाउने काम नै म्युजिक एरेन्ज हो ।

**यो काम कसरी गरिन्छ ?**

शब्दको भाव र कम्पोजरको संगीतको भावअनुसार म्युजिक बनाउने काम सफ्टवेयरमा गरिन्छ भने कतिले नोटेसन लेखेर गर्छन् ।

**एरेन्ज सिक्न के गर्नुपर्छ ?**

पहिलो कुरा त संगीत सिक्नुपर्‍यो । त्यसका लागि पूर्वीय र पाश्चात्य संगीत सिक्नुपर्छ भने बाजाहरूको ज्ञान पनि अत्यावश्यक छ ।

**एरेन्जरले जान्नुपर्ने आधारभूत कुराहरू के-के हुन् ?**

पहिलो कुरा संगीतको अध्ययन गर्नुपर्छ । कुनै पनि कुरालाई हृदयदेखि नै महसुस गर्ने क्षमता हुनुपर्छ । कम्प्युटरको ज्ञान पनि आवश्यक छ । बाजाहरूको ज्ञान पनि हुनुपर्छ भने म्युजिक सिर्जना गर्ने सफ्टवेयरका बारेमा समेत अध्ययन गर्नुपर्छ । आधुनिक प्रविधिमा काम गर्न कम्प्युटरको ज्ञान पनि आवश्यक छ ।

**यो काम कत्तिको झन्झटिलो छ ?**

निकै गाह्रो छ । यसमा समय खर्च गरेर मात्र हुँदैन । भावनामा डुब्न आवश्यक छ ।

**संगीतमा एरेन्जको महत्व कति छ ?**

धेरै नै छ । यसले कुनै पनि गीतलाई पूर्णता दिन्छ ।



KMG
WITHOUT FEAR OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST





## वेवमा भैरे

नेपाली चलचित्र 'भैरे' अघिल्लो साता युट्युब ट्रेन्डिङको पहिलो स्थानमा पर्न सफल भयो। दुई साताअघि म्युजिक नेपाल युट्युब च्यानलबाट अपलोड गरिएको यो चलचित्र सोमबारसम्म ३१ लाख ९ हजार पटक हेरिएको छ। एभरेस्ट सूर्य बोहोराद्वारा निर्देशित यो चलचित्र व्यवसायिक रुपमा भने असफल भएको थियो। युट्युबमा भने यसलाई दर्शकहरूले सकारात्मक प्रतिक्रिया दिइरहेका छन्। चलचित्र भैरेमा दयाहाङ राई, विक्रान्त बस्नेत, बुद्धि तामाङ, वर्षा शिवाकोटी, सुरक्षा पन्त, जयनन्द लामा, अनुभव रेग्मी, जान्वी बोहोरा, सुनिल थापा, सुरबीर पण्डित, सबिता गुरुङ आदि कलाकारले अभिनय गरेका छन्। यो चलचित्रलाई युट्युबमा ३१ हजारले लाइक तथा करिब २ हजार जनाले डिसलाइक गरेका छन् भने त्यसमा ३ हजारभन्दा बढी कमेन्ट आएका छन्।



## युट्युबमा रिसानी माफ

कुनै बेला कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको हास्य टेलिश्रृंखला 'रिसानी माफ' यतिबेला युट्युबमा वेब सिरिजका रूपमा प्रसारण भैरहेको छ। युट्युबमा रिसानी माफ शीर्षकको च्यानलबाट मात्र प्रसारण हुने यो श्रृंखला गायक तथा अभिनेता राजकुमार देवकोटाले निर्माण गरेका हुन्। जसमा उनले हिराकाजीको भूमिका निर्वाह गरेका छन्। ६९ भाग प्रसारण भैसकेको यो श्रृंखलाको निर्देशन प्रकाश सुवेदीले गरेका हुन्। यो श्रृंखलामा समसामयिक विषयवस्तुलाई हास्य व्यंग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ।

## कुरा मात्र भो

एनटिभी प्लसबाट प्रसारण हुँदै आएको हास्य श्रृंखला 'कुरा मात्र भो' अब नेपाल टेलिभिजनबाट प्रसारण हुने भएको छ। यसअघि शुक्रबार प्रसारण हुँदै आएको उक्त श्रृंखला यही सातादेखि प्रत्येक शनिबार राती ८:३० बजेदेखि प्रसारण हुन थालेको हो। ११ भाग प्रसारण भैसकेको यो श्रृंखलाको निर्देशन अर्जुन गौतमले गरिरहेका छन्। सामाजिक तथा समसामयिक विषयवस्तु समेटिएको श्रृंखला कुरा मात्र भो युट्युबमा जेसिका इन्टरटेन्मेन्ट च्यानलमा समेत हेर्न सकिन्छ। यो श्रृंखलामा उत्तम अर्याल कोदे, लक्ष्मण चौलागाईं, सानु घायल, रामप्रसाद महर्जन, सत्यदेवि थापा, रितु लामा, जयराम सापकोटा, ग्याम्जो लामा तामाङ, रामचन्द्र थापामगर, विकास यादव, राजु झकास, वीरबल घले, धर्म भण्डारी, धर्मराज भट्टराई, भोला अधिकारी, लक्ष्मु बस्नेत, सुमित्रा रिमाल, प्रनिशा कार्की, कपिल देवकोटा, रविन तामाङ, हरीकृष्ण भण्डारी, राजु श्रेष्ठ, सन्तोष पाण्डे, जनकराज जोशी आदि कलाकारले अभिनय गरिरहेका छन्।

ह्याप्पी वर्थ डे

# रिमा छोरीजस्ती



अभिनेत्री रिमा विश्वकर्मा सोमबारदेखि ३० वर्षमा प्रवेश गर्दैछिन्। सन् १९८९ मा बर्दियाको गुलरियामा जन्मिएकी रिमा ७ कक्षामा अध्ययनरत छँदा टेलिभिजन कार्यक्रम 'जाँदाजाँदै'बाट सञ्चार क्षेत्रमा आएकी हुन्। कार्यक्रम प्रस्तोता, मोडल, कार्यक्रम सञ्चालिका हुँदै चलचित्र अभिनयमा सक्रिय गरेकी विश्वकर्मा निकै गतिशील छन्। रिमाको जन्मदिनका अवसरमा विभिन्न क्षेत्रका कलाकर्मीले साप्ताहिकमार्फत यसरी शुभकामना दिएका छन् :



रिमालाई सर्वप्रथम त जन्मदिनको धेरै-धेरै शुभकामना। रिमाको इच्छा, क्षमता, आत्मविश्वास अनि बोल्ने कला-शैली देखेर नै मैले कक्षा ७ मा पढ्दापढ्दै पहिलो पटक उनलाई मिडियामा ल्याएको हुँ। त्यति बेला पनि उनको कार्यक्रम धेरै हिट थियो, धेरैले मन पराउँथे। उनी कामप्रति निकै सचेत र जिम्मेवार छिन्। एकपटक कामको जिम्मा लिइसकेपछि त्यो काम पूरा गरेरै छाड्ने उनको स्वभाव छ। आजका दिनमा उनले गरेको यतिका प्रगति देख्दा मलाई आफ्नी छोरीले शिखर चुमेजस्तो महसुस हुन्छ। मलाई गर्व लाग्छ, उनले आफ्नो सँगै मेरो समेत सपना पूरा गरेकी छिन्।

**हेमन्त गौतम, निर्देशक**



रिमा भविष्यप्रति साह्रै सचेत छिन्। ध्यान दिएर काम गर्ने उनको बानी छ। बच्चैदेखि कार्यक्रम चलाउने हुनाले मैले उनलाई टेलिभिजनहरूमा देखिरहेको हुन्थें, पछि धेरै पटक उनीसँगै स्टेज शोहरू गर्ने मौका मिल्यो। हरेक क्षेत्रमा सुहाउने आइडल जोडीहरू हुन्छन्। नेपाल आइडलको होस्ट गरेपछि धेरैले उनलाई र मलाई कार्यक्रम सञ्चालन गर्न मिल्ने जोडी भन्नुभएको छ। मलाई पनि उनी आफूलाई मिल्ने र सुहाउने उद्घोषक जोडीजस्तो लाग्छ। उनको आउँदो वर्ष अझ हर्षोल्लासपूर्ण होस्, अझै प्रगति गर्दै जाऊन्- धेरै-धेरै शुभकामना।

**सुशील नेपाल, कार्यक्रम सञ्चालक**



रिमा र मेरो फ्रेन्डसिपको बोन्डिङ १० वर्ष पुरानो हो। मैले उनलाई सुरुमा स्वर मुभीका क्रममा भेटेकी हुँ। साथीको सम्बन्धको विषयमा एउटा भनाइ छ- साथीभाइसँगको सम्बन्ध निरन्तर ७ वर्षसम्म टिक्यो भने त्यो आजीवन चलिरहन्छ। रिमा आफूसँग नजिक हुनेहरूको केयरिङ गर्ने, सुखदुःखमा साथ दिने खालकी छिन्। साथीभाइलाई आवश्यक परेका बेला जहाँ पनि उपस्थित हुन्छिन्। आफ्नो काममा ध्यान दिने र आफ्नो जिम्मेवारी पूरा गर्ने उनको बानी छ। गत वर्ष रिमाको जन्मदिनमा म यहाँ थिइन्। यसपटक फेरि पनि म हुन्न होला। जे-जस्तो भए पनि रिमालाई जन्मदिनको अग्रिम शुभकामना। आउने वर्ष थपसुखद होस्।

**बेनिशा हमाल, अभिनेत्री**



रिमाजीलाई जन्मदिनको अनि कमेडी च्याम्पियनको एकमुस्ट शुभकामना। मैले गीतको सिलसिलामा उहाँसँग काम गर्ने अवसर पाएको छु। मलाई उहाँ धेरै मेहनती र क्षमतावान् लाग्नुहुन्छ। रिमासँग काम गर्ने जसले पनि सहज महसुस गर्छन्। नयाँ कलाकारलाई सिकाउने र काम गर्न सजिलो बनाउने स्वभाव उहाँमा छ।

**अमृत क्षेत्री, गायक**

प्रस्तुति प्रकाश रानाभाट

केवल एक प्रश्न

# दाह्री-जुँगा पालेको केटा मन पर्छ कि नपालेको ?



कृष्टिना गुरुङ, अभिनेत्री

मलाई दाह्रीजुँगा पालेको केटा मन पर्छ। केटाहरूलाई दाह्रीजुँगा पालेको सुहाउँछ र दाह्रीजुँगामा उनीहरू भलादमी पनि देखिन्छन्, तर धेरै पालेको भने मन पर्दैन।

**मनीषा सापकोटा, मोडल**

केटा मान्छेका लागि दाह्रीजुँगा त गहना नै हो भनिन्छ। त्यसैले पनि मलाई केटाहरूले हल्का दाह्रीजुँगा पालेको मन पर्छ।

**राधिका हमाल, गायिका**

मलाई त दुवै ठीक लाग्छ। मंगोलियन केटाहरूको दाह्रीजुँगा नै आउँदैन, उनीहरू बिना दाह्रीजुँगा पनि राम्रा देखिन्छन्, त्यस्तै आर्यनहरू दाह्रीजुँगा पाल्दा पनि राम्रा देखिन्छन्।

**उषाकिरण नेपाल, मोडल**

महिलालाई सारी, पुरुषलाई दाह्री भन्छन् नि। त्यसैले मलाई पनि हल्का पालेको त राम्रै लाग्छ। धेरै र लामो दाह्रीजुँगाचाहिँ फोहोरी लाग्छ।

**सुशीला गौतम, गायिका**

अलि-अलि पालेको मन पर्छ, तर धेरै पालेको मन पर्दैन। अनुहारलाई सुहाउँदो, ठिक्कको राम्रो हुन्छ।

**सृष्टि खड्का, मोडल**

मलाई त दाह्रीजुँगा पालेको भन्दा नपालेकै केटाहरू मन पर्छन्।

**पूजा शर्मा, अभिनेत्री**

मन पर्दैन, मलाई केटाहरूले दाह्रीजुँगा काटेर चट्ट परेर हिँडेको नै ठीक लाग्छ।

**कला लम्साल, गायिका**

हुन त सबैको आ-आफ्नै च्वाइस हुन्छ। मलाई भने दाह्रीजुँगा नपालेका केटाहरू नै मन पर्छन्, किनभने दाह्री नपाल्नेहरू स्मार्ट देखिन्छन्।

**जाङमु इन शेर्पा, मोडल**

मलाई त दाह्रीजुँगा पाल्ने केटाहरू एकदम मन पर्छन्। दाह्रीजुँगा पाल्नेहरू मर्दजस्ता लाग्छन्।

**नीता ढुंगाना, अभिनेत्री**

अनुहारलाई सुहाउँदो दाह्री पालेको मन पर्छ। दाह्रीजुँगाको केसमा मलाई आफ्नो अनुहारको बनावटलाई विचार गरेर क्लिन सेभ गर्ने केटाहरू पनि ठीकै लाग्छन्।

**शिवानी भट्टराई, मोडल/भिजे**

मलाई ठिक्कको दाह्रीजुँगा पाल्ने केटाहरू मन पर्छन्, तर धेरै झपक्क नमिलाई पालेको चाहिँ मन पर्दैन। दाह्रीजुँगा पाल्ने केटाहरू सुन्दर तथा आकर्षक लाग्छन्।

**समृद्धि पौडेल, मोडल**

मलाई त दाह्रीजुँगा नपालेकै ठीक लाग्छ। चुस्स दाह्रीजुँगा पालेको मान्छे त फोहोरी र रोगी लाग्छ।

**सिन्धु मल्ल, गायिका**

अनुहारको बनावट र जीउडालअनुसार सुहाउँदो दाह्रीजुँगा पालेका व्यक्तिहरू आकर्षक नै देखिन्छन्। दाह्रीजुँगा कसैलाई सुहाउँछ भने कसैलाई साह्रै फोहोरी पनि देखिन्छ। मलाई भने दाह्रीजुँगा चट्ट मिलाएर हिँड्ने छोरा मान्छेहरू राम्रा लाग्छन् तर कसैलाई भने चिल्लो गालामै राम्रो देखिन्छ।

**नीलम ढुंगाना, नृत्यांगना**

आजकल दाह्रीजुँगा पाल्ने त ट्रेन्ड नै छ। मलाई पनि दाह्रीजुँगा पाल्ने केटा मान्छे नै मन पर्छन्। दाह्रीजुँगामा केटा मान्छे मर्दजस्तो र जिम्मेवार देखिन्छन् तर बेलाबेला दाह्रीजुँगा काँटछाँट भने गरिरहनुपर्छ।

**शिल्पा घले, मोडल**

त्यस्तो धेरै होइन, ठिक्क दाह्री पालेको मन पर्छ, किनभने यस्तो दाह्रीमा केटाहरू असाध्यै स्मार्ट र क्युट देखिन्छन्।

**अनु शाह, अभिनेत्री**

दाह्रीजुँगा पाल्नेहरू नै मन पर्छन्। दाह्रीजुँगा पालेको केटा मर्दजस्तो जस्तो लाग्छ।

**जेविका कार्की, अभिनेत्री**

एकछिन त सोच्नै बाध्य भएँ। मलाई दुवै मन पर्छ। अर्को कुरा, दाह्रीजुँगा हुनु-नहुनु बाहिरी आकर्षण मात्र हो, मचाहिँ बाहिरी आकर्षकभन्दा पनि बौद्धिक खालका केटाहरूबाट आकर्षित हुन्छु।

**कृष्टिना गुरुङ, अभिनेत्री**

मान्छे हेरेर हुन्छ। कसैलाई दाह्रीजुँगा सुहाउँछ भने कसैलाई सुहाउँदैन। टिनएजका केटाहरूले पालेको देख्दा, यो के बिजोग गरेको होला जस्तो लाग्छ। किनभने स्कुल-कलेज जाने उमेरमा अनुहार सफा देखिँदैन। अर्को जोगीले जस्तो पालेको पनि मन पर्दैन, फोहोरी लाग्छ। यद्यपि कसैले आफ्नो अनुहारको आकारअनुसार मिलाएर सफा राखेको छ भने मन पनि पर्छ।

**जाह्नवी बस्नेत, अभिनेत्री**

दाह्रीजुँगा नपालेका केटाहरूको अनुहार सफा देखिन्छ, त्यसैले मलाई दाह्रीजुँगा पालेको मन पर्दैन।

**शान्तिश्री परियार, गायिका**

मेरो बेस्ट फ्रेण्ड

# हामीबीच तँ-तँ र म-म चल्छ

### रमेशराज भट्टराई

रमेशराज भट्टराई र मेरो भेट २०५८ सालमा भएको हो। त्यतिबेलादेखि नै उहाँ मेरो एकदमै मिल्ने साथी हुनुहुन्छ। अहिले हामी एउटै घरमा बस्छौं। हामीबीच सांगीतिक हिसाबले प्रशस्त कुराकानीका साथै दुःख-सुख साटासाट हुने भएकाले हामी दाजुभाइजस्ता पनि छौं।

### सूर्य रेग्मी

मेरो साथी सूर्य रेग्मी पहिले सांगीतिक क्षेत्रमै हुनुहुन्थ्यो। उहाँ अहिले आफ्नै व्यवसायमा लाग्नुभएको छ। उहाँ मलाई हरेक कुरामा सल्लाह दिनुहुन्छ। म पनि कुनै नयाँ काम उहाँसँग सोधेर मात्र गर्छु। त्यसैले मैले उहाँलाई आफ्नो सल्लाहकार नै मानेको छु।

### मन्जु पौडेल

गायिका मन्जु पौडेलसँग मेरो संगत भएको २०६१ सालदेखि हो। उहाँको उद्घोषण र गायन कला मलाई निकै मनपर्छ। हामी दिदीभाइ जस्ता छौं। मन्जु दिदीसँग भेटेपछि मेरी कान्छी दिदीको न्यास्रो मेटिन्छ। उहाँ पनि मलाई आफ्नै भाइ मान्नुहुन्छ।



• पशुपति शर्मा, गायक

हामीबीच तँ-तँ र म-म चल्छ। हामी एउटै टोलमा बस्ने भएकाले भेटघाट पनि भैरहन्छ।

### दीपक खड्का

दीपक खड्का र म सांगीतिक क्षेत्रमा समकालीन साथी हौं। हामी थुप्रै दोहोरी गीत प्रतियोगितामा प्रतिस्पर्धीका रूपमा प्रस्तुत भएका छौं। उहाँको मन सहयोगी छ, कसैलाई नाइँ भन्न सक्नुहुन्न, एकदमै सरल हुनुहुन्छ। यिनै गुणका कारण उहाँ मेरो मिल्ने साथी बन्नुभएको हो।

### रेशमलाल मरासिनी

नाताले उहाँ मेरो काका पर्नुहुन्छ, तर उमेरले भाइ हुनुहुन्छ। उहाँ हाल कोरियामा हुनुहुन्छ। मैले सुरुसुरुमा गीत निकाल्न लाग्दा पहिले उहाँलाई सुनाएर मात्र रेकर्डङ गराउँथें। भाका बनाउँदा पनि दुई जना सँगै बसेर बनाइन्थ्यो। काठमाडौं आएपछि हामी एउटै कोठामा बस्थ्यौं। संघर्षका दिनमा मैले हिम्मत हारें भने पनि उहाँले ढाडस दिनुहुन्थ्यो। कुनै अप्ठ्यारो पऱ्यो भने सहयोग गर्नुहुन्छ।

प्रस्तुति : महेश तिमल्सिना

विकेन्ड लाइभ



# ठमेलमा क्यू पोली

भियतनामी डिजे क्यू पोली ठमेलस्थित सेनाटे क्लबमा प्रस्तुत हुँदैछिन् । आज शुक्रबार साँझ ७ बजेदेखि क्यू पोलीसँगै बिमान ब्यान्ड र डिजे फिन्जोक, नोर्चेन, विधान, आर्जन तथा सोनामले पनि डिजेइङ गर्नेछन् । यो कार्यक्रममा १८ वर्षभन्दा माथिकाले मात्र प्रवेश पाउनेछन् ।

विकेन्ड स्वाद



# मेक्सिकोको टाको

मेक्सिकोबाट थालनी भएको एउटा मौलिक परिकार अब काठमाडौंमा समेत उपलब्ध हुन थालेको छ । टाको नामको उक्त परिकार पुरानो बानेश्वरस्थित वासुकी मार्गमा हालै सञ्चालनमा आएको फुड क्याफट् क्याफेमा उपलब्ध छ । क्याफेका सञ्चालक सुशान्त गौतमका अनुसार हाल उक्त परिकार भेज तथा चिकेन फ्लेवरमा उपलब्ध छ । चामलको पीठोभित्र विभिन्न प्रकारका सिजनल तरकारी/मासु आदि राखेर तयार पारिने टाको विशेष गरी युवापुस्ताको रोजाइमा पर्दै आएको छ । टाकोको मूल्य भेजिटेरियन १ सय २० रुपैयाँ तथा चिकेन १ सय ५० रुपैयाँ छ ।




# म:म विथ बियर

पानीपोखरीस्थित जेनेसिस क्याफेले द म:म फेस्टको आयोजना गरेको छ । भोलि शनिबार दिउँसो १ बजेदेखि ५ बजेसम्म चल्ने म:म फेस्टमा १ हजार शुल्क तिरेपछि अनलिमिटेड म:म खान पाइने बताइएको छ भने त्यसमा एउटा क्यान बियर पनि प्राप्त हुन्छ । यो म:म फेस्टमा साँझ ७ बजेदेखि १० बजेसम्म रिदिम सन्सले सांगीतिक प्रस्तुतिसमेत दिनेछ ।

विकेन्ड ग्यालरी

# अन्नपूर्णमा मीनाका चित्रकला



विशेष गरी पन्छीलाई आफ्ना चित्रमार्फत प्रस्तुत गर्न सिपालु चित्रकार मीना डंगोलले आफ्ना चित्रकार बुवा हिरालाल डंगोलको स्मृतिमा भोलि शनिबार विशेष प्रदर्शनीको आयोजना गर्न लागेकी छिन् । दरबारमार्गस्थित अन्नपूर्ण होटलमा सञ्चालन हुने यो प्रदर्शनीमा मिनाले तयार पारेका दुई दर्जनभन्दा बढी चित्र प्रदर्शन गरिनेछ । होटलको पहिलो तल्लामा सञ्चालन हुने उक्त प्रदर्शनी भोलि शनिबार बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म चल्नेछ । प्रवेश नि:शुल्क रहेको यो प्रदर्शनीमा बिक्री हुने चित्रकलाको निश्चित रकम च्यारिटीका लागि खर्च गरिने आयोजक लसनासिंह महर्जनले बताएकी छिन् ।

विकेन्ड रेस्टुराँ

# सहरमा बार्दली रेस्टुराँ

अहिले वर्षाको सिजन छ जसलाई रोमान्टिक सिजनका रूपमा लिइन्छ । कंक्रिटको जंगलमा परिणत हुँदै गएको काठमाडौंमा रिमझिम झरीको आनन्द उठाउन त्यति सहज छैन । अग्ला र अव्यवस्थित भवनहरू मनमोहक झरीमा रमाउने कुराको बाधक बनिरहेका छन् । त्यसैले काठमाडौंमा निस्फिक्री झरीको मज्जा उठाउन पनि खुल्ला ठाउँ खोज्दै हिँड्नुपर्ने बाध्यता छ । घरबाटै झरी हेर्ने रहर सबै ठाउँमा पूरा हुन सक्दैन । त्यसैले झरीको आनन्द उठाउन कुनै व्यवस्थित ठाउँको खोजीमा निस्कनुपर्छ ।

त्यसका लागि रमाइला गन्तव्य हुन सक्छन्– काठमाडौंमा भएका बार्दली क्याफेहरू । अझ झरी र खानपिनको आनन्द सँग-सँगै उठाउन सकिने भएकाले बार्दली क्याफेहरू झरीप्रेमीहरूका लागि थप उपयोगी हुन सक्छन् । साप्ताहिकले वर्षाको रिमझिम झरीसँगै खानपिनको आनन्द उठाउन सकिने केही त्यस्तै रेस्टुराँको खोजी गरेको छ ।






लेकाली किचन एन्ड कटिया हाउस, सिनामंगल
बाजेको सेकुवा, बत्तीसपुतली
ब्रिक्स क्याफे, कुपन्डोल
एटिक रेस्टुराँ, ज्ञानेश्वर
चियापान, बालुवाटर
सिद्धार्थ कटेज, धोबीघाट
दरबार स्क्वायर रेस्टुराँ
ख्वप छेँ गेस्ट रेष्टुराँ, भक्तपुर
लया लायकू किचन, पाटन
भेटघाट रेस्टुरेन्ट, अनामनगर
चिकेन स्टेसन, मध्यबानेश्वर
टाइम्स स्क्वायर, बालुवाटार



तस्बिरहरू : नवराज बाग्ले

चलचित्र



# न यता न उता

कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम 'गुड मर्निङ नेपाल'का सञ्चालकमध्ये एक समीर दीक्षित यसै साता प्रदर्शनमा आउने चलचित्र 'न यता न उता'को प्रमुख भूमिकामा प्रस्तुत हुँदैछन् । चलचित्र 'हाइवे'बाट निर्माताका रूपमा चलचित्रमा डेब्यु गरेका समीर थिएटर कलाकार पनि हुन् । यो चलचित्रमा उनी ४० वर्ष कटेको चरित्रमा छन् । अर्का कलाकार मिराज रोशसँगै प्रमुख भूमिकामा देखिने समीरलाई चलचित्रमा मिराजले नै निर्देशन गरेका छन् ।

समीरका अनुसार चलचित्रमा उनले अहिलेको उमेरभन्दा निकै पाको भूमिकामा अभिनय गरेका छन् । 'म दाह्री-कपाल फुलेको, ठूलो भुँडी भएको चरित्रमा प्रस्तुत हुँदैछु । मिडलाइफ क्राइसिसमा केन्द्रित यो चलचित्रले दर्शकलाई जबरजस्ती हँसाउँदैन । चलचित्र मनोरञ्जक छ, यसमा कथाअनुसार दर्शक हाँस्छन् । हामीले नेपाललाई चिनाउने किसिमको चलचित्र बनाएका छौं', दीक्षित भन्छन्, 'मलाई बाल्यकालदेखि नै चलचित्रमा अभिनय गर्ने खुब रहर थियो । त्यो आज आएर न यता न उताले पूरा गरिदिएको छ । चलचित्रमा हृष्टपुष्ट शरीर, राम्रो अनुहार भएकाहरूले मात्र चलचित्रमा अभिनय गर्न सक्छन् भन्ने तथ्यलाई चुनौती दिँदै म आफैं हिरो भएको छु । यो चलचित्र लामो समय विदेश बसेर पनि केही गर्न नसकेका दुई लुजर नेपाल फर्किएपछिको कथामा केन्द्रित छ ।'

निर्देशक मिराजले यो चलचित्रले सामाजिक सन्देश दिने कुरा बताए । 'जो-कोही मानिस आफूले देखेको सपना पूरा नहुँदा निराश हुन्छ, तर यो चलचित्रले यस्ता सपना पूरा नभए पनि प्रयास जारी राखे लक्ष्यमा पुग्न सकिने सन्देश दिन्छ । म १० वर्षदेखि जर्मनीमा बस्दै आएको छु । जर्मनीमा मैले ४० कटेपछि घरजम गरेका धेरै दृश्य देखेको छु । नेपाली समाजमा पनि कतिपय महिला-पुरुषले ४० वर्षपछि विवाह गर्न थालेका छन्', मिराज भन्छन्, '४० वर्षसम्म काम गर्ने, पैसा कमाउने अनि विवाह गर्ने चलन हामीकहाँ पनि चलिसकेको छ । यस्तै कथालाई यो चलचित्रमा प्रस्तुत गरिएको छ । हाम्रो चलचित्र पूर्ण रूपमा व्यवसायिक छ । हामीले एवार्ड प्राप्त गर्न चलचित्र बनाएका होइनौं ।' यो चलचित्र लमजुङ, काठमाडौं तथा लन्डनमा ४० दिन लगाएर छायांकन गरिएको हो ।

ओम गुरुङ र रिना लामा कार्यकारी निर्माता रहेको चलचित्र न यता न उतामा ऋचा शर्मा, छुल्टिम गुरुङ, बुद्धि तामाङ, रविन्द्र झा, सिल्पा जिरेल, राजाराम पौडेल, कमलमणि नेपाल, जीवन भट्टराई, किरण राई आदिले समेत अभिनय गरेका छन् ।

# एकलव्य र सुपर गोर्खे दुवै व्यापारमा कमजोर



गत साता हलमा दुई चलचित्र 'एकलव्य' र 'सुपर गोर्खे' प्रदर्शनमा आए । यी दुवै चलचित्र व्यवसायिक रूपमा असफल भए । पारिवारिक प्रेमकथामा आधारित चलचित्र 'एकलव्य'का निर्देशक अनमोल शर्मा र त्यही विषयको अर्को चलचित्र 'सुपर गोर्खे'का निर्देशक राज थापा हुन् । चलचित्रका वितरक गोपालकाजी कायस्थका अनुसार दुवै चलचित्रको व्यापार उल्लेख गर्न योग्य छैन । 'कुन चलचित्र अगाडि छ भन्दा पनि दुवै चलचित्रको व्यापार उस्तै छ अर्थात् दुवैलाई लगानी उठाउन गाह्रै छ', गोपालकाजीले भने, 'शुक्रबार र शनिबार केही दर्शक भए पनि त्यसयताको दर्शक संख्या न्यून नै छ ।'



उपत्यकाका सिंगल थिएटरमा यी दुवै चलचित्रका दर्शक अत्यन्तै न्यून थिए । हल सञ्चालकहरूका अनुसार कतिपय थिएटरमा कम दर्शक भए पनि उनीहरूले कमै दर्शकको उपस्थितिमा दुवै चलचित्र प्रदर्शन गरेका थिए । एउटा भवनमा धेरै थिएटर भएका गोपीकृष्ण, गुण, अष्टनारायण आदिमा दुवै चलचित्रका दर्शकको उपस्थिति दयनीय थियो ।

चलचित्र 'एकलव्य'मा सोनाम थापा मगर, ओसन भट्टराई, पुष्कर राउत, सुशील पोखरेल, सुष्मा कार्की, महिमा सिलवाल आदि कलाकारको अभिनय छ । त्यस्तै 'सुपर गोर्खे' मा ऋचासिंह ठकुरी, सुरजसिंह ठकुरी, निराजन लुइँटेल, कामना भुजेल आदि कलाकारले काम गरेका छन् ।

रंगमञ्च

# आत्मा ब्युँताउने 'मीमांसा'





राजधानीको अनामनगरस्थित मण्डला थिएटरमा गत साउन १० गतेदेखि मञ्चन भैरहेको नाटक 'मीमांसा' एक मनोचिकित्सकले अर्को व्यक्तिको आत्मासम्म पुग्न गरेको प्रयासमा केन्द्रित छ । यो नाटकको प्रारम्भले एउटा लाश, प्रहरीको समूह र अर्का गैरप्रहरीलाई देखाए पनि यही दृश्यबाट नाटकको पृष्ठभूमि खुल्दै जान्छ । नाटकमा मनोचिकित्सक डा. हरिहर सिग्देलको चरित्रमा नाट्यकर्मी सुनिल पोखरेल तथा डा. अतुल चापागाईंको चरित्रमा राजकुमार पुडासैनी छन् ।

यो नाटकमार्फत रंगकर्मी सुनिल पोखरेल झन्डै सात वर्षपछि रंगमञ्च अभिनयमा फर्किएका छन् । नाटकमा सुनिलले आफ्नो प्रस्तुतिलाई सामान्य अभिनयमार्फत न्याय दिएका छन् । उनका सहयोगी राजकुमार पुडासैनीले पनि ज्वलन्त अभिनय गरेका छन् । घटनाको अनुसन्धान अधिकृतका रूपमा देखिएका कलाकार विजय बराल कहिले हँसिलो त कहिले गम्भीर मुद्रामा देखिन्छन् । उनको अभिनयमा खोट लगाउने ठाउँ देखिँदैन । प्रत्येक दृश्यमा देखिने अन्य पात्रको काम सन्तोषजनक नै छ । नाटकको मञ्च सजावट आकर्षक लाग्छ । पृष्ठभूमिमा बज्ने धुनले पनि दृश्यलाई केही हदसम्म न्याय दिएको छ । नाटकमा निशा पोखरेलको अभिनय भनिए पनि उनलाई दृश्यमा देख्न त पाइँदैन, तर आवाज भने सुन्न पाइन्छ ।

सबैथोक राम्रो हुँदा हुँदै पनि यो नाटकका केही दृश्य लामा लाग्छन् भने नाटकमा प्रयोग गरिएका कतिपय वाक्यको अर्थ बुझ्न गाह्रो पर्छ । आरोहण गुरुकुलले निर्माण गरेको यो नाटक साहित्यकार शंकर लामिछानेको कथा 'आत्माको मीमांसा'मा आधारित छ जुन साउन ३२ गतेसम्म मञ्चन हुने बताइएको छ ।

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक

# परिसी कारञ्जित

**रविभवन, काठमाडौंकी** परिसी कारञ्जित तीन वर्षअघि सम्पन्न मिस नेपाल कल्चरमा फस्ट रनर्सअपको उपाधि जित्दै मोडलिङमा प्रवेश गरेकी हुन् । त्यसयता उनले केही न्याम्प फेसन शो तथा विज्ञापनमा मोडलिङ गरिसकेकी छिन् भने थुप्रै पत्रपत्रिकाका लागि फोटोसेसनसमेत गराइसकेकी छिन् । २० वर्षीया परिसी ५ फिट ५ इन्च अग्ली छिन् । स्नातक तहको अध्ययन पूरा गरेपछि मिस नेपालमा समेत सहभागिता जनाउने योजना बनाइरहेकी परिसी भविष्यसम्म मोडलिङलाई निरन्तरता दिन चाहन्छिन् ।

परिसी कस्मेटिक साइन्सकी विद्यार्थी हुन् । उनी मुम्बईको एउटा विश्वविद्यालयमा नेपालमै नौलो मानिने उक्त विषयमा उच्च शिक्षा हासिल गरिरहेकी छिन् । 'कस्मेटिक प्रोडक्टहरूको उत्पादन, प्रयोगदेखि प्रभावसम्मका विषयमा पढ्नुपर्छ, साप्ताहिकसँगको भेटमा परिसी भन्दै थिइन्– 'नेपालका लागि नौलो विषय भएकाले नै यही विषयमा उच्च शिक्षा हासिल गर्ने निर्णय गरेकी हुँ ।' अहिले उनी पहिलो वर्षको अध्ययन पूरा गरेर बिदा मनाउन काठमाडौं आएकी छिन् । यात्रा तथा संगीतकी सौखिन परिसी आफू क्याजुयल वेयरमा आकर्षक देखिने कुरा बताउँछिन् ।

कृष्ण भट्टराई









Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : महेश प्रधान
लोकेसन : कोहिनूर हाउजिङ, बाफल
मेकअप : रोज ब्युटिपार्लर, रविभवन





# ज्यान घटाउने काइदा

केही समयअघि प्रदर्शनमा आएको चलचित्र 'कीर्तिपुर : द लिजेन्ड अफ कीर्तिलक्ष्मी'का अभिनेता यशराज गरच यतिबेला अर्को चलचित्र 'लभ यु हमेशा'को प्रमोसनमा जुटेका छन् । अग्लो शरीरका यशराज भोजनमा नुन प्रयोग गर्दैनन् भन्दा धेरैलाई विश्वास नलाग्न सक्छ । यशराजले आफ्नो मोटो ज्यान घटाउनकै लागि लामो समयदेखि नुनविहिन खानेकुरा खाँदै आएका छन् । घरमा होस् वा सुटिङस्थलमा, उनी नुन नभएको खानेकुरा नै खान्छन् । त्यसो त घरमा उनका लागि छुट्टै खानेकुरा पाक्छ । शरीरको वजन घटाउन नुन नखाने निर्णय लिएपछि शुरुका तीन दिन उनलाई सकस नै भयो । शरीर असजिलो हुनुका साथै उनको टाउको पनि दुख्यो, तर बानी परेपछि अहिले कहीँ-कतै झुक्किएर नुन खाँदा उनको टाउको दुख्छ । नुन नखाएपछि यशराजको ध्यान फलफूल तथा हरिया सागपातमा जान थालेको छ । ज्यान घटाउनकै लागि अभिनेता तथा अभिनेत्रीहरू जिममा धाइरहेको अवस्थामा यशराजको नुन नखाने काइदाचाहिँ मान्नैपर्छ ।

# दीपाको महादेव पाउने संकेत

युट्युबमा नयाँ-नयाँ तीजका गीत अपलोड हुन थालेपछि शहरमा विस्तारै तीजको रौनकले छोप्न थालेको छ । तीज लक्षित विभिन्न समारोह समेत आयोजना हुन थालिसकेका छन् । तीजले चलचित्रकर्मीलाई व्यस्त समेत बनाउन थालेको छ । काठमाडौंमा तीजकै एउटा गीतको म्युजिक भिडियो सार्वजनिक समारोहमा अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाले तीज प्रतिको आफ्नो आशक्ति व्यक्त गरिन् । गीतकार अमर बान्तु तथा गायिका सहिमा श्रेष्ठको तीज गीत 'हर हर महादेव' को प्रिमियर समारोहमा सहभागिता जनाउने क्रममा अभिनेत्री निरौलाले यसपटक आफूमा महादेवको दृष्टि पर्न सक्ने सम्भावना व्यक्त गर्दै भनिन्–'गीतमा गायिका श्रेष्ठले व्यक्त भएको भावना झैं यसपटकको तीजमा मेरो पनि केही हुने हो कि ?' उक्त गीतमा गायिका श्रेष्ठले यसपटकको तीजमा वर पाउने आशा व्यक्त गरेकी छिन् । त्यसैले पनि समारोहमा उपस्थित केही अतिथिले दीपाश्रीलाई अर्कोपटकको तीजमा जोडीसहित देख्न पाइयोस् भन्ने शुभकामना समेत दिएका थिए ।




मलाई रिस उठ्छ

# धेरै पर्खनु पर्दा

- फेसबुकमा फेक आइडी बनाएर दुरुपयोग गर्नेहरूदेखि
- केटीहरूप्रति दुर्व्यवहार गर्नेहरूसँग
- खुला सडकमा फोहोर फाल्ने मानिसहरूसँग
- आकाशे पुल हुँदाहुँदै पनि पुलमुनिबाट बाटो काट्नेहरूदेखि
- कसैलाई धेरै पर्खनुपर्‍यो भने ।

● मेलिना राई, गायिका



## सुष्माको आक्रोश

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको बिकिनी तस्बिरको चर्चा सेलाउन नपाउँदै अभिनेत्री सुष्मा कार्की पनि त्यस्तै पहिरनमा प्रस्तुत भएर चर्चामा आएकी छिन् । सुष्मा आफैंले ग्ल्यामरस स्वीमिङ कस्टुम लगाएको तस्बिर फेसबुकमा अपलोड गरेपछि केही अनलाइनमा ती तस्बिरसहित समाचार प्रकाशित भए । तस्बिर प्रकाशित भएलगत्तै नकारात्मक चर्चा चल्न थालेपछि सुष्माले फेसबुकबाटै आफ्नो आक्रोश पोखेकी छिन् । सुष्माको भनाइ छ– 'स्वीमिङ पुलमा कुर्ता लगाएर स्वीम गर्नु पर्ला अब ।' उनको आक्रोश यतिमै सीमित छैन । कार्कीले थपेकी छिन्– 'काम नपाएकाहरू पैसा कमाउन अरूको फेसबुकबाट फोटो तान्दै न्यूज बनाउने...भिखारीहरू अर्काको फोटो युज गरेर पैसा कमाऊ...।' उक्त स्टाटस लेखेको केही समयपछि नै उनले स्वीमिङ कस्टुमकै अर्को तस्बिर सार्वजनिक गर्दै लेखिन्– 'यो पिक्चर पनि अब भाइरल...।' सुष्माको पछिल्लो स्टाटस हेरेपछि के अनुमान लगाउन सकिन्छ भने उनले अनलाइन तथा युट्युब च्यानलहरूलाई चिढाउनैका लागि त्यस्ता तस्बिर अपलोड गरेकी हुन् ।

## स्वस्तिमाको व्यंग्य

चलचित्र 'हजार जुनी सम्म' को ट्रेलर सार्वजनिक समारोहमा पहेंलो रंगको वनपिसमा प्रस्तुत भएकी स्वस्तिमाले आफूले बिर्सेर पनि यति र उति पारिश्रमिक लिएको कुरा सार्वजनिक नगर्ने बताइन् । 'म चलचित्रको स्क्रिप्ट र मैले निर्वाह गर्ने भूमिकालाई पहिलो प्राथमिकता दिन्छु उनको भनाइ थियो–'त्यसपछि मात्र पारिश्रमिकको कुरा आउँछ ।' स्वस्तिमाले आफ्नो उमेरका बारेमा राखिने जिज्ञासामा जवाफ दिए पनि आफूले पाउने पारिश्रमिकका बारेमा भने कहिले मुख नखोल्ने दावी गरिन् । अभिनेता-अभिनेत्रीहरूले १५ लाख, २० लाख हुँदै ५० लाखसम्म पारिश्रमिक लिएको घोषणा गर्ने ट्रेण्डप्रति व्यंग्य गर्दै खड्काले भनिन्– 'कलाकार र निर्माताबीच कुरा मिलेपछि पारिश्रमिक घोषणा गर्नु सामान्य नै होला, तर तपाईंले २० लाख रुपैयाँ पारिश्रमिक लिनु हुन्छ भने ५० लाख रुपैयाँ फिर्ता गर्ने क्षमता पनि राख्नुपर्छ ।' स्वस्तिमाले पारिश्रमिक चाहिं २० लाख लिने अनि निर्माताले ५ लाख पनि उठाउन नसक्ने स्थिति साह्रै नमज्जाको भएको समेत बताइन् ।



तस्बिर : आर्यन बिमली

ब्याक बाइट्स

# स्लिम भए सुनमा सुगन्ध

### अभिनेता बुद्धि तामाङबाट केकी अधिकारी



रंगमञ्चको अभिनयबाट उदाएका अभिनेता बुद्धि तामाङ अहिले चलचित्र अभिनयमा व्यस्त छन् । 'साँघुरो'बाट चलचित्र अभिनयमा 'डेब्यु' गरेका बुद्धिले दुई दर्जनभन्दा बढी चलचत्रिमा अभिनय गरिसकेका छन् । हाल चलचित्र 'छ माया छपक्कै'को काममा व्यस्त बुद्धि अभिनीत चलचित्र 'रातो गलबन्दी' प्रदर्शनको तयारीमा छ । यो चलचित्रमा बुद्धिसँगै अभिनेता कोशिस क्षेत्री तथा केकी अधिकारी प्रमुख भूमिकामा छन् । बुद्धिले केकीसँग 'घामपानी', 'कोहलपुर एक्सप्रेस', 'न यता न उता' तथा 'छ माया छपक्कै'मा अभिनय गरिसकेका छन् । साप्ताहिकको यसपटकको ब्याकबाइट्समा अभिनेता बुद्धिले अभिनेत्री केकी अधिकारीका राम्रा र सुधार्नुपर्ने पक्षका बारेमा खुलेर कुरा गरेका छन् :

## सकारात्मक पक्ष

### अभिनयमा अब्बल

केकीजी अभिनयमा निकै गम्भीर भएर काम गर्नुहुन्छ । उहाँ सोचेर-बुझेर मात्र काम गर्ने कलाकार हो । कामप्रतिको उहाँको इमान्दारिता पनि प्रशंसनीय छ ।

### सरल बोलीचाली

उहाँको बोली सरल र मीठो लाग्छ । व्यक्तिगत हिसाबले पनि उहाँ सजिलैसँग घुलमिल हुनुहुन्छ । उहाँको जिस्किने र बोल्ने बानी पनि नम्र किसिमको छ । उहाँ टिममा काम गर्नसजिलो कलाकार हो ।

### व्यवहारमा असल

उहाँ व्यवहारिक हिसाबले पनि असल कलाकार हो । अहिलेसम्म जति चलचित्रमा उहाँसँग काम गरें कुनै पनि चलचित्रमा नराम्रो व्यवहार पाइनँ । व्यवहारिक हिसाबले कसैलाई पनि सानो-ठूलो मान्नुहुन्न । उहाँकै चलचित्रमा काम गर्दा स्पटब्वाइदेखि निर्देशकसम्म सबैप्रति समान व्यवहार गरेको पाएँ ।

### समय पालक

उहाँलाई म समयपालकका रूपमा लिन्छु । अहिलेसम्म सँगै काम गर्दा उहाँ जहिल्यै समयमै आउनुहुन्छ । कहिले पनि ढिलो आएको र ढिलो काम गरेको देखिनँ ।

## सुधार्नुपर्ने बानी

### दुब्लाउँदा राम्रो

हुन त उहाँ अहिले पनि उत्तिकै सुन्दर हुनुहुन्छ, अतिकति स्लिम हुनुभयो भने सुनमा सुगन्ध थपिन्थ्यो ।

### स्टाइलमा सुधार

अहिलेको पुस्ताका अभिनेत्रीहरू निकै स्टाइलिस देखिन्छन् । उहाँले पनि आफूलाई स्टाइलिस बनाउँदै लानुपर्छ ।

### नृत्य सिक्नुपर्‍यो

हुन त उहाँ यसमा कमजोर हुनुहुन्छ भन्न खोजेको होइन, तर सबै प्रकारका नृत्यमा पारंगत हुनुभयो भने उहाँकै करियरलाई फाइदा हुने थियो ।

### छनौटमा ध्यान दिने कि ?

चलचित्रको अभिनेत्री तथा निर्मात्री नै भैसकेकी कलाकार, म्युजिक भिडियोमा पनि उत्तिकै सक्रिय देख्छु । म्युजिक भिडियोमा अभिनय गर्ने क्रममा चाहिं कोसंग अभिनय गर्दैछु, कस्तो गीतमा गर्दैछु भन्ने कुरामा ध्यान पुर्‍याए अझ राम्रो हुन्छ ।

# राजनीतिमा सेलिब्रेटी ग्ल्यामर

किशोर नेपाल



> बाहिरी समाजमा समाजका हरेक पक्षमा र हरेक क्षेत्रमा प्रसिद्ध महिला तथा पुरुषहरूको संख्या निकै आकर्षक छ । अमेरिकामा त प्रत्येक मिनेटमा जन्मिन्छन् होला सेलिब्रिटी । यो अर्कै कुरा हो, हाम्रो समाजमा सेलिब्रिटी हैसियत धेरैजसो राजनीतिसँग जोडिएर काम गरेका महिलाले कमाएका छन् । केही दशकअघिसम्म, विशेष गरेर, राजनीतिमा जोडिएर राम्रो काम गर्ने, समाजमा चलेको भन्दा फरक शैलीको व्यवहार गर्ने, फरक शैलीको पोसाक लगाउने, राम्रा र सामान्य मानिसको पहुँचबाहिरको गहनाले सुसज्जित हुने महिलाको हैसियत 'गन्यमान्य', प्रसिद्ध वा सेलिब्रेटी मानिन्थ्यो । सांस्कृतिक हिसाबले नेपालको पहिलो सेलिब्रिटी कलाकार थिइन्– गायिका रानू देवी अधिकारी । उनको क्रेज अहिले पनि उत्तिकै छ ।

नेपाली समाजमा सामान्य मानिसले कमाउने 'सेलिब्रिटी हैसियत' अर्थात् व्यापक प्रसिद्धि नयाँ कुरा होइन । प्रसिद्धिको चाहना र चाहनाअनुसारको हैसियत ! यो आकांक्षा सबै समाजमा छ, बराबरी छ । नेपाली समाज मात्र यसको अपवाद होइन । बाहिरी समाजमा समाजका हरेक पक्षमा र हरेक क्षेत्रमा प्रसिद्ध महिला तथा पुरुषहरूको संख्या निकै आकर्षक छ । अमेरिकामा त प्रत्येक मिनेटमा जन्मिन्छन् होला सेलिब्रिटी । यो अर्कै कुरा हो, हाम्रो समाजमा सेलिब्रिटी हैसियत धेरैजसो राजनीतिसँग जोडिएर काम गरेका महिलाले कमाएका छन् । केही दशकअघिसम्म, विशेष गरेर, राजनीतिमा जोडिएर राम्रो काम गर्ने, समाजमा चलेको भन्दा फरक शैलीको व्यवहार गर्ने, फरक शैलीको पोसाक लगाउने, राम्रा र सामान्य मानिसको पहुँचबाहिरको गहनाले सुसज्जित हुने महिलाको हैसियत 'गन्यमान्य', प्रसिद्ध वा सेलिब्रेटी मानिन्थ्यो । सांस्कृतिक हिसाबले नेपालको पहिलो सेलिब्रिटी कलाकार थिइन्– गायिका रानू देवी अधिकारी । उनको क्रेज अहिले पनि उत्तिकै छ ।

अघिल्लो जमानाका सेलिब्रिटीहरूमा पुण्य प्रभादेवी ढुंगाना, कमल राणा, अंगुरबाबा जोशी, सुशीला थापालगायतका थुप्रै राजनीतिकर्मी थिए । उनीहरूको व्यक्तित्वमा प्रत्यक्ष देखिने समृद्धिको छटा, उनीहरूको स्वभाव र प्रस्तुति तथा राज-परिवारसँगको निकटताले उनीहरूको पहिचान सेलिब्रिटीका रूपमा हुन्थ्यो । यी सेलिब्रिटीहरू कुनै न कुनै हिसाबले सत्तासँग जोडिएकै हुन्थे । राज-दरबारसँग जसको निकटवर्ती सम्बन्ध रह्यो, ऊ सेलिब्रिटी भैहाल्यो ।

यद्यपि त्यो कालखण्डमा सेलिब्रिटी हैसियत राख्ने महिलामा राजाका पक्षमा लाग्ने मात्र थिएनन् । मंगलादेवी सिंह, नोना कोइराला, शैलजा आचार्य, साधना प्रधान, साहना प्रधानजस्ता महिलाहरू साहस र सौर्यका लागि प्रसिद्ध रहे । उनीहरूको त्यो प्रसिद्धि सबैका लागि प्रेरणादायक छ । शौर्य र साहसका हिसाबले कुरा गर्ने हो भने सम्भवतः शैलजा आचार्यको बराबरीमा कोही आउन सक्दैनन् । बंगलादेशको मुक्तियुद्ध र आफ्नै देशमा प्रजातन्त्र स्थापनाका लागि भएको हतियार बन्द आन्दोलनमा शैलजाको भूमिका खतरनाक थियो । नेपालमा स्वतन्त्रता र प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि जीवन उत्सर्ग गर्न तयार शैलजा आचार्य 'सेलिब्रिटीहरूकी सेलिब्रिटी' थिइन् ।

पछिल्लो समयमा हाम्रो देशमा सेलिब्रिटीको परिभाषा बदलिएर अलि व्यापक भएको छ । राजनीति उदार हुँदै गएपछि त्यससँगै आर्थिक, सामाजिक एवं सांस्कृतिक गतिविधिमा पनि उदारवाद प्रतिविम्बित हुनु स्वाभाविक हो । यसै क्रममा नेपाली समाजमा व्यवसायिक सिनेमाको प्रवेश भयो । सिनेमाको प्रवेशपछि नेपालीसंसार झलमल्ल खुल्यो । प्रतिभाशाली कलाकारहरू सिनेमा निर्माणको क्षेत्रमा रंगमंगिन थाले । सिनेमामा निजी क्षेत्रको प्रवेशपछि सेलिब्रिटी शब्दको परिभाषा नै बदलियो । त्यसपछि सिनेमा तथा नाट्य संसारमा सफल अभिनेता-अभिनेत्री, सांस्कृतिक जीवनमा सफल गायक-गायिकाका साथै सामाजिक जीवनमा सफल समाजसेवीको गणना सेलिब्रिटीमा हुन थाल्यो । परिभाषा जतिसुकै बदलिए पनि सबैको आकर्षणको केन्द्रबिन्दु राजनीति रह्यो । त्यो भने बदलिएन । राजनीतिमा समाज परिवर्तन गर्ने जुन ताकत छ, त्यो अरू कुनै नीतिमा छैन भन्ने मानसिकताको निर्माण भयो सेलिब्रिटीहरूमा ।

नेपालका तीन जना सेलिब्रिटी अहिले चर्चामा छन् : अभिनेत्री करिश्मा मानन्धर, गायिका कोमल वली तथा अभिनेत्री रेखा थापा । केही समय पहिलेसम्म ग्ल्यामरको संसारमा प्रसिद्धि कमाएका यी तीनै जनाको चाख राजनीतिमा छ । यी तीनै जना आ-आफ्नै हिसाबले राजनीतिमा स्थापित छन् । यी तीनै जना राजनीतिलाई सामाजिक परिवर्तनको धारिलो हतियार बनाउने इरादा राख्छन् ।

## राजनीतिमा अवसरको महत्त्व छ

■ कोमल वली

नेपाल कम्युनिस्ट पार्टीको नेता र सांसदका रूपमा गायिका सेलिब्रिटी कोमल वली निकै प्रसन्न छिन् । भन्छिन्, 'जनताको यति ठूलो विश्वास पाएको नेपाल कम्युनिस्ट पार्टीको आज्ञाकारी कार्यकर्ताका रूपमा म खुसी छु । अहिले म १८ घण्टा जनताको काममा खटिइरहेकी छु । बिहान सात बजे घरबाट निस्किएपछि साँझ एकैपटक नौ बजे घर छिर्छु । काठमाडौंमा काम नभएका बेला सधैं जिल्लामा रहेर जनताको चाहना पूरा गरिरहेकी हुन्छु । एउटा सांसदको कर्तव्य पनि त्यही हो । होइन त ?'

दाङ जिल्लाको प्रतिनिधित्व गर्ने सांसद वली अहिले उद्योग वाणिज्य संघ, सहकारी संस्थाहरू, गाउँ तथा नगर पालिकाका गतिविधिको निरीक्षणमा लागेकी छिन् । आफ्नो जिल्लाको सबैतिर विकासले छपक्क ढाकेको देखेर उनी मख्ख परेकी छिन् । कम्युनिस्ट पार्टीको सच्चा कार्यकर्ताका रूपमा वली भन्छिन, 'अब त दाङ जिल्लामा बाटो नगएको ठाउँ नै छैन । गाउँको विकास राम्रोसँग भएको छ । जनतालाई खान, लाउन कुनै दुःख-कष्ट छैन । म त जता हेर्छु सबैतिर त्यस्तै देख्छु । गाउँमा सबैका घर छन् । एक तलाको ढलान गरेको घर । मानिसहरू पहाडबाट उपत्यकामा झरेका छन् र आनन्दसँग बसेका छन् । जे छैन त्यो के भने किसानले मल पाएका छैनन् । बिचौलियाहरूले बोराको २४ सय पर्ने मल ४८ सयमा बेचिरहेका छन् । मूल्य नियन्त्रणमा छैन ।

कोमलको दाबी छ : उनले आफ्नो र वरपरका जिल्लाको स्थितिको राम्रो आँकलन गरेकी छिन् । उनी भन्छिन्, 'जनता खुसी छन् । हो, गाउँमा चाहिने जति मानिस छैनन् । यो अलिकति खट्किने कुरा हो । बढीभन्दा बढी तन्नेरी विदेशमा छन् । यति हुँदाहुँदै पनि सरकारले स्वास्थ्य बिमा गरिदिने कुराले जनता खुसी छन् । वृद्धभत्ता त छँदै थियो । अहिले बेरोजगार भत्ता दिने कुराले जनतामा उत्साह थपिएको छ ।' कोमलका कुरा असत्य होइनन् तर रित्तो गाउँमा काल पर्खेर बसेका बाबुआमाको मनमा हुने छोराछोरीको मायाको तुलनामा सरकारी सुविधा चित्त बुझाउने बाटो होइन । यस हिसाबमा कोमलले राजनीतिक भाषा बोल्न जानेकी हुन् ।

कोमल वली राष्ट्रिय प्रजातन्त्र पार्टीमा थिइन् निर्वाचित सदस्यका हैसियतले । राप्रपा फुट्यो । उनलाई लाग्यो, 'यो राप्रपामा लागेर कतै पुगिँदैन ।' त्यसपछि उनले नेपाल कम्युनिस्ट पार्टीलाई हेरिन् । उनलाई यो पार्टी राप्रपाजस्तै नेपालवादी लाग्यो । 'केपी ओलीजस्ता लोकप्रिय नेता अध्यक्ष भएको पार्टी । आफू 'देशका प्रति सधैं कर्मठ व्यक्ति । उनले 'नेपालवादी' नेकपामा लाग्नुको विकल्प देखिनन् ।

कोमलको भनाइ थियो, 'राजनीतिमा अवसरको महत्व हुन्छ । राजनीतिमा आउने हरेक मानिसले आफ्नो भविष्य कसरी सुरक्षित हुन्छ त्यो हेर्छ । मैले पनि त्यही हेरेकी छु । पार्टी नेतृत्वबाट मेरो राम्रो मूल्यांकन हुन्छ भन्नेमा मलाई विश्वास छ । प्रधानमन्त्रीज्यूको विवेकमा मलाई विश्वास छ । उहाँलाई उपयुक्त लागे मन्त्री बन्नु ठूलो कुरा पनि होइन ।'

# राजनीतिमा फेल भएकी छैन

■ करिश्मा मानन्धर



करिश्मालाई लाग्यो, सिनेमा त छँदैछ आफ्नो ठाउँमा । सिनेमाको पेसामा उनी जमिसकेकी छिन् । अब त उनले समाजका लागि काम गर्नुपर्छ । समाजका लागि प्रभावकारी काम गर्न राजनीतिमा लाग्नुलाई अपरिहार्य मानिन् करिश्माले । उनी डा. बाबुराम भट्टराईको राजनीतिक व्यक्तित्वबाट प्रभावित हुन थालेकी थिइन् । बाबुराम प्रधानमन्त्री भएका बेला उनले गरेका निर्णय, उनको कार्यशैली एवं विद्वताबाट प्रभावित थिइन् करिश्मा । हुन पनि बाबुराम माओवादी पार्टीभित्रका प्रभावशाली नेता थिए ।

बाबुराम बिस्तारै आफ्नो पार्टीसँग बिच्किन थाले । पार्टी अध्यक्ष प्रचण्डसँग उनको असहमति चरमचुलीमा पुग्यो । उनले माओवादी पार्टी छोडे र 'नयाँशक्ति' पार्टीको बीजारोपण गरे । करिश्मा बाबुरामको नयाँ शक्ति पार्टीको सदस्य बनिन् । उनलाई नयाँ शक्ति पार्टीको सिद्धान्त र शैली दुवै राम्रो लागेको थियो । डा. बाबुराम भट्टराईको व्यक्तित्वको चमत्कारिक तेजले उनका आँखा तिरमिराएका थिए । डाक्टर सा'बको बुद्धि र विद्वताले उनलाई आकर्षित गरेको थियो । दिनहरू राम्रैसँग बितिरहेका थिए । पार्टीले दिएको भूमिका बडो मनोयोगका साथ निर्वाह गर्दै थिइन् करिश्मा । उनी असन्तुष्ट थिइनन् ।

करिश्माले निम्न माध्यमिक तहसम्म मात्र पढेकी थिइन् । उनको आकांक्षा अलिकति पढ्ने र अझ सक्षम बन्ने थियो । उनले माध्यमिक शिक्षा पूरा गर्न एसईई परीक्षा दिने निर्णय गरिन् । त्यो पनि नियमित स्कुल पढ्न गएर । पार्टीमा खासै काम थिएन । पार्टी 'व्यक्ति बाबुराम' केन्द्रित भएकाले त्यसमा अरू कसैले महत्व पाउने कुरा पनि भएन । करिश्माले नियमित अध्ययन गरेको कुरालाई पार्टीका नेताका साथै अन्य कार्यकर्ताले खासै मन पराएका थिएनन् । करिश्माले साप्ताहिकसँग भनिन्, 'मेरो अध्ययनको चर्चा गर्दा पार्टीले मैले पार्टीबाट अध्ययन बिदा लिएर पढ्न गएको बतायो । डाक्टर साहेबले पनि त्यही भन्नुभयो । त्यसपछि मेरो चित्त दुख्यो । म पार्टीको कुनै काम बिथोलिने गरी पढ्न गएकी थिइनँ ।'

करिश्मा नयाँ शक्ति पार्टीको विलय समाजवादी वा अन्य कुनै पार्टीसँग होस् भन्ने चाहन्नथिन् । उनले बताइन्, 'नयाँ शक्ति आफैंमा नयाँ संरचना थियो । त्यो पार्टीसँग मैले अपनत्वबोध गरेकी थिएँ । तर, पनि डाक्टर साहेबले लिनुभएको निर्णय थियो त्यो । नयाँ शक्ति पार्टी समाजवादी पार्टीमा विलयपछि मैले नयाँ पार्टीमा आफ्नो 'पोर्टफोलियो' को खोजी गरें । म त सिनेमाकी अभिनेत्री । मेरो त सधैंभरि सिनेमाको निर्देशकसँग आफ्नो भूमिकाको खोजी गर्ने बानी परेको छ । पार्टीमा पनि मैले आफ्नो भूमिकाको खोजी गरे भनें कुनै गल्ती गरेको त थिइनँ । आखिर आफ्नो भूमिका त सबैले खोज्छ नि, होइन र ?'

करिश्माले आफ्नो भूमिका खोजेपछि डा. भट्टराईका अनुचर र आसेपासेहरूले करिश्मामा पंचायती संस्कार कायमै रहेको आरोप लगाए । उनीहरूले करिश्मालाई 'पदलोलुप' भन्न समेत बाँकी राखेनन् । उनी पञ्चायतकालमा कहिल्यै कुनै गतिविधिमा लागेकी थिइनन् । त्यतिबेला उनलाई सिनेमाबाहेक अन्य विषयमा रुचि लिने फुर्सद पनि थिएन । करिश्माले देखेकी थिइन, पंचायती संस्कारले डा. भट्टराईलाई नै घेरेको थियो । उनी आफ्नो घर, परिवार, नाता-गोता, चर-अनुचरबाट घेरिएका थिए, तर पनि डा. बाबुरामसँग उनको अझै अपेक्षा छ । 'अब उहाँ त धेरै पढेको, डाक्टरजस्तो मान्छे,' किञ्चित व्यंग्यसहित उनी बताउँछिन् । करिश्मा एसईईमा उत्तीर्ण भएपछि डा. भट्टराईकी पत्नी हिसिला यमीले भनेकी थिइन्, 'करिश्मा एसईईमा पास भए पनि राजनीतिमा फेल भइन् ।' तर करिश्मा भन्छिन्, 'म राजनीतिमा फेल भएकी छैन ।'

करिश्माले हालै नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेटिन् । प्रचण्डले करिश्माका हरेक कदममा आफ्नो साथ रहने बताएपछि उनी पुलकित भएकी छिन् । करिश्माको अहिले नै नेकपा प्रवेश गर्ने विचार भने छैन । उनी भन्छिन्, 'अहिले त्यस्तो हतार केही छैन ।'



# राजनीतिबाटै चाहेजस्तो समाज निर्माण हुन्छ

■ रेखा थापा

नेपाली सिनेमाकी चर्चित अभिनेत्री रेखा थापाको परिचय अलिकति अनौठो छ । सिनेमामा उनी प्रायः अभिनेताको भूमिकामा देखिन्छिन् । उनका धेरैजसो सिनेमा नारीप्रधान छन् । रेखा 'बोल्ड' र 'ब्युटिफुल' दुवै छिन् । त्यसैले उनी बोल्ड र ब्युटिफुल दुवै भूमिकामा पकड राख्छिन् ।


अभिनयको मध्यान्ह क्रस गर्न लागेकी रेखामा राजनीतिप्रति प्रचुर रुचि छ । उनको परिवारका सबै सिनियर सदस्य नेपाली कांग्रेसमा सक्रिय थिए । कांग्रेसी परिवारमा जन्मिएकी रेखाको राजनीतिक रुचि फरक छ । कटुवाल काण्डमा माओवादी पार्टीका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री पदबाट राजीनामा दिन बाध्य पारिए । त्यसपछि तत्कालीन एमालेका नेता माधवकुमार नेपालको नेतृत्वमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले एमाले-कांग्रेसको संयुक्त सरकार बनाए । प्रचण्ड आफ्ना कार्यकर्ताको फौज लिएर सडकमा उत्रिए । त्यतिबेला प्रदर्शनस्थलमा प्रचण्डसँग 'नाचेर' उनको नेतृत्वको आन्दोलनलाई नैतिक समर्थन दिएकी थिइन् रेखाले । यो रेखाको राजनीतिक जीवनको पहिलो महत्वपूर्ण मोड थियो ।

'म समाजको आमूल परिवर्तन चाहने मानिस परें । माओवादीभित्र तालमेल मिल्ला भनेको मिलेन । त्यसमा पनि अलिकति धार्मिक प्रवृत्तिको व्यक्ति भएकाले अहिले म राष्ट्रिय प्रजातन्त्र पार्टीमा छु । राष्ट्रिय अध्यक्ष पशुपतिशमशेरको नेतृत्वमा छु । म पार्टीको सह-महामन्त्री छु र विदेश विभाग हेर्छु', रेखाले बताइन् ।

तर, उनी राप्रपाभित्र त्यति सन्तुष्ट छैनन् । पहिले पशुपतिशमशेरले गणतान्त्रिक नेपाललाई आत्मसात् गरेका थिए । अहिले त्यसबाट अलग हुँदैछन् । रेखालाई यो कुरा मन परेको छैन । जनताले गणतन्त्रका लागि संघर्ष गरेका छन् । पसिना बगाएका छन् । त्यसैले पनि रेखालाई कहिलेकाहीं लाग्छ, 'लास्टमा राप्रपामा अलपत्र परिएलाजस्तो पो छ ।'

उपसंहारमा, रेखाको कुरा पनि उही हो । भन्छिन् : 'अबको समयमा राजनीतिक कार्यकर्ता सडकमा उभिएर चिच्याएर केही हुनेवाला छैन । जनताको सत्ता स्थापित भैसकेको यो समयमा संसद्मा निर्वाचित भएर गएपछि मात्र ठूला निर्णय गर्न सकिन्छ । एउटै सहीको भरमा परिवर्तन हुन्छ । यस्तो अवसर हातमा आएपछि आफूले सोचेजस्तो समाज निर्माण गर्न सकिन्छ ।'

बलिउड





# मेरो ब्वाइफ्रेन्ड किन छैन ?

गत शुक्रबार आफ्नो २९ औं जन्मदिन मनाएकी कृति सेननले आफ्नो ब्वाइफ्रेन्ड किन छैनन् भन्ने कुराको खुलासा गरेकी छिन् । गत शुक्रबार नै सार्वजनिक भएको उनको चलचित्र अर्जुन पटयालाको प्रेस कन्फरेन्सका अवसरमा कृतिले आफ्नो को-स्टार बरुण शर्माका कारण आफू सिंगल रहनुपरेको बताएकी हुन् । त्यस क्रममा कृतिले फुकरे स्टार बरुण शर्माले आफूसँग प्रपोज पनि नगरेको र आफूलाई अरुसँग पनि देख्न नचाहेको बताएकी थिइन् । कृतिले बरुण शर्मा आफूप्रति यसरी प्रोटेक्टिभ हुनुको कारण आफूले अहिलेसम्म थाहा नपाएको दाबी समेत गरेकी छिन् । उक्त अवसरमा कृतिले भविष्यमा आफू कसैसँग इंगेज भए त्यो आफ्नो नीजि कुरा हुने बताएकी थिइन् ।





# सोनाक्षीलाई आपत्

आज शुक्रबार सार्वजनिक हुने विवादास्पद चलचित्र खानदानी शफाखानाका कारण अभिनेत्री सोनाक्षी सिन्हा तनावमा छिन् । चलचित्र रिलिज हुनुपूर्व दिल्लीको उच्च अदालतले दिल्लीकै एक यौनविज्ञ विजय एबोटको जाहेरीमा उक्त चलचित्र सार्वजनिक हुनुअघि एबोटलाई देखाउनु भन्ने आदेश जारी गरेपछि सोनाक्षी तनावमा परेकी हुन् । एबोटको दावी छ- उक्त चलचित्रको मुख्य पात्र एबोटकै जीवनमा आधारित छ । यता खानदानी शफाखानाकी निर्देशक शिल्पा दासगुप्ताले एबोटको दावीलाई खारेज गरेकी छिन् । खानदानी शफाखाना भारतमा व्याप्त पुरुषहरूको यौन कमजोरीको उपचार गर्ने खानदानी वैद्यखानाहरूमा हुने गतिविधिमा आधारित रहेको बताइन्छ ।

# फेरि खलनायक

सन् २०१२ को सफलतम चलचित्र अग्निपथमा खलनायकको भूमिकामार्फत फिल्म फेयर एवार्ड जितेका सञ्जय दत्त एकपटक फेरि खलनायकको भूमिकामा प्रस्तुत हुने भएका छन् । यसपटक सञ्जयलाई दक्षिण भारतका निर्देशक प्रशान्त निलले आफ्नो अपकमिङ चलचित्र केजीएफ च्याप्टर-२ मा खलनायकका रूपमा प्रस्तुत गर्न लागेका हुन् । उक्त चलचित्रमा सञ्जयले अधिरा नामक खलनायकको भूमिका निर्वाह गर्ने बताइएको छ । केजीएफ च्याप्टर-२ सन् २०१८ मा सार्वजनिक भएको केजीएफको सिक्वेल हो जसले बक्स अफिसमा शाहरूख खानको जिरोलाई लडाएको थियो ।




# नयाँ स्टारको आगमन

बलिउडमा नयाँ-नयाँ कलाकारहरू आउने क्रम निरन्तर चलिरहन्छ । यसै क्रममा जोडिएकी छिन् नेपालसँग सीमा जोडिएको विहारकी– प्रणति राय प्रकाश । पूर्व सैनिक अधिकृतकी छोरी प्रणतिलाई बलिउडका ख्यातिप्राप्त निर्देशक इम्तियाज अलिले आफ्नो अपकमिङ प्रोजेक्टका लागि साइन गरेका छन् । मिस इन्डिया-२०१५ मा सेमिफाइनलिस्ट तथा इन्डियाज टप नेक्स्ट मोडल-२०१६ की विजेता प्रणति राय प्रकाशले फेसन कम्युनिकेसनमा स्नातक गरेकी छिन् । आफ्ना सैनिक पितासँग भारतका थुप्रै सहर पुगेकी प्रणतिको शिक्षादीक्षा भारतका विभिन्न सहरमा भएकाले उनको व्यवहारमा सम्पूर्ण भारत झल्किने निर्देशक अलिले बताएका छन् । जानकारहरूका अनुसार प्रणतिले भारतका थुप्रै क्षेत्रीय भाषाहरूमा समेत दखल राखेकीले उनका लागि चलचित्रको करियरले सम्भावनाको नयाँ ढोका खोल्न सक्छ ।




पहिलो विश्व



# दुलहीको साथी

विवाहमा सबैले आफूलाई मनपरेका व्यक्तिहरूलाई नै सरिक गराउने चलन फरक संस्कृति भएका सबैजसो मुलुकमा समान रूपमा चल्दै आएको छ । यस क्रममा इंग्ल्यान्डमा हालै सम्पन्न एक विवाह समारोहमा दुलहा र दुलहीले आफ्ना निम्तालुमा कुकुर र घोडालाई विशेष रूपमा निमन्त्रणा गरेका थिए ।

दुलही केलीले सिटिङब्रोनीमा सञ्चालनमा ल्याएको कारेबेर केनल क्लबमा भएका आफ्ना १२ वटा प्रिय कुकुरलाई आफ्नो उक्त विवाह समारोहमा सहभागी गराएकी थिइन् । पश्चिमी चलन अनुसार दुलहीले विवाह समारोहमा आफ्ना साथीहरूलाई पनि साथै लानुपर्ने हुनाले उनले साथीका रूपमा ती कुकुरको साथ लिएकी थिइन् जसमा उनले प्रमुख साथी अलस्का मालामुत जातिको जिउस कुकुरलाई बनाइन् । विवाह समारोहमा सरिक भएको घोडामा दुलहा र दुलही बसेका थिए । निकै नौलो किसिमले सम्पन्न उक्त विवाह समारोहले जनवार मानिसको साथी मात्र नभएर परिवारको सदस्य पनि हो भन्ने कुरा पुष्टि गर्‍यो ।



# छोरा छोरी र छोरी छोरा भएपछि

बाबुआमालाई आफूले छोराका रूपमा पाएको सन्तान छोरी र छोरीका रूपमा पाएको सन्तान छोरा भएपछि कस्तो लाग्दो होला ? पूर्वीय समाजमा छोराले छोरीका रूपमा र छोरीले छोराका रूपमा हुर्किन निकै सारो पर्छ । यद्यपि यस्तो समस्या पश्चिमी समाजमा पनि छ ।

अमेरिकाको क्यालिफोर्नियामा बसोबास गर्ने बेन फ्रायना तथा सारा काप्लानलाई अहिले यही समस्याले सताइरहेको छ । शारीरिक रूपमा छोरीका रूपमा जन्मिएकी जेम्स काप्लान (जन्मदर्ताको नाम परिवर्तन) ११ वर्ष पुगेपछि छोराको जस्तो व्यवहार गर्न थाले भने उनका भाइ ओलिभा काप्लान (जन्मदर्ताको नाम परिवर्तन) ले छोरीको जस्तो व्यवहार गर्न थालिन् । जेम्स केटाको लुगा लगाएर अनि केटाको जस्तै केश काटेर केटाकै व्यवहार गर्छन् भने ओलिभा छोरा भए पनि स्कर्ट लगाउँछिन् अनि केटीले जस्तै लामो केश पाल्छिन् र केटीकै जस्तो हाउभाउ निकाल्छिन् । आफ्ना छोरा-छोरीले विपरीत लिंगी व्यवहार देखाउन थालेपछि अहिले काप्लान परिवारलाई उनीहरूलाई आम समाजमा कसरी व्यवस्थित गर्ने र कसरी परिवार तथा समाजसँग सामान्जस्यता मिलाउने भन्ने कुराले सताउन थालेको छ ।












# पुठ्ठाको आम्दानी

युवतीहरूले आफ्ना पुठ्ठा आकर्षक बनाउन सके त्यसले ग्ल्यामर मात्र नबढाएर आम्दानी समेत बढाउन सहयोग गर्छ भन्ने कुराको उदाहरण ब्राजिलकी नातालिया गारिबोटो पनि हुन् । महिलाहरूले आफूलाई आकर्षक देखाउन व्यायाम गर्नेदेखि लिएर नियमित जिम जानुपर्छ भनेर सजग गराउन इन्स्टग्राममा फोटो अपलोड गर्दै आएकी नातालियाको त्यही काम अहिले आम्दानीको दरिलो स्रोत भएको छ ।

जिममा कसरत गरेका आफ्ना तस्बिर आकर्षक ढंगले प्रस्तुत गर्दै आएकी नातालियाले जिम गर्न थालेपछि आफ्नो शरीर कत्तिको आकर्षक भयो भन्ने कुरा दर्शाउन तस्बिर पनि अपलोड गर्न थालिन् । उनको आकर्षक शरीर हेर्न चाहनेहरू इन्स्टाग्राममा ह्वात्तै बढे पनि । माग बढ्दै गएपछि उनीप्रति विभिन्न व्यापारिक कम्पनीको आकर्षण समेत देखापर्‍यो जसका कारण अहिले कुनै कम्पनीले एउटा फोटो पोष्ट गर्न आग्रह गरे नातालिया प्रतिपोस्ट ५ लाख रुपैयाँभन्दा बढी पारिश्रमिक लिन्छिन् भने उनको वार्षिक आम्दानी ३ करोड ५० लाख रुपैयाँभन्दा बढी हुन थालेको छ । २६ वर्षीया नातालियाको आकर्षक शरीर हेर्न १३ लाखभन्दा बढीले उनलाई फलो गरेका छन् । उनको आकर्षक पुठ्ठाले बढाएको यो आम्दानीमा विविधता समेत आउन थालेको छ । नातालियाका फलोअर्सहरू अहिले उनले नुहाएको पानीसम्म किन्न लालायित देखिन्छन् । इन्स्टाग्राममा त्यत्तिकै झुम्मिनेभन्दा पनि स्मार्ट रूपमा कारोबार गर्न सके आफूलाई आर्थिक लाभ हुनुका साथै अरूलाई प्रेरणा समेत मिल्ने नातालियाको तर्क छ ।




# उपाधि नै उपाधि

म्यान अफ नेपाल-२०१९ को उपाधि विमल सुवेदीले जितेका छन् । म्यान अफ फोटोजेनिक तथा म्यान अफ ट्यालेन्टको सबटाइटलसहित उपाधि जितेका विमलले आगामी नोभेम्बरमा फिलिपिन्समा हुने मिस्टर कन्टिनेन्टल इन्टरनरनेसनलमा सहभागिता जनाउनेछन् ।

मञ्जरी ग्रुपको आयोजनामा ओजन लाउञ्ज बार लेकसाइड पोखरामा सञ्चालित फाइनलमा संजोग मगर मिस्टर नेसनल घोषित भएका थिए । संजोग आगामी जनवरीमा हुने प्रिटिन ग्लाम इन्टरनेसनलका लागि फिलिपिन्स जानेछन् । प्रतियोगितामा डिपलव विश्वकर्मा म्यान अफ इयर नेपाल घोषित भए जसले म्यानमारमा हुने म्यान अफ इयरमा सहभागिता जनाउनेछन् ।

नेपालगन्जका सन्देश वाग्ले टिन ग्लाम इन्टर नेसनलको उपाधि जितेको यो प्रतियोगितापछि अब उनले सन् २०२० जनवरीमा हुने मिस्टर ग्लाम इन्टरनेसनलमा सहभागिता जनाउनेछन् । प्रतियोगितामा पोखराका निशान सुनारले मिस्टर युनाइटेड कन्टिनेन्सनमा सहभागिता जनाउनेछन् । फिलिपिन्सको सेबु सहरमा हुने प्रतियोगिताका लागि निशान छनौटमा परेको आयोजक संस्था मञ्जरी ग्रुपका अध्यक्ष विशाल एच आलेले बताए ।

# मिस हेटौंडाको उपाधि सुरक्षालाई



मिस हेटौंडा युनिभर्सल-२०१९ को उपाधि सुरक्षा जिसीले जितेकी छिन् । ड्रिम्स प्रोडक्सनले आयोजना गरेको प्रतियोगितामा लगिका भट्टराईले फस्ट रनर्सअप तथा कशिमरा थापाले सेकेन्ड रनर्सअपको उपाधि हात पारे । विजेतालाई अस्ट्रेलियन एजुकेसन कन्सल्टेन्सीले सद्भाव दूत बनाएको छ भने अभिनेता तथा निर्देशक शिशिर भण्डारीले विजेतालाई आफ्नो नयाँ म्युजिक भिडियोमा अभिनय गराउने घोषणा गरे ।

# सांघाईमा सफलता




चीनको सांघाईमा सम्पन्न भएको किड्स सुपर मोडल-२०१९ शीर्षकको प्रतियोगितामा नेपालका अभिषेक घिमिरेले तेस्रो स्थान हासिल गरेका छन् । यसका साथै घिमिरेले ब्रोन्ज एवार्डसमेत जितेका छन् । उक्त प्रतियोगितामा इशिका चौधरी तथा सृष्टि लिम्बूले ट्यालेन्ट राउन्डमा क्रमशः दोस्रो र तेस्रो स्थान प्राप्त गरे । उनीहरू दुवैले सिल्भर एवार्ड पनि जितेका थिए । इशिकाले भारतको प्रतिनिधित्व गरेको थिइन् । प्रि-टिनतर्फ रेश लिम्बू तथा गुञ्जना महर्जनले ब्रोन्ज एवं सिल्बर एवार्ड हात पारेको उक्त प्रतियोगितामा ५० वटा देशका बालबालिका सहभागी थिए । यो प्रतियोगितामा नेपालबाट 'ट्यालेन्ट स्टार नेपाल-२०१९' का विजेताहरूले पहिलो पटक प्रतिनिधित्व गरेका हुन् । उनीहरूका लागि यो अवसर परिवर्तन इभेन्ट हाउस, बाबा एजुकेसन कन्सल्टेन्सी तथा सुनौलो सपना नेपालले जुटाएका थिए ।

# मिसेज नेपाल आइकन-२०१९



यो प्रतियोगितामा गृहिणी, व्यवसायी, शिक्षिका तथा जागिरे महिलाहरू सहभागी थिए ।

मिसेज नेपाल आइकन-२०१९ को उपाधि आस्था राणा मास्केले जितेकी छिन् । फाइनल प्रतियोगितामा निर्णायकहरूको अन्तिम प्रश्न– एउटा परिवारलाई सन्तुलनमा राख्न महिलाको कस्तो भूमिका हुन्छ ? भन्ने प्रश्नको उत्कृष्ट उत्तर दिँदै खुमलटार, ललितपुरकी आस्था राणा मास्केले उक्त उपाधि हात पारेकी हुन् । त्यसैगरी सब टाइटलतर्फ आस्थाले मिसेज र्‍याम्प वाक, मोस्ट फोटोजेनिक तथा मोस्ट पपुलर, मन्दिरा अधिकारीले फस्ट रनर्सअपका साथै मोस्ट ट्यालेन्ट, अस्मिता गौतम सेकेन्ड रनर्सअप भइन् । ए.एन.पी. मेडिया हाउसद्वारा आयोजित




# मिस टिन प्लस

प्लस टु अध्ययनरत टिनएज युवतीहरूमा लक्षित मिस टिन प्लस टु-२०१९ को उपाधि फ्लाभिया महर्जनले जितेकी छिन् । प्रतियोगितामा मोस्ट फिटनेसको एवार्डसहित सुजियना देसार फस्ट रनर अप, फेसबुक च्वाइस एवार्डसहित तेन्जिङ डोल्मा शेर्पा सेकेन्ड रनर्सअप घोषित भए । यसैगरी प्रतियोगितामा शिला बस्नेतले पब्लिक च्वाइस श्रेया भट्टले युट्युब मोस्ट भ्युज, मोस्ट फोटोजेनिक ट्यालेन्ट तथा विन्दा केसीले मोस्ट पपुलर एवार्ड आफ्नो पोल्टामा पारे ।

# लिटिल स्टार भक्तपुर



इनोभेटिभ इभेन्ट म्यानेजमेन्टको ब्यानरमा बालकुमारीस्थित म्युजिक सिटी हलमा लिटिल स्टार भक्तपुर-२०१९ सम्पन्न भएको छ । सिनियर र जुनियर गरी दुई उमेर समूहका ३७ जना बालबालिका सहभागी उक्त प्रतियोगितामा जुनियरतर्फ स्मृति दाहाल र निशभ खड्का विजेता भएका छन् । सिनियरतर्फ आर्या गौतम विजेता भइन् भने दीपिका गिरी र रिजा धोजु क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप छानिए ।




मिसेज नेपाल ग्रान्ड : दोस्रो संस्करणको मिसेज नेपाल ग्रान्ड-२०१९ को उपाधि सृजना श्रेष्ठले जितेकी छिन् । उक्त प्रतियोगितामा मिसेज नेपाल ग्रान्ड फस्ट रनर अपको उपाधि अञ्जली केसी शाहले प्राप्त गरिन् भने उनले मोस्ट पपुलर र सोसियल वेलफेयरको उपाधि समेत हासिल गरिन् ।

# फेसन एन्ड मोडल अवार्ड

प्याजेन्ट नेपाल इन्टरनेसनलले नेपालमा पहिलोपटक फेसन एन्ड मोडल अवार्ड-२०१९ को आयोजना गर्ने भएको छ । यो कार्यक्रममार्फत् फेसन शो तथा सौन्दर्य प्रतियोगिताको आयोजना, यसमा योगदान दिने तथा उपलब्धि हासिल गर्नेहरूलाई विभिन्न विधामा पुरस्कृत गरिनेछ । यो अवार्डमा फेसन कोरियोग्राफर, फेसन मोडल, मेकअप, हेयर, कार्यक्रम संचालक, इभेन्ट आयोजक, इभेन्ट म्यानेजर, इभेन्ट निर्देशक, फेसन फोटोग्राफर, प्याजेन्ट डान्स कोरियोग्राफर, फेसन पत्रकार तथा अन्तर्राष्ट्रिय नेपाली मोडल आदि विधामा पुरस्कार प्रदान गरिने बताइएको छ ।

# धौलागिरी मोडल



बागलुङमा पहिलो पटक मिस्टर एन्ड मिसेज धौलागिरि सम्पन्न भएको छ । युवाहरूको क्षमता विकास गर्दै उनीहरूलाई मोडलिङमा अग्रसर बनाउन आयोजित मोडल अफ धौलागिरिको उपाधि आर्यन बोहोराले जितेका छन् । किङ स्टार क्रिएसनले १ सयभन्दा बढी प्रतियोगीबाट अन्तिम छनौटमा परेका १६ जनालाई ग्रान्ड फिनालेमा उतारेको थियो । उक्त अवसरमा कामना खड्का फस्ट रनरअप तथा बिविषा क्षेत्री सेकेन्ड रनर्सअप घोषित भए । सोही अवसरमा आयोजित लिटिल मोडल अफ धौलागिरिको उपाधि सीता परियारले हात पारिन् भने प्रियंका खड्का फस्ट रनर्सअप तथा रेसिका जिसी सेकेन्ड रनर्सअप घोषित भए ।


प्रकाश बराल

# शून्य डिग्रीमा हिमाल आरोहणको प्रशिक्षण

आश गुरुङ

अहिले तराईमा निकै गर्मी छ र दिनहुँजसो पानी परिरहेको छ। यद्यपि यतिबेला कतिपय हिमाली भेगमा भने हिउँ परिरहेको छ। हिउँ परेको ठाउँमा रातिको तापक्रम माइनस ३ डिग्रीसम्म झर्छ। समुद्री सतहभन्दा ५ हजार १ सय मिटर उचाइमा टेन्ट टाँगेर बसेका उनीहरू १ सय मिटर माथि उक्लिएर दैनिकजसो हिउँको पहाड चढ्ने र ओर्लने काम गरिरहेका थिए। दिउँसै शून्य डिग्री तापक्रम हुन्थ्यो। हिमाल चढ्ने र चढ्न सिकाउने ४२ जना युवायुवती क्र्याम्पन्ट (जुत्ता तलको फलामे धारिलो भाग) सहितको जुत्ता लगाएर क्राभिनर (ढाडमा डोरी बाँध्नलाई प्रयोग गरिने पेटी) मा डोरी झुन्ड्याई आइस एक्स (हिउँको डल्लो फोर्ने बन्चरो) प्रयोग गरी स्नोबार (हिउँमा गाढ्ने किला) ठोक्दै हिउँको थुप्रो चढ्दै थिए। सहभागीहरूका अनुसार त्यहाँ कहीं हिमनदी थियो त कतै हिउँ-चट्टान अनि कतै चट्टान मात्र।

हिमाली जिल्ला मनाङको ङिस्याङ गाउँपालिकामा पर्ने काङला बेसक्याम्पको पहाडमा अहिले पनि हिउँ छ। खोलामा रहेको हिउँ चट्टान र हिउँ जमेको पहाडमा एकैपटक ४२ जना प्रशिक्षार्थीलाई पर्वतारोहणसम्बन्धी आधारभूत प्रशिक्षण प्रदान गरिएको अन्तर्राष्ट्रिय पर्वतीय पथ प्रदर्शक एवं तालिम संयोजक तुलसिं गुरुङले बताए। गुरुङका अनुसार प्रमुख प्रशिक्षक पासाङ वङ्चु शेर्पा, विनायक जय मल्लसहित



१२ जना अन्तर्राष्ट्रिय प्रशिक्षक उक्त तालिममा सहभागी थिए। तालिम लिने र दिने सबै नेपाली हुन्। प्रशिक्षार्थीमा २ जना महिला थिए। उनीहरूको मेडिकल सुरक्षाका लागि स्लोभेनियाका डाक्टर खटिएका थिए भने मापदण्ड पुगे-नपुगेको कुराको अनुगमन प्रशिक्षक नाम्गेल शेर्पाले गरेका थिए।

तालिम संयोजक गुरुङका अनुसार सुरुमा करीब १ साता काठमाडौंमै रक क्लाइम्बिङ तथा सैद्धान्तिक विषयवस्तुमा प्रशिक्षण दिएर प्रशिक्षार्थीहरूलाई मनाङ पुऱ्याइएको थियो। प्रशिक्षार्थीहरू अहिले काठमाडौं फर्किसकेका छन्। 'हामी जुलाई २ (असार १७) देखि ७ जुलाई (असार २२) सम्म हिउँमै थियौं। हिउँमै प्रयोगात्मक र सैद्धान्तिक दुवै प्रशिक्षण भयो,' गुरुङले भने।

प्रशिक्षक विनायक जय मल्लका अनुसार नेपाल पर्वतारोहण संघ (एनएमए) ले उक्त तालिमको अवसर उपलब्ध गराएको हो। विगतमा ४५ दिन चल्ने यो तालिम यही वर्षदेखि एक महिनामा झारिएको छ। संघले छात्रवृत्तिमा तालिम प्रदान गर्दै आएको छ। यो आधारभूत तालिम पूरा गर्न २ लाख ५० हजार रुपैयाँ शुल्क तिर्नुपर्छ। 'हिमाल आरोहणलाई थप सुरक्षित र व्यवसायिक बनाउन तालिम लिनैपर्छ,' संयोजक गुरुङले भने, 'एक्लैले खर्च गरेर तालिम लिन नसक्ने हुँदा पर्वतारोहण संघले छात्रवृत्ति दिएर यस्तो तालिम संचालन गर्दै आएको छ।' गुरुङका अनुसार तालिमका लागि यो वर्ष डेढ सयभन्दा बढीले आवेदन भरेका थिए।

मल्लका अनुसार तालिममा कसरी सुरक्षित हुने, हिउँमा फसे कसरी आफू उद्धार हुने, अरुलाई उद्धार गर्ने उपाय आदिका साथै हिमाल चढ्दा अपनाउनुपर्ने सुरक्षाका सम्बन्धमा जानकारी गराइएको थियो। 'हेर्दा-सुन्दा सामान्य लाग्छ, तर यो महत्वपूर्ण ज्ञान हो। तालिमका क्रममै घटना-दुर्घटनाहरू हुन सक्छन्, तर हामीले त्यस्तो केही बेहोर्नु परेन।

पर्वतारोहण संघले सन् १९७९ सालदेखि हिमाल आरोहणको तालिम प्रदान गर्दै आएको छ। हालसम्म करिब १ हजार ५ सयलाई छात्रवृत्तिमा यो तालिम दिइसकिएको छ। २ दशकअघिसम्म विदेशीले तालिम दिने गरेकोमा अहिले यो तालिमका लागि नेपालीहरू नै पूर्ण रूपमा सक्षम भैसकेको संयोजक गुरुङले बताए।



अपराध



साङ्केतिक तस्बिर: इन्टरनेट

# सुन्दर मुहार कुटिल व्यवहार

## सुन्दरताको आवरणमा पुरुषलाई अनौठो शैलीमा ठगी गर्ने चार युवती

नाम डायना सेकेन्ड। भर्चुअल वर्ल्डकी डायना रोज। उमेरले उनी मात्र २१ वर्षकी भइन्। शैक्षिक योग्यता प्लस टु फेल। महोत्तरी स्थायी ठेगाना भएकी डायना काठमाडौंमा बस्छिन्। बोल्ड र कन्फिडेन्ट देखिने डायनाले झन्डै दुई वर्षअघि भारतीय नागरिक श्रीपल जैनलाई फेसबुकबाट साथी बनाइन्। उनीहरूबीच कुराकानी हुन थाल्यो। जैन डायनाबाट प्रभावित हुँदै गए। डायनाले जैनलाई आफू 'धनाढ्य'की छोरी भएको परिचय दिइन्। उनले आफ्नो सुनको पारिवारिक बिजेनश अमेरिका, सिंगापुर, दुबई, भारत र नेपालमा रहेको बताइन्। जैन युवतीको बोल्ड व्यक्तित्वबाट मुग्ध नै थिए, अझ उनको व्यापारिक साम्राज्यका बारेमा सुनेपछि थप मोहित भए।

यसबीच डायनाले परिवारसहित भारतको महाराष्ट्रमा बस्ने ३८ वर्षका जैनलाई भेटघाटका लागि दुबई बोलाइन्। धनाढ्यकी छोरीको प्रस्ताव उनले अस्वीकार गर्न सकेनन् र दुबई पुगे। 'उनीहरूबीच दुबई र भारतमा भेटघाट भएको देखिन्छ,' अनुसन्धानमा संलग्न एक प्रहरी अधिकारी भन्छन्। डायनाको दुबई र भारत भ्रमणको सबै खर्च जैनले नै बेहोरे। भारत जाँदा श्रीपलले डायनालाई पारिवारिक आतिथ्यता प्रदान गरेका थिए।

त्यही क्रममा ५ असारमा उनीहरू नेपाल आए भने ६ असारमै भारत फर्कन अनलाइनबाट टिकट बुकिङ गरे। भारत जाने दिन विमानस्थल पुग्नु अघि आफ्नो बुबाले पठाएको सुन छुटाउन भन्सारमा ठूलो रकम चाहिएको भन्दै डायनाले जैनसँग नगद माग गरिन्। त्यसबीच डायनाका बुवा भनिने सक्षम अग्रवाल नामक नक्कली फेसबुक प्रयोगकर्ता पनि जैनसँग जोडिसकेका थिए। उनले पनि छोरीलाई पैसा दिन भन्दै उक्त रकम भारत फर्किएपछि फर्काइदिने बताए। जैनले घरबाट मगाएर २३ लाख रुपैयाँ डायनालाई दिए। पैसा पाएलगत्तै भारत उडन विमानस्थल छिर्ने क्रममा डायनाले पासपोर्ट हराएको नाटक गरिन्। जैन एयरपोर्टमै कुरिरहे, तर डायना फर्किनन्। डायना फिल्मी शैलीमा हराएपछि जैन प्रहरीकहाँ पुगे। त्यही साँझ अपराध अनुसन्धान महाशाखाको टोलीले डायनालाई नरेफाँटस्थित डेराबाट २० लाख ८० हजार नगदसहित पक्राउ गऱ्यो। धनाढ्यकी नक्कली छोरी डायनालाई हिरासतमा पुऱ्याउने कारण बन्यो–ठगी।

डायनाले प्रहरीसँग आफूले जैनबाट पैसा लिएको स्वीकार गरेकी छिन्, तर उनले प्रहरीसँगको बयानमा आफूले सापटीका रूपमा उक्त पैसा लिएको दाबी गरेकी छिन्। प्रहरीले डायनामाथि मुलुकी फौजदारी दफा २४९ को उपदफा ३ बमोजिम अदालतमा मुद्दा दायर गरेको छ। अहिले उनी प्रहरी परिसर काठमाडौंको हिरासतमा छन्।

अर्ध खैरो रंग पोतिएका केश। आँखामा उही शैलीको गगल्स। झट्ट हेर्दा उनी कुनै कर्पोरेट युवतीजस्ती देखिन्छिन्, तर खासमा उनी न कर्पोरेट महिला हुन् न त सामान्य युवती। गोरो अनुहारकी यी चम्किली महिलाको आवरणले छिनभरमै मोहित तुल्याउँछ। पाँचथरकी २५ वर्षीया यी युवतीको नाम हो– मधु (नाम परिवर्तन), यद्यपि उनको भित्री रूप भने अलि भिन्न छ अनि अलि भयानक पनि। बाहिरी आवरणमा जतिसुकै सुन्दर भए पनि आफ्नो त्यही भित्री रूपका कारण उनी गिरफ्तार भइन्, ५ कात्तिक २०७५ मा। मधु 'हनी ट्र्याप' शैलीमा चुम्बन गरेको भिडियो देखाएर व्यवसायीलाई ब्लाकमेल गरेको आरोपमा पक्राउ परेकी थिइन्। उनीसहित प्रहरीले गोरखाका एक ३१ वर्षीय पुरुषलाई गौशालाबाट पक्राउ गरेको थियो।

मधुलाई गिरफ्तार गराउने घटना आफैंमा अचम्मको छ। उनी अर्कै युवतीको नाममा फेक फेसबुक एकाउन्ट चलाउँथिन्। त्यही क्रममा उनले एक दिन ललितपुरका एक व्यापारीलाई फेसबुकबाट फ्रेन्ड रिक्वेट पठाइन्। व्यवसायीले उनको फ्रेन्ड रिक्वेष्ट एसेप्ट गरे। कुराकानीकै क्रममा उनले व्यवसायीको फोन नम्बर मागिन्। व्यवसायीले आकर्षक युवतीको प्रस्ताव अस्वीकार गर्न सकेनन्, आफ्नो फोन नम्बर दिए। १ असार ०७५ मा मधु ती व्यवसायीसँग भेट्न उनकै कार्यालय पुगिन्। त्यहाँ उनले आफ्नो परिचय दिइन्, 'मेरो नाम मधु, घर झापा।' केही समय अफिसमै गफगाफ भयो। युवती कति फरवार्ड निस्किइन् भने उनले व्यापारीलाई अँगालो हाल्दै चुम्बन गरिन् अनि त्यसको भिडियो पनि बनाइन्। भिडियो बनाइसकेपछि उनी बेपत्ता भइन्।

त्यसपछि सुरु भयो, ती व्यापारीसँग ब्ल्याकमेलिङको क्रम। युवतीले बनाएको भिडियो देखाएर एक पुरुषले ती व्यवसायीसँग एक करोड माग्न थाले। उनी भन्थे, 'एक करोड दिने भए देऊ, नत्र भिडियो सार्वजनिक गरिदिन्छु।' निरन्तरको ब्ल्याकमेलिङ पछि व्यवसायी प्रहरीकहाँ पुगे। प्रहरीले उनीहरू दुवैको ब्ल्याकमेलिङ यात्रा भत्कायो– ५ कात्तिक ०७५ मा।

रोशनी (नाम परिवर्तन)। उमेरले उनी १९ वर्षकी मात्र भइन्। गोरो आकर्षक शारीरिक बनावटकी रोशनीको घर दाङ हो। रोशनीले प्लस टुसम्म मात्र अध्ययन गरेकी छिन्। परिवारको आर्थिक अभाव टार्न विदेश जाने तयारीमा थिइन्, उनी। यतिकैमा तीन वर्षअघि उनी दाङकै ३१ वर्षीय एक युवकको सम्पर्कमा पुगिन्। कोमानन्द नामका ती युवकले उनलाई जागिर दिलाउने आश्वासन दिएर काठमाडौं ल्याए।

काठमाडौं आइपुगेपछि रोशनी न विदेश जान पाइन्, न त जागिर नै। बरु उनलाई काठमाडौं ल्याउने कोमानन्दले उनको आकर्षण जीउडालको उपयोग गलत काममा गर्न थाले। उनले हनी ट्र्यापका लागि रोशनीको रूपलाई अस्त्र बनाए। बेरोजगार रोशनीलाई 'हनी ट्र्याप'मा नक्कली प्रेमिकाको भूमिका दिइयो। सुन्दर र आकर्षण जीउडाललाई उनले व्यवसायी एवं पैसावालाहरूलाई मोहजालमा पार्ने हतियारमा रूपमा प्रयोग गर्नुपर्ने भयो। कोमानन्दले भूमिका दिन्थे, रोशनी फिल्मी अभिनेत्रीकै शैलीमा नाटकीय अपहरण र लुटपाटमा प्रेमिकाको भूमिका निर्वाह गर्थिन्। कोमानन्दले उनलाई व्यवसायी एवं पैसावालहरूको फोन नम्बर दिन्थे, त्यसमा फोन गरेर रोशनीले उनीहरूलाई आफ्नो मोहजालमा पार्थिन्। मोहजालमा परेको व्यक्तिलाई कोठा वा गेस्टहाउसमा ल्याइसकेपछि उनको भूमिका सकिन्थ्यो। त्यसपछि नक्कली सिआइबी बनेका कोमानन्दको समूहका सदस्यहरू त्यहाँ पुग्थे। उनीहरूले सिआइबीका नाममा रेड मार्थे र बार्गेनिङपश्चात् पैसा असुल्थे। एकपछि अर्को गरी विभिन्न व्यवसायी रोशनीको सुन्दरताको मोहजालमा परेर ठगिन् थाले। पछि त्यो उजुरी प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी) पुग्यो। प्रहरी २ असार ०७४ मा कोमानन्दले रोशनीको रूपको आडमा चलाएको हनी ट्र्यापको जालो भत्काउन सफल भयो।

झन्डै २ वर्ष रमा (नाम परिवर्तन) भारतमा इन्जिनियर पढिरहेका एक युवकसँग फेसबुक मार्फत नजिकिइन्। सुन्दर युवतीलाई प्रेमिका रूपमा भेट्टाएछि युवक पनि मख्ख परे। उनी 'फेसबुके प्रेमिका' मात्र हुन् भन्ने उनले कल्पनासम्म गरेनन्। युवक आफ्नो मोहजालमा परिसकेपछि अनेक बहाना देखाएर २० वर्षीय रमाले ९ लाख ५० हजार रुपैयाँ मागिन्। पछि, प्रेमिका त अचानक टाढा हुन थालिन्, बरु उनलाई अनेक धम्की दिन थालिन्। त्यसपछि रमाले युवकसँग प्रेमको नाटक गरेको खुल्न आयो। उनी उजुरी बोकेर प्रहरी परिसर काठमाडौं पुगे। त्यसपछि प्रहरीले युवतीलाई पक्राउ गरेर काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गऱ्यो। ३ भदौं २०७५ मा काठमाडौं जिल्ला अदालतमा ५ लाख धरौटी बुझाएर ती युवती छुटिन्। ती युवतीसँग मिलेर ठगी गर्ने अर्का एक युवकको समेत मिलेमतो पाइएपछि प्रहरीले उनलाई समेत पक्राउ गरेर मुद्दा चलायो। युवक पनि ३ भदौ २०७५ मै ५० हजार धरौटीमा अदातलबाट छुटे।

डायना, मधु, रोशनी र रमा त फरक रूपमा सहरमा मौलाइरहेको अपराध शैली हनी ट्र्यापका उदाहरण मात्र हुन्। अहिले आफ्नो सुन्दरतामा मोहित पारेर पुरुषलाई ठगी, ब्लाकमेलिङ र लुटपाट गर्ने क्रम बढ्दो छ। पछिल्लो एक वर्षमा मात्र यस्ता आधा दर्जनभन्दा बढी घटनामा संलग्न युवतीहरू पक्राउ परिसकेका छन्। महानगरीय प्रहरी परिसर, काठमाडौंका प्रवक्ता होविन्द्र बोगटी पछिल्लो केही समययता पैसा कमाउनका लागि आफ्नो सुन्दरतालाई हतियार बनाउनेहरू बढेको बताउँछन्। 'यस्ता घटना बढिरहेका छन्,' बोगटी भन्छन्, 'तर, सामाजिक हिसाबले मानिसहरू यस्ता कुरामा एक्पोज हुन चाहदैनन्।'

## बाहिरी आवरण हेरेर चिन्न सकिँदैन



होविन्द्र बोगटी
प्रवक्ता, महानगरीय प्रहरी परिसर, काठमाडौं

**बाहिरी आवरण हेर्दा यस्ता मान्छेले पनि अपराध गर्लान् र भन्ने लाग्नेहरूले पनि किन अपराध गर्छन् ?**

आउटलुकका आधारमा हामी कसैको इनर कुरा पत्ता लगाउन सक्दैनौं। बाहिरबाट सिधासाधा देखिने कतिपय मानिस भित्रबाट क्रिमिनल माइन्डका हुनसक्छन्। कसै-कसैको माइन्ड नै क्रिमिनल्ली मोटिभेट हुन्छ। ठग्ने, अपराध गर्ने, लुट्ने, कसैलाई फसाउने किसिमले उद्धत भएको हुन्छ। त्यस्ता किसिमका मानिसलाई बाहिरी आवरण हेरेर मात्र चिन्न सकिँदैन।

**हनी ट्र्याप शैलीमा धनाढ्य तथा पैसावालाहरूलाई ठग्ने क्रम कत्तिको छ ?**

कतिपय महिलामा म सुन्दर छु, मैले केटाहरूलाई सजिलै फसाउन सक्छु, उनीहरूलाई ट्र्यापमा पार्न सक्छु भन्ने हुन्छ। उनीहरूले केटाहरूलाई विभिन्न प्रलोभन दिन्छन्, केहीले फेसबुकमार्फत, केहीले भेटघाटमार्फत, फोन मार्फत अथवा म्यासेन्जसरमार्फत। विभिन्न प्रलोभन दिएर वा मीठा कुराहरू गरेर केटाहरूलाई फसाइएको पनि पाइन्छ। आफ्नो भेष बदलेर, आफ्नो नाम ठेगानाहरू बदलेर, नयाँ मोबाइल नम्बरहरू प्रयोग गरेर, फेक आइडीहरू युज गरेर केटाहरूलाई फसाइएका घटना बढ्दै गएका छन्।

**त्यस्ता युवतीहरूको मुख्य मोटिभ के देखिन्छ ?**

युवतीहरू केटाहरूलाई माया गर्छु भनेर सम्बन्ध विस्तार गर्ने, माया गरे जस्तो देखाउने, केटाहरूलाई अँगालो हाल्ने, चुम्बन गर्नेजस्ता हर्कत पनि गर्ने र अन्त्यमा उनीहरूलाई पैसाका लागि ब्ल्याकमेल गर्ने किसिमका हर्कत बढी देखिन्छ।

**यस्ता केस कति आइरहेका छन् ?**

यस्ता किसिमका केस कमै मात्रामा आउँछन्। घटना बढी हुन्छन्, तर सामाजिक हिसाबले मानिसहरू यस्ता कुरामा एक्सपोज हुन चाहँदैनन्। सम्बन्धित मनिसको व्यक्तिगत जीवनका कुरादेखि धेरै कुरा प्रभावित हुने भएकाले केटीहरूबाट ब्लाकमेलिङ भएका, कहिलेकहीँ केटाहरूबाट केटीहरू ब्लाकमेलिङमा परेका केस कमै मात्रामा प्रहरी कहाँ आइपुग्छन्।

# वर्षातमा बोल्ड एन्ड ब्युटिफुल



फेसन ट्रेन्डमा हिँड्न कसलाई पो मन नलाग्ला र ? फेसन पारखीहरूले समरलाई बेस्ट सिजनका रूपमा लिए पनि अहिले जो-कोही विन्टरमा समेत स्मार्ट लुक्स दिन माहिर भैसकेका छन् । यद्यपि वर्षातको समयमा भने फेसनेबल र चुजी पुस्तालाई पहिरनको मामिलामा केही सकस हुन्छ । आकाश खुल्दा होस् वा पानी पर्दा वरिपरिको वातावरण जसरी मनमोहक देखिन्छ, त्यसरी नै आफ्नो आउटफिटलाई पनि अनुकूल बनाउन सके पक्कै बोल्ड एन्ड ब्युटिफुल देखिन सकिन्छ । यस क्रममा फेसन डिजाइनर आस्तिक शेरचन, मञ्जु ढकाल तथा रश्मि तण्डुकारसँग वर्षातको फेब्रिक, डिजाइन एवं एसेसरिजका सम्बन्धमा गरिएको कुराकानी :



सिर्जना दुवाल श्रेष्ठ

## सही फेब्रिकको छनौट

वर्षातमा कटन, लाइक्रा, नाइलन आदि फेब्रिकको पहिरन लगाउन सकिन्छ । कटन फेब्रिकमा पानीले भिजेको अवस्थामा पनि स्किनमा एलर्जी हुँदैन । कटन सुक्न समय लाग्ने भएकाले तत्काल फेरिहाल्नुपर्छ । त्यस्तै नाइलन वा लाइक्रा कटनको तुलनामा छिट्टै सुक्छ । भिजेको छ भने पनि शरीरमा टाँसिँदैन, तर यी फेब्रिक स्किन र स्वास्थ्यका हिसाबले त्यति उपयुक्त मानिँदैनन् । यद्यपि यो मौसममा स्टाइलिस्ट देखिन नाइलन वा लाइक्रालाई नै परफेक्ट फेब्रिक मानिन्छ । अहिले पोलिस्टर मिक्स कपडा बढी चल्तीमा छन् । वर्षातका लागि यो फेब्रिक एकदमै उपयुक्त छ । जर्जेट तथा सिफन भिजेपछि शरीरमै टाँसिने हुँदा यतिबेला यी फेब्रिक उपयोग नगरेकै राम्रो हुन्छ । यद्यपि जर्जेट, सिफन आदि हावाकै भरमा छिटोभन्दा छिटो सुक्छन् ।

## डिजाइन र रंग

फेसन डिजाइनर मञ्जु ढकाल वर्षातको मौसमलाई अझ रोमाञ्चक बनाउन छोटो वान पिस तथा स्कर्टलाई प्राथमिकता दिन सुझाव दिन्छिन् । ढकालका अनुसार वर्षातमा उज्यालो रंग तथा छोटो पहिरनमा विशेष रूपमा खुल्न सकिन्छ । मिड लेन्थ ड्रेस स्कर्ट, वान पिस वर्षातका लागि एकदमै उपयुक्त छ । यतिबेला चारैतिर हरियाली र फूलका अनेक रंगले उत्तिकै रमाइलो वातावरण हुन्छ । यो मौसममा बोल्ड प्रिन्ट तथा रंग प्रयोग गरी प्रकृतिको नजिक हुन सकिन्छ । यतिबेला रातो, पहेंलो, हरियो तथा नीलोमा सबैभन्दा गाढा रंगको फ्लोरल स्कर्टका साथमा सेतो, खरानी, पिंक आदि बेसिक रंगको सर्ट्स वा टप लगाएर मनसुन लुक प्राप्त गर्न सकिन्छ । यदि चम्किला रंग प्रयोग गर्न मन छैन भने चेरी, पिच, म्यांगो एल्लो आदि म्युटेड शेड्स प्रयोग गर्नुपर्छ । यसले शालिन लुक्स देखाउँछ । त्यस्तै डिजाइनर आस्तिक शेरचन मुनिको पहिरनजस्तै पाइन्ट, स्कर्ट, प्लाजा, सुरुवाल आदिमा जतिसक्दो गाढा रंग नै प्रयोग गर्ने सुझाव दिन्छन् । हट लुकका लागि स्ट्रेच कोट, सिम्पल कटन तथा फिटिङ टप लगाउन सकिने शेरचनले बताए ।





## रबरको एसेसरिज

वर्षातमा कम एसेसरिज प्रयोग गर्नुपर्छ । पानी पर्दा हावाले त्यसको रंग फिक्का बनाइदिन्छ र कतिपय त बिग्रन्छन् पनि । सकेसम्म वाटरप्रुफ जुत्ता लगाउनुपर्छ । यो मौसममा हिल जुत्ता सकभर नलगाउनु नै उचित हुन्छ । रबर वा जेली जुत्ता तथा एसेसरिजहरू अहिले निकै चल्तीमा छन् । त्यस्तै कलरफुल रेनकोट तथा छाता प्रयोग गरी वाटरप्रुफ बोल्ड कलरका घडी लगाउँदा आकर्षक, फरक अनि बोल्ड देखिन सकिन्छ ।



## वर्षातमा यी चिजहरूबाट जोगिऔँ

वर्षातमा टाइट कपडा सकभर नलगाउने सुझाव दिन्छिन्, फेसन डिजाइनर रश्मि तन्डुकार । अरू बेलाको तुलनामा यो मौसममा पसिना अलि बढी आउँछ । त्यसैले टाइट पहिरन लगाउँदा छालामा एलर्जी आउने सम्भावना हुन्छ । यो मौसममा कटन वा छालाका ब्याग बोक्नुभन्दा वाटरप्रुफ ब्याग बोक्नु सुरक्षित हुन्छ । वाटरप्रुफ ब्यागमा भित्रका सामान तथा कागजातहरू पनि सुरक्षित रहन्छन् ।



## वर्षात र साउनको पहिरनमा स्टाइलिस्ट देखिन





सुषमा सिंह, फेसन डिजाइनर

कटनको हरियो प्लेन कुर्ता-सलवारमा प्रिन्टेड सल आकर्षक देखिन्छ । यसमा ठूलो एयररिङ लगाउँदा अझ खुल्छ । जिन्स पाइन्ट लगाउने हो भने त्यसको माथि वेस्टेन टप्स लगाएर सललाई कम्मरमा ड्र्यापिङ गर्दा आकर्षक देखिन सकिन्छ । यतिबेला जिन्स पाइन्टमा साइड चिरिएको कुर्ती पनि उपयुक्त हुन्छ । यसका साथै कुर्तीको गलामा विभिन्न डिजाइन र वर्क गराएर फरक देखिन सकिन्छ । थाईको भागसम्म एकतर्फ चिरिएको वानपिस ग्ल्यामरस हुन्छ । यदि सिम्पल वन पिस लगाउने हो भने घाँटीमा नेकलेस वा एयररिङजस्ता गहना लगाउन सकिन्छ । यसका साथै कम्मरमा बेल्टसमेत प्रयोग गर्न सकिन्छ । साउन महिना भएकाले यतिबेला हरियोमा पनि डार्क, लाइट, ओलिभ तथा मिक्स कलर प्रयोग गर्न सके स्टाइलिस्ट लुक्स प्राप्त हुन्छ ।

अब हाम्रो पालो

# पुरुषले गाएको तीज गीत कस्तो लाग्छ ?


मोडल : लोमश शर्मा

दिदीबहिनी मात्र नाच्छन् जहिले पनि तीजमा, हामी पनि नाच्नुपर्छ बीचबीचमा भनेर गुनासो गरिसकेपछि त पुरुषहरूले पनि यो अधिकार पाउनुपर्छ जस्तो लागेको छ ।

**शारदा पाण्डे**

हिजोआज महिलाहरू त जनै लाएर हिँड्न थालेका छन् भने पुरुषले तीज गीत गाउनु कुन अचम्मको कुरा हो र ? लय, शब्द र संगीत राम्रो छ भने पुरुषले पनि मज्जाले तीज गीत गाउँदा हुन्छ ।

**दिपेश पोखरेल**

महिलाले मात्र चाडपर्व मान्दा विभेद हुन्छ, त्यसैले दसैं, तिहार, छठ आदि जस्तै तीजमा पनि सबै मिलेर रमाउनुपर्छ । सिर्जनामा विभेद गर्नु पनि हुँदैन । तीजमा महिलाले नै पोइल जान पाम भनेर गाउने अनि पुरुषलाई चाहिँ गीत नै गाउन नदिएपछि कोसँग पोइला जाने त ?

**हरि थापा**

जसले गाए पनि गीत त गीत जस्तै लाग्छ, तर पुरुषले गाएको तीजको गीत खासै गतिलोचाहिँ हुँदैन । पुरुषले गाएको तीज गीत मलाई त्यति मन पर्दैन ।

**एलेक्स दया**

यो कुरा गीतको भावमा भर पर्छ । गीत गाउनै हुँदैन भन्ने त होइन, तर तीज गीत पनि रत्यौली पाराले गाएको देख्दा-सुन्दा भने अचम्म लाग्छ । अहिले तीज गीतलाई पुरुषहरूले ठाडै विवाहको प्रस्ताव गर्ने रूपमा प्रस्तुत गरेको देख्दा दुःख लाग्छ । यस्ता गीतलाई किन सामाजिक बहिस्कार गर्न नसकेको ?

**नवराज आचार्य**

तीजमा गीत गाउँदै नाच्ने केटालाई सारी-चोली दिन मन लाग्छ ।

**सम राई**

केटाले लगाउने पाइन्ट केटीले लगाउँदा जस्तो लाग्छ, त्यस्तै लाग्छ ।

**रवि गुरुङ**

मलाई त असारे झरीमा सडक कालोपत्रे गरेजस्तो लाग्छ– सान्है रमाइलो ।

**रामकुमार**

पुरुषले तीज गीत गाएको पनि राम्रै हुन्छ, तर दुर्गेश थापाले जस्तो गाउनुपर्छ ।

**रेशम श्रेष्ठ**

पुरुषहरूले पनि तीज गीतबाट राम्रै कमाइ गरिरा' छन् । यो राम्रो कुरा पनि हो, तर महिला र पुरुष दुवैले गाएको गीत अनि भिडियोचाहिँ अलि छाडा हुन्छन् । तीज के हो, यसको अर्थ एवं मौलिकता नै बिर्सिएजस्तो लाग्छ ।

**ताराबहादुर कटुवाल**

खासमा त तीज महिलाहरूको पर्व हो, तर सबैको आ-आफ्नै इच्छा-चाहना हुन्छ । मेरो विचारमा तीज विशेष गरेर महिलाको पर्व भएकाले यसलाई महिलामै सीमित रहन दिनुपर्छ ।

**प्रेमराज महत**

आफ्नै दिदीबहिनीसँग नाचेर-गाएर रमाइलो गर्दा कुनै आपत्ति हुँदैन । आपत्ति त तब हुन्छ जब तीजको नाममा अनेकन् विकृति देखा पर्न थाल्छन् । तीजको नाममा हुने र भएका विकृति हटाउनुपर्छ । समावेशिताको खोजी भैरहेका बेला पुरुषले पनि तीज गीत गाउनु कुनै नौलो कुरा भने होइन ।

**ख्यामु सुवेदी**

नारी-पुरुष बराबर भनिरहेको अवस्थामा गीत गाउँदा केही हुँदैन । अन्य चाडपर्वजस्तै तीज गीतमा पनि पुरुष स्वर ठीकै लाग्छ ।

**सुजन केसी**

पुरुषले गीत गाए पनि मौलिकताका साथसाथै धर्म-संस्कृतिको संरक्षण गर्ने खालको गाए त केही फरक पर्दैन ।

**वेदप्रकाश उपाध्याय**

जसले गाए पनि तीजका गीतहरूमा अहिले दर, माइती, सासूबुहारी, घरझगडा, दाजुबहिनीबीचको प्रेम, मिलनबिछोड आदि जस्ता शब्द कहाँ हुन्छन् र ? हिजोआज भ्याउरे र रत्यौलीलाई तीज गीत भन्न थालिएको छ । पुरुष हुन् वा महिला, जसले गाए पनि एकाधबाहेक यी सबै गीत तीज गीत होइनन् ।

**महबुब आलम**

जसले गाए पनि आजकालका तीज गीत कलाकारहरूको सेरोफेरोमै रमेजस्तो लाग्छ । दूरदराजका गाउँघरमा पाका दिदीबहिनीहरू जम्मा भएर वर्षभरिको दुःखसुखलाई गीतका माध्यमबाट आफ्ना भावना व्यक्त गरेका कुरा आउन छाडेका छन् । सहरिया कलाकारहरूले कमाउनकै लागि मात्र तीज गीत बजारमा ल्याउने चलन बढेको छ । बजारमा आउने ककटेल गीतहरूका कारण नेपालबाट तीज संस्कृति नै हराउने त होइन भन्ने लाग्न थालेको छ ।

**भूपाल थापा**

नाचौं-नाचौं लाग्छ मलाई त । आजकाल केटीले मात्र गाएको तीज गीत नै आउँदैन । मलाई केटाहरूले तीजमा गीत गाएको राम्रो लाग्छ ।

**प्रविन तिमिल्सिना**

एकदमै राम्रो लाग्छ । महिलाले मात्र तीजका गीत गाउनुपर्छ भन्ने कहाँ लेखेको छ र ? त्यसै पनि महिला र पुरुष एक-अर्का बिना अपुरो नै रहन्छन् । त्यसैले जुनसुकै काम पनि दुवै जना मिलेर गरेको राम्रो ।

**कुशल थापा**

# यो साताको राशिफल


रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

साउन १९ गते
अन्तर्राष्ट्रिय मित्रता दिवस

साउन २० गते
नागपञ्चमी

### मेष

व्यक्तिगत क्षमताबाटै झिना-मसिना समस्या समाधान गर्न सकिनेछ । व्यवसायिक क्षेत्रमा सुधारको लक्षण देखा पर्नेछ । प्रातःकालीन भ्रमण तथा योगले मानसिक तनावबाट छुट्कारा दिलाउनेछ । अपरिचितहरूबाट आउने प्रेम प्रस्तावप्रतिसचेत रहनुमै आफ्नो कल्याण छ ।

### वृष

छोटो समयमा नजिकिएका इष्टमित्रहरूप्रति विश्वास गर्नाले धोका हुनसक्छ । आर्थिक अभाव निराकरण गर्न अभिभावकहरूको सहयोग लिनुहोला । विदेशी पाहुनासँग भलाकुसारी गर्दै आनन्द लिन पाइनेछ । खराब आचरण भएकाहरूले पिछा गर्न सक्छन् । जिद्दी गर्ने स्वभावका कारण पछि परिनेछ ।

### मिथुन

टाढिएका मित्रहरूको विश्वास जित्न सकिनेछ भने तपाईंको प्रशंसासमेत होला । विदेश यात्राले आकस्मिक लाभ दिलाउने छ । सानै मेहनतले प्रतिस्पर्धीहरूलाई उछिन्न सकिएला । महत्वपूर्ण जिम्मेवारी हात पर्न सक्छ । हरियो रंगको प्रभाव तथा बोलीको मधुरताका कारण रोकिएका कतिपय कार्य पुनः सुचारु हुनेछन् ।

### कर्कट

मेहनत गर्न सके विभिन्न अवसर हात लाग्नेछ । आफ्नो नामबाट अरूले फाइदा उठाउन सक्छन् । प्रेमजीवनमा खटपट सिर्जना हुन सक्छ । हितैषीहरूको सहयोगमा समस्या निराकरण गर्न सकिनेछ । साताको अन्त्यमा यात्रा गर्ने अवसर जुट्ला । राति बाहिर बस्दा समयको ख्याल गर्नुहोला ।

### सिंह

कार्य सम्पन्न गर्न विलम्ब भए पनि सही मार्ग पहिल्याउन सकिनेछ । परिश्रमले परिणाममुखी कार्य सम्पन्न गर्न सघाउनेछ । आफ्नो प्रखरता एवं प्रभावशाली कार्यले उचित स्थान पाउनेछ । तपाईंको उन्नति देखेर ईर्ष्या गर्नेहरू छटपटाउनेछन् । सामाजिक कार्यमा केही धन खर्च हुनसक्छ ।

### कन्या

फेसन एवं श्रृंगार प्रसाधनमा धन खर्च हुनसक्छ । प्रेमी-प्रेमिकाले नयाँ-नयाँ चाहना व्यक्त गर्न सक्छन् । अभिभावकहरूको आदेश शिरोधार्य गर्नुमै आफ्नो कल्याण छ । खानपान तथा मनोरञ्जनमा संयम अपनाउनुहोला । साताको अन्त्यमा यात्रा हुनसक्छ ।

### तुला

तपाईंको प्रस्तावलाई सहयोगीहरूले सकारात्मक रूपमा लिनेछन् । परिवारसँगको भ्रमणले मन हर्षित तुल्याउनेछ । मन पराउनेहरूलाई उपहार प्रदान गर्न उत्सुक भइनेछ । भोजभतेरमा सहभागी हुँदा विशिष्ट व्यक्तित्वहरूसँग परिचित हुने अवसर जुर्नेछ । सवारी चलाउँदा संयम अपनाउनुहोला ।

### वृश्चिक

रातो रंगको पहिरनले सफलतानजिक पुऱ्याउन ऊर्जा प्रदान गर्नेछ । अवसरको खोजी गर्ने क्रममा जटिल समस्याहरू देखा परे पनि सबै समस्या समाधान हुनेछन् । धेरैको प्रशंसा बटुल्न सकिनेछ । ढिलासुस्ती गर्दा पछि परिनेछ । राति अबेरसम्मको यात्राले बेफाइदा गर्नेछ ।

### धनु

तपाईंको व्यक्तित्व, प्रभाव तथा उन्नति देख्नेहरू लोभिनेछन् । स्वदेशमै उपलब्धि हात पार्न प्रेमिकाको सहयोग महत्वपूर्ण रहनेछ । पुर्ख्यौली धन खर्च गरी वैदेशिक यात्रा तय गरिनेछ । नातेदारको भोजभतेरमा सहभागी भइनेछ । साथीहरूसँग मनोरञ्जनमा सामेल हुँदा समय तथा स्वास्थ्यको ख्याल राख्नुहोला ।

### मकर

जुक्ति-बुद्धिको सहायताले अधिकार एवं प्रतिष्ठा जोगाउन सकिनेछ । उपहार तथा नगद प्रदान गर्नेहरूबाट टाढै रहनुहोला । गलत मनसाय भएकाहरूले पिछा गर्न सक्छन् । मित्रवर्गले वचनअनुरूप समयमै सहयोग नगर्दा संकट बेहोर्नुपर्ला । साताको अन्त्यमा यात्रा हुने सम्भावना छ ।

### कुम्भ

साताको सुरुमा कसैको साथ खोज्नु आफ्नो हितमा हुनेछैन । झिना-मसिना काममा अल्झदाँ महत्वपूर्ण समय र व्यापार-व्यवसायमा समेत असर पर्नसक्छ । कार्यव्यस्ततालाई सावधानीका साथ व्यवस्थापन गर्न सके उचाइमा पुगिनेछ । प्रेमको नाटक गर्नेहरूले फसाउने प्रयास गर्न सक्छन् ।

### मीन

स-साना त्रुटि नसच्याउँदा प्रेमी/प्रेमिका टाढिन सक्छन्, भित्री मनसाय बुझी व्यवहार गर्नुहोला । खानपानको समयतालिका फेरबदल हुँदा स्वास्थ्य समस्याले सताउन सक्छ । अध्ययनको राम्रो अवसर हात पर्ने सम्भावना छ । शीघ्र निर्णय गर्दा फाइदा होला । मंगलबारपछि प्रेरणादायक कार्य सम्पन्न गर्न सकिनेछ ।

यौन र जीवन

# सुरक्षित यौनमा गएको पोखरा सिटी



पद्मराज जोशी

यौनव्यवसायीको सेवा लिने अधिकांश पुरुष कन्डम लगाउन मान्दैनन्। कन्डम लगाएर सम्पर्क गर्दा आनन्द नआउने र लगाउन झन्झट हुने भन्दै बरु मागेको भन्दा बढी पैसा तिर्न तयार हुने तर सकभर कन्डम नलगाई सम्पर्क राख्न पाए हुन्थ्यो भन्ने चाहना पुरुषहरूमा हुन्छ। पहिले आफू र आफ्नो साथीलाई मदिरा पिउन लगाएर मात लागेपछि यौनसम्पर्क गर्ने प्रवृत्तिका कारण कन्डमको प्रयोगलाई उनीहरू अवरोधका रूपमा लिन्छन्।

यौनव्यवसायी महिला तथा तिनका ग्राहकबीच मुख्य विवाद नै कन्डम लगाउने कि नलगाउने भन्ने विषयमा हुने यो क्षेत्रमा लागेकाहरूको अनुभव छ। यद्यपि पोखराका यौनकर्मीको व्यवहार देशका अन्य भागका यौनकर्मीहरूको तुलनामा फरक भएको सरोकारवालाहरू दाबी गर्छन्। यहाँका यौनव्यवसायी महिला बिनाकन्डम पुरुषसँग सम्पर्क गर्न मान्दैनन्। यौनव्यवसायी महिलाहरूको अधिकारका क्षेत्रमा विगत लामो समयदेखि कार्यरत पवित्र गोरेटोकी अध्यक्ष लक्ष्मीरानाभाट भन्छिन्, 'पोखराका यौनव्यवसायीहरू असुरक्षित यौनसम्पर्क राख्दैनन्। अहिले सुरक्षित यौनसम्पर्क गर्नेहरू मात्र छन्।'

यहाँका यौनव्यवसायीहरू सुरक्षित यौनसम्पर्कका विषयमा बढी नै जानकार अनि संवेदनशील भएकाले उनीहरू बिनाकन्डम यौनसम्पर्क गर्न मान्दैनन्, त्यसैले पनि पछिल्ला वर्षमा असुरक्षित यौनसम्पर्कका कारण महिलाले भोग्नुपर्ने पीडासमेत कम भएको लक्ष्मीको अनुभव छ।

पोखरा घुम्न र मनोरन्जनका लागि पुग्ने पर्यटकहरू आफैं पनि सुरक्षित यौनसम्पर्कका विषयमा जानकार हुने र सम्झाएपछि कुरा बुझ्ने भएर पनि यसमा सहयोग मिलेको यौनव्यवसायी महिलाको यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा कार्यरत जागृति महिला महासंघकी पोखरा अध्यक्ष सुनिता अधिकारी बताउँछिन्। पोखरामा करिव ३ हजार जति यौनव्यवसायी महिला छन्। उनीहरूमध्ये ५० प्रतिशत जति छिमेकी जिल्लाहरू म्याग्दी, बाग्लुङ, पर्वत, स्याङ्जा, तनहुँ आदिबाट आएका छन् भने ५० प्रतिशत कास्कीकै छन्। त्यसमा पनि ग्रामीण क्षेत्रका बढी छन्।

एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको अध्ययनअनुसार नेपालमा ८६ प्रतिशत यौनकर्मी महिलाले यौनसम्पर्कका बेला कन्डम प्रयोग गर्ने गरेका छन्, तर पोखरामा भने यो ९५ प्रतिशतभन्दा माथि रहेको यस क्षेत्रमा कार्यरत संस्थाका अधिकारीहरूको दाबी छ। एचआईभी, यौनरोग, गर्भपतनजस्ता स्वास्थ्य समस्या न्यूनिकरण गर्ने दिशामा यसलाई सकारात्मक मान्नुपर्छ। लक्ष्मी भन्छिन्, 'अपवादबाहेक यहाँका सबै यौनकर्मी सुरक्षित यौनसम्पर्कका विषयमा जानकार छन् र त्यसलाई व्यवहारमा समेत प्रयोग गर्छन्।'

तथ्यांकहरू भन्छन्– नेपालमा करिब ३० हजार यौनव्यवसायी महिला छन्। उनीहरूका नियमित ग्राहकको संख्या त्यसको दोब्बर छ। यौन व्यवसायमा लागेका महिलामध्ये २३ प्रतिशत २० वर्ष कम उमेरका छन् भने ४० प्रतिशत २० देखि २९ वर्षका छन्। बाँकी ३५ प्रतिशत ३० वर्ष कटेका छन्। यो व्यवसायमा लागेकाहरूमध्ये ४० प्रतिशतले मात्र प्रारम्भिक शिक्षा लिएका छन्।

नेपाल परिवार नियोजन संघ, स्वास्थ्य निर्देशनालय, पिएसआई, आईपास, जागृति महिला महासंघ, गोरेटो जस्ता संस्थाहरूले बेला बेलामा आयोजना गर्ने चेतना एवं सेवामूलक कार्यक्रमहरूले पनि यौनव्यवसायी महिलामाझ सुरक्षित यौनसर्म्कका लागि कन्डम उत्तम विकल्प हो भन्ने चेतना विस्तार हो। यसले एकातिर सुरक्षित यौनसम्पर्कका कारण अनिश्चित गर्भाधारण भएर पटक-पटक गर्भपतन गराउनुपर्ने बाध्यता हटेको छ भने अर्कातिर एचआईभी संक्रमण हुने चिन्ता पनि घटेको छ। गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालय चिकित्सक डा. भवानी शर्मा भन्छन्– 'सुरक्षित यौनसम्पर्कले मात्र महिलालाई थुप्रै यौन तथा प्रजननसम्बन्धी समस्याबाट जोगाउन सक्छ।'


नेपाल परिवार नियोजन संघ कास्की शाखाका प्रमुख यमनाथ पौडेल संघले बेलाबेला सुरक्षित यौन तथा प्रजनन स्वास्थ्यका विषयमा दिइने तालिम एवं स्वास्थ्य शिविरका कारण पनि पोखराका यौन व्यवसायीमा सुरक्षित यौन सम्बन्धका विषयमा गहिरो जानकारी भएको दाबी गर्छन्। संघले उनीहरूका लागि बेला-बेलामा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी प्रशिक्षण एवं आवश्यक पर्ने स्थानहरूमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने गरेको पौडेल बताउँछन्। घुम्न र मनोरन्जनका लागि पोखरा पुग्ने पर्यटकहरूलाई यौनआनन्द पनि चाहिन्छ। विशेष गरी भारतबाट आउने तथा नेपालका अन्य भागबाट बिदा मनाउन जाने कतिपय आन्तरिक पर्यटकहरूको चाहना त्यस्तो पाइन्छ। पोखरामा देशका अन्य भागमा भन्दा यौनलाई सहज रुपमा लिइने भएकाले पनि यौनकर्मीहरूलाई यो व्यवसाय सञ्चालन गर्न केही सहज छ। राज्यले यौन व्यवसायलाई कानुनी मान्यता दिएका छैन, तर पोखरामा अघोषित रूपमा यो व्यवसाय सञ्चालन भैरहेकै छ। यसमा यहाँका होटल व्यवसायीहरूको पनि ठूलो सहयोग छ। यौन व्यवसाय नहुने हो भने पोखरा आउने पर्यटकको संख्या घट्ने र त्यसको प्रत्यक्ष असर होटल व्यवसायमा पनि पर्ने कुरा राम्रोसँग बुझेका यहाँका कतिपय होटल व्यवसायीले त्यस्ता व्यवसायीलाई कुनै रोकतोक गर्ने गरेका छैनन्।

यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा कार्यरत पवित्रा थापा भन्छिन्, 'होटल सञ्चालकहरूलाई पैसा संग मतलब हुन्छ। को-को आए-गएसँग मतलब हुँदैन। त्यसैले यहाँ अलि सहज छ।' पोखराका केही होटलमा अघोषित रूपमा यौन व्यवसाय चलिरहेको छ। देशका अन्य भागमा प्रहरी प्रशासनले बेला बेलामा छापा हान्ने, होटलमा भेटिएका जोडीहरूलाई पक्रने, सार्वजिनक मुद्दा हाल्ने गैरकानुनी काम गर्दै आए पनि पोखरामा यस्ता घटना विरलै हुन्छन्। यहाँको प्रहरी प्रशासनले पनि यौनपर्यटनको महत्त्व बुझेर काम गरिरहेको पवित्राको बुझाइ छ। पोखरामा छाडा रुपमा यौन व्यवसयाय नभएकाले प्रहरीलाई पनि सहज भएको पवित्रा बताउँछिन्।

पोखराको प्राकृतिक सौन्दर्यका अतिरिक्त यहाँको यौन व्यवसाय पनि पर्यटक लोभ्याउने अर्को माध्यम हो। पोखराका सयौं होटलमा कुनै न कुनै रुपमा यौन व्यवसाय हुन्छ। केही महिनाअघि गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पोखरालाई सेक्स सिटीका रुपमा विकास गर्नुपर्ने बताएपछि त्यसको पक्ष र विपक्षमा विभिन्न किसिमका प्रतिक्रिया देखा परे। मुख्यमन्त्रीले यो कुरा बिनाआधार बोलेका थिएनन्। पवित्रा भन्छिन्, 'मुख्यमन्त्रीले यथार्थ बोलेका हुन्, तर समाजका सबैले त्यसलाई पचाउन सकेनन्।'

असुरक्षित यौनसम्पर्कका कारण अधिकांश महिलामा स्वास्थ्य समस्या सिर्जना हुने भएकाले सुरक्षित यौनसम्पर्कका लागि कन्डमको प्रयोग सबैभन्दा सुरक्षित र कम साइड इफेक्ट हुने विधि हो भन्ने कुराको चेतना बिस्तार गराउनुपर्ने आवश्यकता अझै रहेको डा. गिरधारी शर्मा बताउँछन्। असुरक्षित यौनसम्पर्कले दुवैलाई पछुतोबाहेक अरु केही हुँदैन। अहिले युवायुवतीहरूले गर्भपतनलाई परिवार नियोजनको साधनको विकल्पका रूपमा लिन थालेको अवस्था भने चिन्ताको बिषय भएको उनको भनाइ छ।

सुरक्षित गर्भपतन सेवा छदैछ भन्दै कहिलेकाहीं विनाकन्डम यौनसम्पर्क राख्ने प्रवृतिले पटक-पटक गर्भपतन गराउनु पर्ने अवस्था र त्यसले महिलाको प्रजनन स्वास्थ्य नै बर्बाद हुने स्थितिको अन्त्य गर्न परिवार नियोजन सेवा चेतना र सेवा बिस्तार अझ राम्रोसँग हुनुपर्ने डा. शर्माको सुझाव छ। यौन व्यवसायमा आई रहेका नयाँ युवतीहरूलाई सुरक्षित यौनसम्पर्कका विषयमा चेतनशील बनाउनु जरुरी छ। त्यसका लागि यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा कार्यरत सरोकारवाला निकायहरूले लगानी र सक्रियता दुवै बढाउनुपर्ने आवश्यकता छ।



- हरेक दिन संसारभर ६ करोडभन्दा बढी मानिसले इन्टरनेटमा निःशुल्क पोर्नसाइट हेर्छन्, तीमध्ये दुईतिहाइले कार्यालयको कम्प्युटरमै त्यस्ता सामग्री हेरेको पाइएको छ।
- सयमा ९० जना बेलायती महिलाले जीवनमा एक न एकपटक पोर्न सामग्री हेरेका छन्।
- ४० प्रतिशत महिला पुरुषको तुलनामा महिलाकै नांगो शरीर हेर्न रुचाउँछन्।
- ३० प्रतिशत मानिस केटी-केटीबीचको समलिंगी यौनव्यवहार प्रदर्शित पोर्न सामग्री हेर्न रुचाउँछन्।
- पोर्न सामग्री हेर्नेहरूको संख्या जाडो महिनामा ह्वात्तै बढ्छ। अमेरिकामा गरिएको एक अध्ययनअनुसार अनलाईन पोर्नोग्राफीको दर जाडो तथा ग्रीष्मयाममा अन्य मौसमको तुलनामा निकै बढी हुन्छ।
- बेलायतमा गरिएको अध्ययनअनुसार पुरुषहरु होटलको कोठामा पुग्नेबित्तिकै त्यहाँको टेलिभिजनमा पोर्न च्यानल छ कि छैन भनेर जाँच गर्छन्।
- दसौं हजार अस्ट्रेलियन हरेक दिन ५ घण्टा पोर्न चलचित्र हेर्न खर्च गर्छन्।



# टुटेको क्रिकेट सपना

नेपाल विश्व ट्वान्टी-२० एसिया छनौट सुरु हुनुअघि विजेताको स्पष्ट दावेदार थियो । नहोस् पनि किन ? त्यसमा सहभागी पाँच टिममध्ये नेपाल नै सबैभन्दा बलियो देखिन्थ्यो, कम्तीमा कागजमा । फेरि तमाम नेपाली क्रिकेटप्रेमीहरूको सपना पनि थियो यो वर्ल्ड ट्वान्टी-२० खेल्ने अर्थात् ट्वान्टी-२० विश्वकप । त्यहाँसम्म पुग्न नेपालले सबैभन्दा पहिले यही छनौट चरण पार गर्नुपर्ने थियो, त्यसपछि मात्र ग्लोबल क्वालिफायरको पालो आउँथ्यो ।

उक्त क्वालिफायरमा छनौट हुने एक मात्र विकल्प भनेकै विश्व ट्वान्टी-२० एसिया छनौट जित्नु थियो । जति बेला प्रतियोगिता सकियो, कागजमा मात्र होइन, मैदानमै पनि देखियो, नेपाल विजेता बन्न योग्य छैन । नेपाली क्रिकेट अझै विश्व क्रिकेटको माथिल्लो दर्जाबाट स्तरका आधारमा धेरै टाढा छ । विश्व क्रिकेटमा नेपालले केही गरेर देखाउने हो भने अझै प्रशस्त गृहकार्य गर्नुपर्ने हुन्छ अन्यथा नेपाली क्रिकेट अहिले जे देखियो, त्यही हो ।

अन्तिम खेलमा नेपाल सिंगापुरसँग पराजित भएपछि प्रशिक्षक उमेश पटवालले पनि माने, टिम ग्लोबल क्वालिफायरमा नपुगेकै राम्रो, किनभने नेपाल



त्यसका लागि योग्य छैन । पटवालको नेतृत्वमा खेलिएको यो नै पहिलो प्रतियोगिता हो, उनले त्यसअघि ठूला-ठूला दाबी गरेका थिए, तर अहिले भने उनले पनि मानेका छन्, नेपाली क्रिकेटको स्तर त्यति पुगेको छैन, जसका आधारमा नेपालले ट्वान्टी-२० विश्वकप खेल्न सकोस् ।

नेपालको असफलतामा कप्तान पारस खड्का पनि उत्तिकै निराश देखिए । उनले भने– यो खराब प्रदर्शनको जिम्मेवारी म आफैं लिन्छु । त्यसको अर्थ उनी आफैं पनि मान्छन्, आफ्नै केही कमजोरी रह्यो भन्नेमा । मूल प्रश्न, नेपाल कहाँनेर चुक्यो त ? यसका केही ठोस कारण छन् ।

पहिलो कारण, ट्वान्टी-२० क्रिकेट जसरी खेल्नुपर्ने हो, नेपालले त्यसरी खेल्न सकेको छैन् । नेपाली खेलाडीहरूमा अझै सुस्ती र अल्छीपन देखिन्छ ।

भलै नेपालमा केही फ्रेन्चाइज क्रिकेट हुन्छन्, तर पनि ट्वान्टी-२० क्रिकेटमा हुनुपर्ने आक्रमकता नेपाली टिममा छैन । ट्वान्टी-२० क्रिकेटका माथिल्लो दर्जाका खेल हेर्नुपर्छ, त्यसमा पाइने आक्रमकता अझै पनि नेपाली टिममा देखिँदैन, नेपाली खेलाडीले आफूलाई त्यसअनुरूप आफूलाई ढाल्न सकेका छैनन् । त्यसैले त नेपाली टिमका पूर्व कप्तान विनोद दासले खुलेरै भनेका छन्– नेपालको रणनीति नै राम्रो हुन सकेको छैन ।

दोस्रो ठूलो कारण हो, नेपालसँग यति ठूलो प्रतियोगिता खेल्न पर्याप्त खेलाडी छैनन् । नेपाली क्रिकेट भनेपछि जहिले पनि खास-खास खेलाडीको मात्र नाम आउँछ, जस्तो उनै पारसदेखि ज्ञानेन्द्र मल्ल र शरद भेषवाकर । आलोचना पनि हुन्छ, जहिल्यै यिनै खेलाडी मात्र ? किन यिनै खेलाडीमा मात्र भर पर्नुपर्ने ? यसपटक के भैदियो भन्दा यी केही खेलाडी नहुने हो भने त नेपाली क्रिकेटका सम्बन्धमा केही सोच्न पनि सकिँदैन ।

नेपालका लागि सीधा-सीधा यिनै तीन पुराना खेलाडी मात्र चम्किए, अरूले खासै केही गर्न सकेनन् । यी तीन खेलाडी नचम्किएको भए, नेपालको प्रदर्शन अझ दयनीय हुने थियो । नेपालको मध्यक्रमको ब्याटिङ पूर्णतः असफल रह्यो । इन्डियन प्रिमियर लिग (आईपीएल) मा आबद्ध भएयता लगातार चर्चामा रहेका सन्दीप लामिछाने पनि सिंगापुरमा फिक्का नै रहे । बरु उनको तुलनामा सोमपाल कामीको प्रदर्शन धेरै अर्थमा प्रभावशाली रह्यो ।

तेस्रो कारण, नेपालले प्रतियोगितामै खराब सुरुवात लियो । आफ्नो पहिलो खेलमा नेपाल कतारसँग चार विकेटले पराजित भएको थियो र उक्त स्तब्धपूर्ण नतिजाले नेपाललाई लगातार पछ्याइरह्यो । त्यो खेलपछि नेपालले मलेसिया र कुवेतलाई हराए पनि सिंगापुरविरुद्ध फेरि पराजित हुनुपर्‍यो । उक्त खेलमा नेपालको हारको अन्तरले नै देखाउँछ, त्यो कति खस्किएको प्रदर्शन थियो भन्ने कुरा । वास्तवमै यो छनौट यस्तो प्रतियोगिता रह्यो, जसले उत्तर भन्दा पनि बढी प्रश्न छाडेर गएको छ ।

## भाइरस खोज्दै सदस्य सचिव



नेपाली क्रिकेटसँग नजिकको सम्बन्ध भएका व्यक्तिमा पर्छन्– रमेश सिलवाल । यिनै सिलवाल अहिले राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव छन् । उनले केही दिनयता नेपाली क्रिकेटमा केही न केही बोलिरहेका छन् । केही दिनअघि मात्र उनले भाइरसले पूरा नेपाली खेल क्षेत्रलाई नै बिगारिरहेको बताएका थिए ।

अहिले उनैले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलमा कसैले आफू खराब पदाधिकारी रहेको आसयको पत्र पठाएको खुलासा गरेका छन् । सिलवालका अनुसार त्यही पत्रका कारण सम्भवतः नेपालमाथि काउन्सिलले कायम राख्दै आएको प्रतिबन्ध फुकुवा हुन सकेन् । त्यसैले उनलाई काउन्सिलप्रति पनि उत्तिकै आक्रोश छ ।




## पदक फिर्ता दिनुपरेपछि

नेपालका लागि विश्व ट्वान्टी-२० एसियाली छनौट धेरै अर्थमा निराशजनक रह्यो । सिंगापुरविरुद्धको अन्तिम तथा निर्णायक खेलमा पराजित भएपछि नेपाल उपाधिबाट विमुख हुने निश्चित थियो । प्रतियोगिताका आयोजकहरूले के सोचेछन् भने पराजित भए पनि नेपाल त दोस्रो स्थानमै हो, त्यसैले नेपाली खेलाडीलाई दोस्रो स्थानको पदक वितरण गरियो ।

यद्यपि नेपाल दोस्रो स्थानमा पनि रहेनछ । आयोजकले गरेको हिसाब गलत रहेछ, नेपाल त तेस्रो स्थानमा रहेछ । नेपाल र कतारको समान अंक रहे पनि रनरेटको आधारमा कतार नै अगाडि रहेछ अर्थात् कतार दोस्रो, अनि मात्र नेपाल । त्यसपछि नेपालले पदक फिर्ता दिनुपर्ने भयो । यसमा नेपाली टिमले खासै विरोध गर्नुपर्ने कुरा पनि थिएन, त्यसैले खेलाडीहरूले खुरुक्क पदक फिर्ता दिए ।

तस्बिर : सुभास हुमागाईं



## फिलिप्स प्राविधिक निर्देशक

अखिल नेपाल फुटबल संघ (एन्फा) ले अहिले धमाधम नयाँ-नयाँ नियुक्ति गरिरहेको छ, आफूले दिएको विज्ञापनमा परेको निवेदनका आधारमा । यसै क्रममा एन्फाको प्राविधिक निर्देशकमा नियुक्त भएका छन्– अस्ट्रेलियाका ग्यारी फिलिप्स । उनलाई एन्फाले एक वर्षका लागि नियुक्त गरेको हो ।

प्राविधिक निर्देशकका लागि उनले मात्र निवेदन दिएका थिए । अब प्रश्न उठ्छ, को हुन त यी फिलिप्स ? उनी ५६ वर्षीय अस्ट्रेलियाली पूर्व खेलाडी हुन्, मिडफिल्डबाट खेल्ने । उनले अस्ट्रेलियामा साना-ठूला धेरै क्लब सम्हालेका छन्, प्रशिक्षकका रूपमा । फिलिप्स कुनै देशको फुटबलसँग जोडिएको भने यो पहिलो अवसर हो ।

# कस्ता छन् स्वर्ण पदकधारी बडीबिल्डर

गत साता काठमाडौंमा सम्पन्न १२ औं दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा नेपालले उल्लेखनीय सफलता हात पार्‍यो । दक्षिण एसियाका ८ मुलुकका १ सय ३० जना खेलाडीले सहभागिता जनाएको उक्त प्रतियोगितामा नेपालका तर्फबाट १८ पुरुष तथा ५ महिला गरी २३ जना खेलाडी सहभागी थिए, जसमा नेपालले ३ स्वर्ण, ७ रजत तथा ६ कांस्य गरी १६ वटा पदक जित्यो । नेपालका लागि ६५ किलोमा समीर श्रेष्ठले, पुरुष एथलेटिक्समा नरेश मालाकारले तथा महिला मोडल फिजिक्समा मल्लिका शाक्यले स्वर्ण पदक जितेका थिए ।

● प्रकाश रानाभाट
तस्बिर: महेश प्रधान





## समीर श्रेष्ठ

समीर १२ औं दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा नेपाललाई स्वर्ण पदक दिलाउने सफल खेलाडी हुन । उनी देशबाहिर भए पनि देशलाई आवश्यक परेका बेला आफ्नो योगदानका लागि स्वदेश आइपुग्छन् । साउदी अरेबियामा कार्यरत श्रेष्ठ यतिबेला थाइल्यान्डमा हुन लागेको एसिया-प्यासिफिक प्रतियोगिताको तयारीमा छन् । श्रेष्ठले ६५ किलो तौल समूहमा स्वर्ण पदक जितेका हुन् । भक्तपुरको चाँगुनारायणमा जन्मिएका ३५ वर्षीय समीरले अहिलेसम्म मिस्टर एभरेस्ट, मिस्टर काठमाडौं, धर्मश्री, बुल्स म्यान, मिस्टर हिमालय गरी ५ वटा राष्ट्रिय गेममा तथा दक्षिण एसियाली १ गरी ६ वटा प्रतियोगितामा पदक जितिसकेका छन् । उनी आफ्नो शरीरलाई सुगठित र आकर्षक बनाउन हप्तामा ६ दिन व्यायाम गर्छन् । ७३ किलो तौलका श्रेष्ठको पाखुरा १८ इन्च, छाती ४५ इन्च, कम्मर ३० इन्च तथा उचाइ १ सय ६४ सेन्टिमिटर छ । ०६२ सालदेखि नै शरीर बनाउन लागिपरेका समीर साउदी अरेबियाको पावर जिममा प्रशिक्षकका रुपमा कार्यरत छन् । उनी शरीरका लागि सप्लिमेन्ट, प्रोटिन अमिनो, ओमेगा-३, बिका तथा मल्टिभिटामिन प्रयोग गर्छन् ।



## नरेश मालाकार

१८ वर्षको उमेरदेखि नै व्यायाम गर्न थालेका नरेश १२ औं दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपको पुरुष एथलेटिक्स (१ सय ६७ सेन्टिमिटर) मा स्वर्ण पदक जित्ने खेलाडी हुन् । २६ वर्षको उमेरमा २०७० सालदेखि बडीबिल्डिङ प्रतियोगिताहरूमा भाग लिन थालेका नरेश अहिले ३२ वर्षका भए । उनले मिस्टर हिमालय, मिस्टर उपत्यका श्री, मिस्टर काठमाडौं, सुपर हेभीवेट (८ औं राष्ट्रिय खेलकुदमा) जस्ता प्रतियोगिताहरूमा स्वर्ण पदक जितिसकेका छन् । अर्को वर्ष उनी एसियन बडीबिल्डिङ प्रतियोगितामा सहभागी हुने योजनामा छन् । आफ्नो शरीरलाई व्यवस्थित बनाउन उनी प्रत्येक दिन २ घण्टा जिम गर्छन् भने साइकिलिङ, वाकिङ तथा ट्रेडमिलमा पनि उत्तिकै सक्रिय हुन्छन् । ९५ किलोका नरेशको पाखुरा १८ इन्च, तिघ्रा २६ इन्च, छाती ४६ इन्च, कम्मर ३२ इन्च तथा उचाइ ५ फिट १० इन्च छ । शरीर नै आफ्नो पहिचान भएका कारण शरीरलाई आफूले निकै ध्यान दिने मालाकार बताउँछन् । नरेश शरीरलाई तन्दुरुस्त एवं फुर्तिलो राख्न डाइटका रूपमा चिल्लोरहित खानेकुरा, फलफूल, चिकेन, बफ, अण्डा, चना, मल्टी भिटामिन, सप्लिमेन्ट्री तथा प्रोटिनयुक्त खाद्यपदार्थलाई प्राथमिकतामा राख्छन् । खानेकुरामा अफ सिजनमा महिनाको ४० हजार तथा गेम भएका बेला १ लाखसम्म खर्च हुने मालाकार बताउँछन् । शरीर र सामाजिक पहिचानकै कारण उनी साइटेक न्युट्रिस्नको ब्रान्ड एम्बेसडरसमेत भएका छन् । मालाकारले काठमाडौंको ढल्कुमा न्यू फ्रेस एन्ड फिटनेस ट्रेनिङ सेन्टर तथा प्रोटिन [illegible]स न्युट्रिसन स्टोर पनि सञ्चालन गर्दै आएका छन् ।

## मल्लिका शाक्य

२९ वर्षीया बडीबिल्डर मल्लिका शाक्य शारीरिक सुगठन (मोडल फिजिक) मा अन्तर्राष्ट्रिय स्वर्ण पदक जिताउने नेपालकै पहिलो महिला खेलाडी हुन् । उनी गत साता काठमाडौंमा सम्पन्न १२ औं दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपकी स्वर्ण पदक विजेता हुन् । मल्लिका यसअघि मिस्टर हिमालयन बडीबिल्डिङ प्रतियोगितामा चौथो भएकी थिइन् । अहिले बडीबिल्डरका रूपमा चिनिएकी मल्लिका दुई वर्षअघिसम्म म्यानपावर कम्पनीमा काम गर्थिन् । उनी अब एसियन बडीबिल्डिङ तथा एसिया प्यासिफिक प्रतियोगिताको तयारीमा जुट्ने कुरा बताउँछिन् । मल्लिकाले ०७२ सालको भूकम्पपछि खाने-बस्ने कामले मोटाएकाले तौल घटाउन फिटनेस सेन्टर ज्वाइन गरेकी थिइन् । यद्यपि उनी त्यहाँ तौल घटाउनभन्दा पनि कार्डियो कोर्स गरेर शरीर बनाउन तर्फ लागिन् । अन्ततः उनले चार वर्षमै अन्तर्राष्ट्रिय स्तरको स्वर्ण पदक जितिन् । छोटो समयमै यो स्थानसम्म आउनुको रहस्य आफ्नो मेहनत र इच्छाशक्ति भएको शाक्य बताउँछिन् । मल्लिका अहिले कार्डियो ट्रेनरका रूपमा समेत सक्रिय छिन् ।

जाँदा-जाँदै

# मेरा केही गोप्य कुरा छन्

गायन तथा मोडलिङमा सक्रिय छन्- दुर्गेश थापा । उनले केही दिन अघि सार्वजनिक गरेको तीज गीत हामी पनि नाच्नुपर्छ बीच-बीचमाले यतिबेला चर्चा पाइरहेको छ । यो गीतमा थापाकै शब्द, संगीत, स्वर तथा अभिनय छ । गायनका साथै मोडलिङमा समेत व्यस्त थापासँग साप्ताहिककर्मी **महेश तिमल्सिना**को जम्काभेट :

**हिजोआज कतातिर व्यस्त हुनुहुन्छ ?**
गायन, मोडलिङका साथै स्टेज कार्यक्रम तिरै व्यस्त छु ।

**हामी पनि नाच्नुपर्छ तीज गीत हिट भैरहेको छ, यतिबेला कस्तो प्रतिक्रिया आइरहेको छ ?**
यो मौलिक गीत हो । त्यसलाई अलि-अलि तोडमोड गरेर बाजाहरूमात्र परिवर्तन गरेको हुँ । त्यसैले धेरैजसोले तीज 'रकिङ सङ' बनाएर फरक काम गर्नुभएछ भन्नुभएको छ । जे होस् देश-विदेशबाट राम्रै प्रतिक्रिया आइरहेको छ ।

**तीज गीतलाई दुर्गेशले रक बनायो भन्ने आरोप पनि त छ नि ?**
सधैं मादल र मुरलीमा मात्र कति नाच्नु ? अलिकति फरक गर्नुपर्‍यो भनेर नयाँ स्वाद दिने प्रयास गरेको हुँ । यसमा मैले मौलिक शब्दहरू नै राखेको छु अलिकति बाजामात्र परिवर्तन भएको हो । अब यस्ता कुरामा आरोप लगाउने त शत्रुहरूले हो । अहिले यो आरोप पनि मेरो रिस गर्नेहरूले नै लगाएका हुन् । आफूले नयाँ काम गर्दै जाने हो । मैले अरू भन्दा फरक काम गरेँ र त बजारमा राम्रो छाप पार्न सकें ! यदि मैले नराम्रो काम गरेको थिएँ भने यो गीत नचल्नु पर्ने थियो नि ।

**यो गीत यति धेरै हिट होला भन्ने लागेको थियो ?**
मेरा धेरैजसो गीत अलि फरक नै हुन्छन् । त्यसैले राम्रो हुन्छ भन्ने त लागेको थियो । तैपनि यो गीत सार्वजनिक गर्नुभन्दा पहिले केही विवाद आउला कि भन्ने सोचेको थिएँ, तैपनि सबैबाट राम्रो प्रतिक्रिया पाइरहेको छु ।

**यसअघि तपाईंले तीज गीत गाउनुभएको छैन, यसपालि चाहिँ कसरी तीज गीत गाउने सोँच आयो ?**
तीज गीतमा सधैं मुरली र मादलमात्र बजिरहेको हुन्छ । यसपालि चाहिँ अरूको भन्दा अलि फरक खालको तीज गीत बनाउँछु भन्ने सोंच थियो । त्यही अनुसार एरेन्ज गरें, शब्द लेखें, अनि रक पारामा गाएँ ।

**गीत तयार पार्न कति समय लाग्यो ?**
मैले यो गीतको शब्द आधा घन्टामै लेखेको हुँ भने समग्र गीत तयार हुन एक साता लागेको थियो ।

**यो गीतको भिडियो कहाँ छायांकन गरिएको हो ?**
चोभारमा ।

**लगानी कति भयो ?**
डेढ लाख जति भयो होला ।

**आफ्नै युट्युब च्यानलबाट अपलोड गर्नुभएको छ डलर त राम्रै झर्‍या होला नि ?**
गीत राम्रै गैरहेको छ । डलर पनि राम्रै झर्‍या होला तर, कति झर्‍यो हेर्न पाएको छैन ।

**खासमा तीज गीत त गायिकाहरूले नै गाएको राम्रो हो नि होइन ?**
समय परिवर्तनसँगै अहिले गायकहरूले पनि तीज गीत गाइरहेका छन् । यो सामान्य भैसकेको छ ।

**गायनका साथै मोडलिङमा पनि व्यस्त हुनुहुन्छ, समय व्यवस्थापन कसरी गर्नुहुन्छ ?**
एकताका म मोडलिङमा निकै व्यस्त थिएँ, तर अहिले गीत छनोट गरेरमात्र अभिनय गर्छु । मलाई यतिबेला क्वान्टिटीभन्दा पनि क्वालिटीको आवश्यकता छ । त्यसैले समय व्यवस्थापन गर्न त्यति गाह्रो छैन ।

**ह्यान्डसम हुनुहुन्छ, प्रेम प्रस्ताव त खुब आउला नि ?**
मन पराउनेहरू हुनुहुन्छ, तर प्रेम प्रस्ताव राख्ने र स्वीकार गर्ने बेला भैसकेको छैन जस्तो लाग्छ । मेरा केही गोप्य कुरा छन् । ती कुरा पूरा भएपछि मात्र प्रेम सम्बन्धमा बस्छु, अहिले त म सिंगल छु ।

**कतिपयले त दुर्गेश प्ले ब्वाइ हो भन्छन् नि त ?**
म धेरै मानिसहरूसँग काम गर्छु । नयाँ-नयाँ युवतीहरूलाई म्युजिक इन्डस्ट्रीमा ल्याइरहेको हुन्छु । त्यसैले पनि होला यस्ता कुरा आएको । अब हामी नेपालीहरूको स्वभाव नै यस्तै छ । कुनै एउटी मोडलसँग केही म्युजिक भिडियोमा सँगै काम गर्ने बित्तिकै आरोप त लगाइहाल्छन् । यो कुरा कसले कसरी सोंच्छ भन्नेमा पनि भर पर्छ ।

**विवाह गर्ने बेला भयो जस्तो लाग्दैन ?**
मेरा केही काम पूरा गर्न बाँकी छन् । ती पूरा भैसकेपछि मात्र विवाहका बारेमा सोच्ने छु ।






## मिस्टर टिन ग्लोब इन्टरनेसनल

मलेसियामा सम्पन्न मिस्टर टिन ग्लोब इन्टरनेसनल प्याजेन्टमा नेपालका सहभागी राज रिसालले मिस्टर टिन ग्लोब इन्टरनेसनल एम्बेसडर-२०१९ को उपाधि जितेका छन् । प्रतियोगितामा राज टप फाइभसम्म पुग्न सफल भएका थिए । उक्त प्रतियोगितामा मिस्टर टिन ग्लोब इन्टरनेसनल-२०१९ मुख्य उपाधि भने भारतका अनमोल शर्माले जितेका थिए । प्रतियोगिता गत जुलाई २८ मा मलेसियाको कोटा किनाबालुस्थित साङ्ग्रिला टानजुङ आरू होटलमा सम्पन्न भएको थियो ।






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **स्वस्तिका सिरोहिया,** प्रधान सम्पादक : **सुवास ढकाल ।**